उपासना

वर्ष १ अङ्क १



कथा, कविता, समीक्षा, विचार प्रधान

विविध सामग्री

२०/-

उपासना

(साहित्यिक सांस्कृतिक)

वर्ष १, अङ्क १, २०५० । द. नं. ५३/०४९ काठमाडौं

प्रधान सपादक तथा प्रकाशक

डा. माधव भट्टराई

संपादक मण्डल

श्रीमती सुषमा मुडभरी
रमेशजङ्ग सिजापति "आश्रित"
नवीन काफ्ले

आवरण

दण्डपाणि उपाध्याय

विशेष सहयोगी

डा. रणवहादुर थापा
सीताराम मुडभरी
गम्भीर वहादुर हाडा
श्रीमती कान्ता भट्टराई

कार्यालय:- पो. ब. १७१६ काठमाडौं
सांनो ठिमी ७/५० फोन ६१२१३८

आस्था र अभिव्यक्ति

सडकहरू साँघुरिँदै छन् । वायुमण्डल दूषित धुवाँले ढाकिएको छ । सफा-पानी पाईदैन । मानिसहरू ओहोर-दोहोर गरिरहेका छन् । हिंसा, हत्या, बलात्कार, दुर्घटना, शोषण, दमन का कहालीलाग्दा खबरहरूले अखबारका पाना पोतिएका छन् । चारैतिर सन्त्रास, वरिपरि कोलाहल ।

मानिसहरू चिच्याइरहेछन् । मानिसहरू रोइरहेछन् । मानिसहरू हेरिरहेछन् । मानिसहरू सुनिरहेछन् । तर उनीहरूलाई त्यो सुन्ने फुर्सद छैन । यो शहर पनि जङ्गल जस्तो छ । जङ्गल पनि शहर जस्तो छ ।

आजको मानिस आफ्नै आफ्नै लागि मात्र दौडिरहेको छ । मिनेट-मिनेट र सेकेण्ड-सेकेण्ड उसको आँखा अगाडि नाचिरहेको छ । अर्काको बारे सोच्ने, सम्झने र सुन्ने उसलाई कत्ति फुर्सद छैन । सारांशमा आजको मान्छे यन्त्रवत् भइसक्यो, मेसिनको एउटा अङ्ग, एउटा हिस्सा । न उसमा केही हृदय छ, न उसमा केही मुटु छ, न उसमा केही स्वस्फूर्त स्पन्दन । साँच्चै भन्ने हो भने आज मानवीय चेतना नै धरतीमा लम्पसार परिरहेको छ ।

एउटा जमाना थियो । मानिसहरू भन्थे - 'वसुधैव कुटुम्बकम्' । उनीहरू जम्मा हुन्थे । हृदय साटासाट गर्थे । एउटाको अन्तर्ध्वनि अर्काको अन्तस्तल सम्म गुञ्जित हुन्थ्यो । त्यहाँबाट एउटा कविता निस्कन्थ्यो, एउटा गीत गुन्जन्थ्यो । भावना र कल्पनाको एउटा सुन्दर सृष्टि निर्माण हुन्थ्यो । फेरि उनीहरू गुनगुनाउँथे :

कान् पृच्छाम सुरा : स्वर्गे निवसन्ति वय भुवि ।
किंवा काव्यरसः स्वादु:किंवा स्वादीयसी सुधा ?

वास्तवमा कविता स्वादिलो हुन्छ कि अमृत ? पारखीले मात्र छुट्याउन सक्छ । तर साहित्य र संस्कृति माथि आस्था राख्नु मानवको स्वभाव हो । त्यो आस्था प्रकट गर्नु एउटा चरित्र हो ।

नेपाली वाङ्मयको विशाल फाँटमा त्यान्द्रो मात्र अघि सार्नु अर्थहीन नै हुन्छ । तर धेरैवटा त्यान्द्रोबाट आफ्नै एउटा संगठन हुन्छ, बन्धन हुन्छ । यसको केही अर्थ नहोस्, भोलि यसको एउटा अर्थ हुन्छ । केही न केही गरिरहे केही न केही भइरहन्छ । अभावै अभाव, कमजोरी कमजोरी, बाध्यतै बाध्यताका बीच हामीहरू आज तपाईका परेलीनिर आइपुगेका छौं । हामी थाहा पाउँछौं - यसमा कुनै सार छैन । हामीलाई विश्वास छ-यसमा कुनै गुदी छैन । यति भएर पनि साहित्य, संस्कृति र जनताको आराधनामा जोसुकैलाई पनि एक थुङ्गा फूल चढाउने अधिकार छ । यसैको सानो अभिव्यक्ति, यसैको मूर्त परिणति हो - 'उपासना'।

—सम्पादक

अङ्कका सामग्री

कविता

श्यामदास वैष्णव	उसको परिचय	१
शिव अधिकारी	मूर्ति अपदोष	९
रमेशजङ्ग सिजापति 'आश्रित'	शहर पसेपछि	१६
ईश्वरवल्लभ	प्रक्रिया	२१
श्रीपुरुष ढकाल	गीत	३०
कलानिधि दाहाल	हताश नयन तियानमेन	३५
तीर्थराज अधिकारी	योद्धा आऊ	४२
सुरेश चन्द्र राई	आव्हान	४३
मोहन कोइराला	मानवको उचाइ	४६
नवीन काफ्ले	शिकार	४७
जयराज रेग्मी	विजय हुनेछ	४८
माधवप्रसाद अधिकारी	वीर सेनानीको स्मृतिमा	५१
डा. भूपहरि पौडेल	आस्थाहरू छन्	६०
दिनेश सिजापति	प्रजातन्त्र र युवा	६५

कथा

राजेन्द्र चोथाले	आँधीपछिको आँधी	३१
ललितजङ्ग सिजापति	सम्राट् रन्तिदेव (पौराणिक कथा)	४४
विष्णु "आभूषण"	मृत्यु-गन्ध	७१

समीक्षा

राम पौडेल	पूर्ववर्ती कथाकारहरूका	२
शिव रेग्मी	पाल्पाली कवि छविलाल नेपाल	३८
ध्रुव भट्टराई	वसाइंका मोटे कार्की र रिकुटे	७६

लेख-निवन्ध

चेतोनाथ शर्मा आचार्य	मन्दिर, मूर्ति र उपासना विधि	१२
रमा पाण्डे शर्मा (पोडेल)	शक्ति संप्रदायमा कुमारी पूजन:	२२
प्रकाश दर्नाल	डोटी राज्यको दरबार:	४६

कुराकानी

घासु शशी	६७
तीर्थ शेरचन	८२

विविध

डा. काशीराज शर्मा सुवेदी	स्वस्थ जीवनको प्रमुख स्रोत:	५२
मुकुन्दशरण उपाध्याय	ई, इनी, इनले, इनको	५८
गम्भीर वहादुर हाडा	धूम्रपान: तथ्याङ्क र गतिविधि	६२
रमेश जङ्ग सिजापति "आश्रित"	कवि धरणीधर कोइराला पुरस्कार	७८

कविता

उसको परिचय

—श्यामदास 'वैष्णव'

ऊ घमंड गर्दैन
सबसित 'हेलमेल' गरी हिड्छ
ऊ अ. डेर बस्दैन
जताततै 'जिज्ञासु' भै बड्छ ।

के निरभिमानी हुनुमा
'आत्म—गौरव' छैन र ?

ऊ अरुहरुमा आफू पाउन खोज्छ !
सबको मनभित्र चिहाउन खोज्छ !
सबलाई 'आफ्नो बनाउन खोज्छ

के फैलिनमा—
'व्यापकता'— छैन र ?

ऊ आफूलाई बिर्सेर
सबलाई 'सम्झन' थाल्छ
बन्दोवस्त भएको देखी अर्काको
त्यसै त्यसै 'रमाउन' थाल्छ !
गीत खुशीको गाउन थाल्छ !

के पर—हितमा
'आनन्द' हुँदैन र ?

जो जस्तोलाई भेट्यो—
ऊ 'स्नेह' गर्न थाल्छ !
बिर्सी आफ्नो सुख—दुःख
अर्काको 'सुख दुःखलाई' अँगाल्छ ?

'आफू' अरूमा हुनसके समाहित
हुँदैनन् र 'अरू'— आफूमा समाहित ?'
भन्ने, भाव ऊ मनमा पाल्छ !

के अरू हुन सक्नुमा
'निजत्व' हुँदैन र ?
आफू सबै हुन सकेदेखि
सब 'आफूमा' हुन सक्तैन र ?

पूर्ववर्ती कथाकारहरूका सापेक्षतामा गोविन्द गोठालेको स्थान

–राम पौडेल

नेपाली कथामा आधुनिक प्रवृत्तिको उदय शारदा पत्रिका (१९९१) को प्रकाशनपछि नै भएको हो। आधुनिक कथाको शुरुवात गर्ने पहिलो श्रेय गुरुप्रसाद मैनालीलाई दिन सकिन्छ। हिन्दीका प्रसिद्ध साहित्यकार प्रेमचन्द-द्वारा प्रभावित कथाकार मैनालीले १९८६ देखि नै कथा लेख्न थाले पनि 'शारदा' को प्रकाशनपछि मात्र उनका कथाहरू प्रकाशमा आउन थालेका हुन्। 'नासो' (१९९२) जस्तो सामाजिक पात्र भएको कथाले उनलाई आधुनिक कथाका आरम्भकर्ता बनायो। सरल र झर्रा नेपाली शब्द एवं उखान–टुक्काको प्रयोगले उनका कथाहरू नेपालीले आत्मसात् गर्ने खालका भएका हुन्। उनका छिमेकी (१९९३), परालको आगो (१९९५), विदा (१९९५), शहिद (२००८), प्रत्यागमन (२०१०) पछि नासो कथा-संग्रहमा प्रकाशित भएका हुन्।

बहुमुखी प्रतिभाका धनी साहित्यकार बालकृष्ण समले नाट्य साहित्यलाई नै आफ्नो क्षेत्र बनाएका भए पनि निबन्ध, गद्यकविता र उनको अतिशय प्रिय अनुष्टुप् छन्दलाई छोडेर सफल कथाकारिताको परिचय पनि दिएका छन्।

विश्व प्रसिद्ध कथाकार मोपासालाई आदर्श मान्ने समले अरू विधामा झैं अपेक्षित रूपमा प्रशस्त कथाहरू त लेखेका छैनन् तर जति लेखेका छन् ती अत्यन्त रोचक र प्रभावोत्पादक छन्। बालकृष्ण समका कथामा विशेष उपलब्धिपूर्ण कुरा हो साधारणभन्दा साधारण पात्रहरूको चरित्र-चित्रण। समाजका शोषित, पीडित, असम्पन्न पात्रहरू र शोषित एवं सामान्य नारीवर्गको चरित्रचित्रण र मैनालीभन्दा विशेष प्रभावकारी, परिमार्जित भाषाको प्रयोगले नै सम अलगिएका हुन्। परिष्कृत भाषाको प्रयोगका साथै पात्रहरूको जीवनप्रति विशेष आकृष्ट भई उनीहरूका मनोदशाको विशिष्ट चित्रण गर्दै आफ्नो दर्शनलाई पनि कुनै न कुनै रूपमा दर्शाउनु र तलतल जस्ता

शीलकथाद्वारा कथामा अभाव अनुभव गरिएका मनोवैज्ञानिक पक्षमा शिलान्यास गर्नु समको अर्को उल्लेखनीय पक्ष हो। तलतल (१९९३) उत्कृष्ट बालकथा मात्र नभएर बालकहरूको व्यवहार र उनीहरूको मनोदशालाई केलाएर मनोवृत्तिको उद्घाटन गर्ने सशक्त कथा हो भने खुकुरी यथार्थ जीवन दर्शन र मानिसका अवचेतन मनद्वारा अभिप्रेरित क्रियाकलापहरूको गहन चित्रण गरिएको मनोसंश्लेषणात्मक उत्कृष्ट कथा हो।

महाकवि लक्ष्मीप्रसाद देवकोटाले पनि शारदाको प्रकाशनसंगै कविताहरू लेख्न थालेका हुन्। जीवन कालमा कविता र काव्य नै उनका साध्य र महत्तम प्राप्तिका विषय भए पनि नाटक र उपन्यास अछुता विषय रहेनन्। निबन्धमा लक्ष्मी–निबन्धसंग्रहले उनलाई निबन्धकारको उन्नत आसनमा राख्छ भने कथातर्फ लक्ष्मी कथा संग्रह प्रकाशित छ। 'शारदा' मा प्रकाशित उनको 'मने' (१९९६) र तारा (२०००) बालकथाले बाल मनोविज्ञानको गहिरो विश्लेषण गरेको देखिन्छ। युगवाणी र अन्यत्र छापिएका विभिन्न कथाहरू कथा विधाको रूपमा उत्कृष्ट प्रतीत हुँदैनन्। कथाको सम्बन्धमा 'छोटो किस्सा एउटा सानो झ्याल हो जसबाट सानो संसार नियाल्इन्छ' भन्ने परिभाषा अनुरूप उनका कथाहरू छन् तर बढी काव्यात्मकताको चापले ग्रस्त छन्। २००४–५ को बनारस प्रवास कालमा लेखिएका कथाहरू स्थिर चित्तवृत्तिमा नलेखिएका र तत्कालीन क्रूर शासनको पर्दाफास गर्ने र क्रान्तिकारी विचारका हुनाले त्यति उल्लेख्य छैनन्। अतिशय कल्पनाको संसारमा उद्दाम वेगमा पखेटा चाल्ने देवकोटा कथामा आदर्शवादको स्थापना गर्न चाहन्छन्। संयमित भएर कथातर्फ अभिमुख भैरहनु उनलाई कष्टसाध्य भएर नै होला यसतर्फ सफलता प्राप्त गर्न सकेका छैनन्।

नेपाली कथामा यौनवादलाई प्रवेश गराउने कथाकार विश्वेश्वरप्रसाद कोइराला हिन्दी, अंग्रेजी र विभिन्न समसामयिक भाषामा लेखिएका सबै प्रसिद्ध कथाहरूसंग परिचित थिए। तापनि विश्वप्रसिद्ध कथाकार चेखवका कथासंग उनका कथाहरू तुलना गर्न योग्य छन्। यिनको चन्द्रवदन कथा सर्वप्रथम १९९२ मा शारदामा प्रकाशित भएको हो। पछि १९९५ मा कथा कुसुममा उनका कथाहरू छापिए। सूर्यविक्रम ज्ञवालीको प्रेरणाले यिनले धेरै कथाहरू लेखे। १९९६ र १९९७ मा उनका प्रेम, दुलही र द्वन्द्वप्रेम शारदामा प्रकाशित भए भने १९९८ तिर दार्जिलिङबाट प्रकाशित हुने ''खोजी'' मा मधेसतिर कथा छापिएको हो। उनको आफ्नो रुचिको क्षेत्र कथा नभएर राजनीति थियो। कथालाई प्रथमतः मनोरञ्जनको रूपमा लिने कोइरालाबाट मनोविज्ञानमा आधारित कथाहरू लेखिए। सामाजिक यथार्थवादी र बहुपात्र संयोजित कथाहरूबाट केही माथि उठी पात्रको अवस्था–

विशेषको चित्रण यौन मनोविज्ञानमा आधारित भएर फ्रायडीय सिद्धान्तको आडमा व्यक्तिका सम्पूर्ण व्यवहार र क्रियाकलापमा यौन नै समुत्प्रेरक तत्त्व हो भन्ने कुरालाई उनले देखाउन खोजेका छन् । बाहिरी आँखाले हेर्दा सुखी र सम्पन्न देखिने आभिजात्य वर्गीय चरित्रलाई यौनतृष्णाले कतिसम्म असर पार्न सक्दो रहेछ भन्ने कुरा 'कर्णेलको घोडा' र आत सामान्य पात्रहरूमा पनि समान रूपमा रतिजन्य सुख परिपूर्तिको आकांक्षा कति तीव्र हुँदो रहेछ भन्ने कुरा 'मधेशतिर' कथाले देखाउन खोजेको छ । मानिसका अचेतन, अवचेतन र अर्धचेतन प्रकृतिको सहज र स्वाभाविक रूपमा विश्लेषण गर्दै अहिलेसम्मका कथाकारहरूलाई दुर्गम लागेको मनोलोकमा सरलतासाथ विचरण गराउने र मानिसका चित्तवृत्तिलाई हलुङ्गो पारासंग कुतकुती पैदा गराउने प्रवृत्ति कथाकार कोइरालामा छ । कोइरालाभन्दा पूर्वका कथाकारहरू साधारणभन्दा साधारण सामाजिक परिवेश भएका लामा कथानकयुक्त बहुपात्रको गार्हस्थ्य जीवन र तिनुका प्रेमसम्बन्धी कथामा सीमित देखिन्छन् भने मनः शास्त्रको सहायताद्वारा तद्विपक शुरूवात र पात्रहरूका जटिल मानसिक समस्यालाई उठाई उनीहरूका सम्पूर्ण क्रियाकलापहरू यौनप्रेरित हुन्छन् अथवा कामको संरक्षक आर्थिक तत्त्व नै त्यस क्रिया व्यापारमा अदृश्य रूपमा सञ्चालक भै सन्निवेष्टित हुन्छ भन्ने कुरालाई कोइरालाले नै देखाउन खोजेका छन् ।

वि. सं. १९९५ पछि नै नेपाली कथाले नयाँ मोड लिन थालेको हो भने सस्ता र बहुपात्रयुक्त लामा–लामा कथाहरूलाई छाडेर युगसापेक्ष लघु कथानकयुक्त मनोविज्ञानको आधारमा कथाहरूको लेखन शुरू हुन्छ । दर्शनको आधिक्य र मनोविज्ञानतर्फ यत्किञ्चित् दृष्टिपात गर्ने बालकृष्ण समपछि कथाकार विश्वेश्वरप्रसाद कोइराला यस क्षेत्रका प्रवर्तक हुन् भने संगै संगै जस्तो कथा लेखन शुरू गरी मनोविश्लेषणपरक कथाहरूमा सर्वाधिक सफलता प्राप्त गर्ने कथाकार हुन् भवानी भिक्षु । सामाजिक, दाम्पत्य जीवन सम्बन्धित र रतिराग केन्द्रित कथाहरूको विशाल फाँटमा पाइला राखे पनि मनोविश्लेषण र रतिरागजनित कथा क्षेत्रले भिक्षुलाई पुनः कहिल्यै पराजित हुनु नपर्ने बनाएको छ । यसतर्फ उनलाई जित्ने वा शैलीको अनुसरण गर्ने कथाकार कोही भएनन् । शारदाको सम्पादनसगै 'त्यही सातदिन' त्यो फेरि फर्कला ?' 'गुनकेसरी' आदि र क्रान्ति उत्तर युगमा प्रकाशित 'नयाँ इतिहासको प्रारम्भ' (२००८), वन्दना (२०१३), मैयाँ साहेब (२०१४), हारजीत (२०१५), माउ जङ्गबाबुसाहेबको कोट (२०१६), सावित्रीको बाखो (२०१८) र मीना (२०२१) आदि उत्कृष्ट कथाहरू उनबाट लेखिए । शारदाको प्रकाशनसंगै लेखन थालेका कथाकार भिक्षु क्रान्ति उत्तर युगमा मात्र चम्किलो तारा झैं

फेरि उदाउनुले लेखन कौशलसंगै प्रतिभालाई पर्याप्त रूपले प्रस्फुटन गराउने समय भिक्षुले नपाएको देखिन्छ, किनकि १९९१ मा नै उनको 'मानव' पहिलो कथा प्रकाशित भै सकेको थियो तापनि प्रजातन्त्रोत्तरकालमा प्रकाशित कथाले भिक्षुलाई प्रसिद्धिको शिखरमा प्रतिष्ठापित गरे। आफ्नो उत्तरार्धमा लेखिएका 'हारजीत' जस्ता सामाजिक कथाहरू र मनोविश्लेषणपरक कथाहरू पनि अनुपम नै छन्।

कथाकार विश्वेश्वरप्रसाद कोइराला पाठकले थाहा नै नपाउने किसिमले आफूले भन्न खोजेको कुरा कथाभित्र घुसाउँछन् र अभीष्ट दमित कामेच्छा, तज्जन्य विकृति र सामाजिक–आर्थिक विपन्नताको कारण समेत इङ्गित गर्न पुग्छन् भने कथाकार 'भिक्षु' घोषित रूपमा रतिरागजन्य पीडा, विकृति र प्रेमालाप अनि तज्जन्य मनःस्थितिको गहिरो व्याख्या गर्दै मान्छेको मनभित्र भएका अनन्त विचार, भाव र इच्छा–आकांक्षाको साथै दुर्दम्य कामवासनालाई पुनः विचार गरी शब्दहरू तौलेर कमनीय, काव्यमय भाषामा विश्लेषण गर्दछन्। यस उपक्रममा उनी यति टाढा पुग्छन् कि आफ्ना यस धाराका सहयात्रीहरूलाई बेसी नै छाडी आफू लेकको कुहिरोभित्र म नयाँ नयाँ वाटाहरू खोज्दै छु भने झैं मार्गगवेषक बन्न पुग्छन् र पछिकाले उकालो चढ्ने प्रयास नगरेकाले आफू संधै एकाकी पर्दछन्। प्रेमकथा फुकाउन र मनोलोकको विचरण गर्न उनी सभ्य भाषाको प्रयोग गर्दछन् र त्यसको कारण पाठकहरूलाई समेत उनले भन्न खोजेको कुरा दुरूह हुन जान्छ। अप्रचलित जस्ता लाग्ने समुचित शब्द जालमा पाठकहरू अलमलिए पनि मनोरम र साधित शब्दशैय्याले भिक्षुका कथा निरसिला चाहिं लाग्दैनन्। गहन, गम्भीर मनोभावको अवस्थितिलाई जान्न समुत्सुकहरूका लागि भिक्षुका कथा मनोहर छन्। सामाजिक पात्र भएका कथाभन्दा व्यक्ति चरित्रको र त्यसमा पनि उसका मनोवृत्तिको चित्रण कथाकार भिक्षु र विश्वेश्वरमा समान छ भने भिक्षुमा दुरूह शैली र काव्यात्मक भाषाको प्रयोगका साथ मनोलोकको विशद विश्लेषण गर्ने प्रवृत्ति छ भने विश्वेश्वरमा सरल गद्यात्मक र सहगामी प्रकृतिमा चित्तवृत्तिमा हल्का र सुस्वादु स्पर्शमात्र।

कथामा मनोविश्लेषणको शुभारम्भ गर्ने श्रेय विश्वेश्वरलाई जान्छ भने सहयात्री भिक्षु यस धारालाई अङ्गीकार गरी उक्लिनेर शिखरमा पुग्ने चेष्टा गर्छन्। यस प्रसङ्गमा विश्वेश्वरप्रसाद कोइरालाको चन्द्रवदन (१९९२) र बालकृष्ण समको तलतल (१९९३) नै मनोविज्ञान सम्बन्धी कथाका बीज हुन् भन्नु अत्युक्ति नहोला।

रूसाजिव यथार्थ र आदर्शका पक्षपाती कथाकार गुरुप्रसाद मैनाली

मनोविश्लेषक बालकृष्ण सम, अपेक्षित रूपमा यौन मनोविश्लेषणको सशक्त शुरुवात गर्ने कथाकार विश्वेश्वरप्रसाद कोइराला र मनोविश्लेषण सम्बन्धी कथाको इतिहासमा एकाकी घोडदौड गरी उच्चता प्राप्त गर्ने कथाकार भिक्षुद्वारा साधित घुमिफिरि मोहनी लगाउन आउने यौनवृत्तिको सम्पूर्णतः परित्याग नगरी सामाजिक यथार्थवादिता र मनोविश्लेषणसम्बधी विधामा विश्वेश्वरप्रसादको शैलीका पक्षपाती उपर्युक्त तीन मूर्धन्य कथाकारको बीचमा नँलो आयामको शुरुवात गरी नेपाली साहित्यका महारथी बन्ने कथाकार हुन्– गोविन्दबहादुर मल्ल 'गोठाले' ।

कथाकार 'भिक्षुको' सम्पर्क र सिद्धिचरण श्रेष्ठको प्रेरणाले 'गोठाले'-ले कथा लेख्न थालेका हुन् । काठमाडौंली मध्यम वर्गीय परिवारको चरित्र–चित्रणमा नै बढी रङ्गमगिए पनि गुरुप्रसाद मैनाली जस्तै मात्र सामाजिक यथार्थवादी कथाकार भन्न यिनलाई उपयुक्त हुँदैन । मैनालीमा भन्दा पात्रहरूको चयनमा विविधता पाइन्छ । विभिन्न पात्रहरूको मानसिक गहिराइमा डुबी अभ्यन्तरका वैचित्र्यपूर्ण क्रियाकलापको यथेष्ट चित्रण गर्न सिपालु छन् 'गोठाले' । बालकृष्ण समका लेखाइसंग गोठाले सन्तुष्ट छन् तर समको दार्शनिकतापूर्ण चिरिच्याट्ट परेको परिमार्जित भाषा गोठालेलाई सुलभ छैन । नेपाली कथामा यौनवादको आरम्भ गर्ने कथाकार कोइरालाको रूढिवाद मुक्त मनोविज्ञानपरक कथाकारितावाट 'गोठाले' ऋणी त छन् , साथै उनको नयाँ क्षेत्र र मणिमा सूत्रवत् बाटो सुगम त मान्दछन् तर रतिरागको कारण मान्छेका सम्पूर्ण भावना, संवाद र क्रियाकलापमा पर्ने असरसंग सहमत हुँदाहुँदै पनि गोठालेका पात्रहरू कियत् सामाजिक हुनुको साथै रतिराग मात्रै मान्छेका मनभित्रको व्यवहारमा पर्याप्त छैन र समाजका बाहिरी तत्त्वहरू, जो व्यक्तिलाई प्रभावित पार्दछन्, तिनीहरूलाई समेत आफ्नो विषय बनाएकाले नेपाली साहित्यमा मनोविश्लेषण विषयमा कोइरालाको भन्दा अलग स्थान र परिचय दिन पुग्छन् गोठाले । कोइरालाले सूत्रपात गरेको रतिरागसम्बन्धी मधुरिमालाई अझै सशक्त रूपमा परिस्थिति अनुकूल अरू चिज सम्मिश्रण गर्न गोठाले बढी सिपालु देखिन्छन् । कलालाई मनोरञ्जनको साधन मान्ने 'कोइराला' र कला जीवनको लागि हो भन्ने गोठालेजीको कथाकारितालाई हेर्ने दृष्टि–भङ्गि नै अलग हुन गएको छ । क्रान्ति उत्तर युगमा कोइरालाले कथा लेख्ने मौका पाउँदैनन् भने गोठालेले ००७ सालपछि पनि विभिन्न सामाजिक र मनोविश्लेषणात्मक कथाहरू लेखी नेपाली कथा साहित्यमा उत्कृष्ट स्थान सुरक्षित गर्दछन् ।

विश्वप्रसिद्ध कथाकार मोपासांकै अनुरूप अवगुण्ठित मनो-

लोकको प्रकटीकरणमा कोइराला लागेका छन् भने प्रतीकवादी कथाकार चेखवको प्रभाव गोठालेमा देखिन्छ । कथाकार कोइराला कथा लेखनमा आफू असम्पृक्त रहन्छन् भने गोठाले कथाबाट आफूलाई निर्लिप्त गराउन सक्तैनन् मनका मसिना तारहरूलाई केलाउँदै कथामा आफ्नो भन्नु पर्ने कुरालाई आफू नदेखिएर नै प्रस्तुत गर्ने सिप विश्वेश्वरबाट गोठालेले लिन सकेको पाइँदैन । आफ्ना आदर्श र समसामयिक कथाकारहरूभन्दा पृथक् र विशिष्ट स्थान बनाउन गोठालेको पात्र चयनले अरू बढी महत्त्व गरेको छ । वास्तवमा कथाकार गोठालेका कथाका पात्रहरू अनेक प्रकारका छन्:- बालक, युवा, वृद्ध, सम्पन्न, विपन्न, शहरिया, गाउँले, आमा-छोरी, मालिक-नोकर, रण्डी, कुटनी र नेता आदि । यति व्यापक रूपमा पात्रहरूको चयन गरी कथाहरू लेख्ने गोठाले नै हुन् । क्रान्तिपछि यौन मनोविज्ञानको नाममा विभिन्न छाडा कथाहरू लेखिन्छन् भने गोठालेद्वारा मान्छेमा नैतिक चरित्रको ह्रासमा दुःख र आभिजात्य वर्गीय पात्रप्रति गहिरो सहानुभूति व्यक्त गरेको पाइन्छ । उनका कथा पनि मैनालीका जस्तै कुनै न कुनै रूपमा आदर्श स्थापनको सन्देश बोकेका हुन्छन् भने पात्रको माध्यमबाट उनले भन्न खोजेको कुरा पाठक वर्गले थाहा पाउँछन् ।

कथाकार गोठालेको अर्को उपार्जित र बहुसम्मान योग्य पक्ष हो बाल मनोविज्ञानमा आधारित कथाहरू । 'निद्रा आएन' (२००१) र लक्ष्मी-पूजा (२००१) उनका उत्कृष्ट बाल मनोविज्ञानमा आधारित कथाहरू हुन् भने 'त्यसको भाले' (१९९७) परमेश्वर छन् (१९९७) र 'महापाप'(२०००) कथाहरू पनि बाल मनोविज्ञानसम्बन्धी राम्रा कथाहरू हुन् । बाल मनोवृत्तिको विश्लेषण र निश्छल अवचेतन प्रेरित बाल-बालिकाको सूक्ष्म मनस्तात्त्विक केलाइमा गोठालेले विशिष्ट स्थान ओगटेका छन् । बाल-मनोवृत्तिका उत्प्रेरक तत्त्व के हुन् र तिनका आधार के हुन सक्छन् भन्ने विषयमा गोठालेले नितान्त अलग भै विशद चित्रण पनि गरेका छन् ।

वास्तवमा आदर्शोन्मुख यथार्थवादी कथाकार गुरुप्रसाद मैनालीको सामाजिक पात्रहरूको चरित्र-चित्रण गर्ने परिपाटीलाई र विश्वेश्वरप्रसाद कोइरालाको यौन विश्लेषण गर्ने धारालाई अझै सशक्त रूपमा अघि बढाई त्यसको परिपाक गर्ने श्रेय गोठालेलाई जान्छ । परिवेशले गर्दा ग्राम्य जीवन र निम्न वर्गको चित्रणमा आफू पछि परेको कुरालाई गोठालेले स्वीकारेका छन् भने उनका अभीष्ट पात्रहरू अझै बढी सजीव प्रतीत हुन्छन् । केन्द्रीय मनोवृत्तिको जगमा कामेच्छा नै कारक हो भन्ने कुरामा कथाकार विश्वेश्वरप्रसाद कोइराला थामिन्छन् भने त्यसभन्दा अझै अगाडि बढी कामोद्दीप्त गर्ने सञ्चारी

भाव र तत्सम्वन्धी कारकलाई केलाउन पुग्नु गोठालेको महत्तम उपलब्धि हो। यिनै दुई धारालाई समन्वयात्मक रूपमा अगाडि वढाई नयाँ आयाम थप्ने कथाकार हुन् – गोविन्दवहादुर मल्ल 'गोठाले'।

सन्दर्भ कृति–सूची

१) गोठाले, गोविन्द वहादुर, कथासंग्रह : काठमाण्डौं : भक्त–पुस्तक भण्डार, २००३ (पा. स. २०३२)

२) ,, ,, "कथैकथा" काटमाण्डौं : रायल नेपाल एकेडेमी, २०१६ (पा. सं. २०४२)

३) ,, ,, प्रेम र मृत्यु काटमाण्डौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान २०३९

४) जोशी, रत्नध्वज, नेपाली कथाको कथा, दो. सं. काठमाण्डौं: साझा प्रकाशन, २०३७

५) त्रिपाठी, वासुदेव, "विचरण" काठमाण्डौं : भानु प्रकाशन, २०२८

६) देवकोटा, लक्ष्मीप्रसाद, ' "लक्ष्मी कथा संग्रह" त. सं. काठ–माण्डौं : साझा प्रकाशन, २०२८

७) प्रधान, कृष्णचन्द्रसिंह (सम्पा.) "साझा समालोचना" ते. सं.-काठमाण्डौ : साझा प्रकाशन, २०४४

८) वराल, ईश्वर (सम्पा.) "झ्यालवाट" चौं. सं. काठमाण्डौं साझा-प्रकाशन, २०४३

९) शर्मा, तारानाथ, "नेपाली साहित्यको इतिहास" दो. सं. काठ–माण्डौ : संकल्प प्रकाशन २०३९।

१०) श्रेष्ठ, दयाराम, 'नेपाली साहित्यका केही पृष्ठ' ते. सं. काठमाडौं साझा प्रकाशन, २०४१।

११) सम, वालकृष्ण, 'तलतल', सम्पा. दयाराम श्रेष्ठ, काठमाडौं:साझा प्रकाशन, २०४७।

कविता

मूर्ति अपदोष

– शिव अधिकारी

लगाम हो व्यसन
र कवच परिधान
कवच,
कन्फ्यूसियसले भने झैं
जिन्दगी फुङ्ग छैन
जिन्दगी जराथ्रुष्टले भने झैं
अग्निस्फुलिङ्ग पनि हैन
ताओ वा बुद्धले भने झैं
आशौच वा अस्तु
केही पनि त हैन
मानिस परादेश निवेदित छ

पापाचरण पुस्तकमा
बयान भए सरह
एक्लो अकिञ्चन
हमेशा, सन्त्रासग्रस्त
शास्त्र दोष व्यञ्जित छ
देवत्वरूप
अतिमानवीयतादेखि
दमित, दंशित छ
ती सबै–
ताओ,
बुद्ध
कन्फ्यूसियस

जराभ्रष्ट
देउताका जासूसहरू हुन्
अमानुष, यिनले
दैवी सत्ता, दमन चलाएर मानिसमा
दिगन्त
आपात कीर्ति कमाएका छन्
मानिस त्यसैले
अनादि अश्रुपूर्ण छ
त्यसैले
कुण्ठा कामाशय निथाचूर्ण छ

कलापूर्ण कलश
कोलाहल भरपुर नोमी अस्त्र झैं
निवस्त्र संक्रमण
त्यसैले मानुषी
पृथ्वी–
मूर्ति झैं
ढलोटको,
पत्थरको र
माटोको अनुभूति म
तिमीलाई कहाँ खोजूँ !

सारांसमा
तिमी एक पृथक् तत्त्व हौ भनेर
पृथ्व मा
तिम्रो अंश, अनुस्वार
वा आकृति
म केलाई रोजूँ !
म हिंडे,
तिमीदेखि आजित भएर
प्रिय, तिमी मनलागी
जहाँसुकै भेटिनु, जेसुकै–
शब्द व्यञ्जित हुनू

अर्थ रञ्जित हुनू
र मदाकदा
अपगाल आइपरे आफूमा
आरोप ममा
मेरो थाप्लोमा थोपिन्
म नृतत्वको निदान हूँ
स्वाद हूँ, सम्वाद हूँ
केही फरक पर्दैन–
जस्तोसुकै वज्रवाण व्यहोर्नु परोस्
अचिन्त्य अपशोच
उकेर्नु परोस्
त्यो ममा
मेरो छातीमा घोपिदिनू ।
मूर्ति सर्वथा अपदोष मुक्त छोडिदिनू ।

नव वर्ष २०५० को उपलक्ष्यमा समस्त देशबासीको
सुख-समृद्धिको निमित्त मङ्गलमय कामना
गर्दछौं ।

फोहोर मैला प्रबन्ध तथा स्रोत परिचालन केन्द्र
टेकु, काठमाडौं

मन्दिर, मूर्ति र उपासना विधि

-चेतोनाथशर्मा आचार्य

सिद्धान्त रूपमा भन्दा ईश्वर स्वयंमा अचिन्त्य, अतर्क्य र निजी रूपको महिमाले मण्डित छ। तर त्यसो भए पनि बेला मौका ऊ अंश, अंशांश वा आवेश रूपमा प्रादुर्भाव भै लोककल्याणमा सहयोगी बन्छ भन्ने हिन्दु धर्मदर्शनको सिद्धान्त छ। सृष्टिको जो क्रम छ त्यस अनुसार मानुष सृष्टि सबभन्दा पछिल्लो हो। पहिलो सृष्टि दैव सृष्टि हो, जसका आठ भेद मानिएका छन्। तिनका नाम हुन् ब्राह्म, प्राजापत्य, ऐन्द्र, पैत्र, गान्धर्व, याक्ष, राक्षस र पैशाच। यद्यपि सृष्टि विस्तारबारे वैदिक, पौराणिक, दार्शनिक सबै नै ग्रन्थमा प्रकाश पारिएको छ, उल्लेख भएको छ तर पनि सांख्यदर्शनमा उल्लेखित सृष्टि विधान अपेक्षाकृत बढी प्रसिद्ध छ, किनभने अन्यत्र पनि लगभग यही विधि अपनाइएको छ।

दैव सृष्टिबारे वेदान्त दर्शनको मूल ब्रह्मसूत्रमा भनिएको छ–'तदुपर्यपि बादरायणः सम्भवात्' अर्थात् भूत सृष्टिभन्दा माथिको जो दैव सृष्टि छ त्यसको आश्रय गरेर, सहारा लिएर पनि व्यक्ति भगवान् साक्षात्कार गर्न सक्छ। यसबाट दैवी सृष्टिको अस्तित्व निर्विकल्प रूपमा स्वीकारिएको पाइन्छ। हुन पनि एक व्यक्तिले संसारमा जे जति जान्न र बुझ्न सक्छ त्यति नै वस्तुको इयत्ता हो, ज्ञानको सीमा हो भनेर सोच्नु ठीक पर्दैन। व्यक्ति आफ्नो भावना, साधना र श्रद्धा अनुसार देवतावाट लाभान्वित बन्न सक्छ। तर याद राख्नु पर्ने कुरा के छ भने देव र मनुष्य अलग श्रेणी र स्वभावका भएकाले यी दुवैको चरित्र योटै वा एकै किसिमको हुन सक्तैन। देव चरित्र श्रवणीय बढी र अनुकरणीय कम हुन्छ। त्यसैले महाभारतमा व्यास चेतावनी रूपमा भन्दछन्–''न देवचरितं चरेत्'' अर्थात् देव चरित्रको सर्वथा अनुकरण नगर्नु। उदाहरण अनेक हुन सक्छन्, जस्तो अष्टदिक्पाल मध्येका इन्द्रको, अग्निको, वरुणको चरित्र अनुकरण गर्न खोजेमा व्यक्तिको अस्तित्व नै नष्ट भएर लोप हुन सक्छ। किनभने व्यक्तिमा विद्यमान शक्ति र सामर्थ्यभन्दा यिनमा विद्यमान सामर्थ्य धेरै बढी हुन्छ।

व्यक्तिले कतै वा कुनैबाट अभीष्ट सिद्ध गर्नु छ, लाभ लिनु छ भने आफू समान र अझ त्यसभन्दा तलको व्यक्ति वा वस्तुको आश्रय गरेर त्यति लिन सक्दैन जति उच्च र विशिष्टको आराधना-उपासनाबाट लिन र प्राप्त गर्न सक्छ। त्यसैले दीप्ति वा तेज शक्ति एवं सामर्थ्यमा विशेषता राख्ने देवाराधनालाई व्यक्तिको जीवनमा एक आवश्यक अङ्ग मानिएको छ।

देवाराधनका विभिन्न विधि छन्। परम्परागत रूपका मन्दिर, मूर्ति, देवस्थल आदिमा गई दर्शन, स्पर्शन, पूजा आराधना गर्ने, अथवा सामर्थ्य हुनेले आफैं मन्दिर निर्माण गरी मूर्ति स्थापना गरेर शास्त्रीय विधिले प्राण प्रतिष्ठा सम्पन्न गरी पूजाआजा गर्ने, अर्को हो शिला वा धातु निर्मित मूर्तिलाई जगाई पूजा गर्ने, त्यो पनि नभए चित्र या तस्वीर अथवा धार्मिक पुस्तकमै सम्बद्ध देवदेवीको भावना गर्ने आदि।

देवाराधनको लागि तयार पारिने मूर्ति आठ किसिमका मानिएका छन् —शिला, काठ, धातु, बालुवा वा माटो, लेपन, लेखन, मणि वा मानसरूपमा। जहाँसम्म व्यक्तिगत रूपले घरमा पूजिने मूर्ति छन् ती के कस्ता परिमाणका हुनु पर्ने हो त्यसबारे भनिएको छ—

अङ्गुष्ठपर्वमानात् सा वितस्ति यावदेव तु।
गृहेषु प्रतिमा कार्या नाधिका शस्यते बुधैः॥

अर्थात् बूढी औंलाको आँखलादेखिन् लिएर एक बित्तासम्म परिमाण भएको प्रतिमा घरमा गरिने पूजाको लागि उपयुक्त हुन्छ, त्यसभन्दा ठूला वा अग्ला प्रतिमा विद्वान्हरूले प्रशस्त मानेका छैनन्। वस्तुतः प्रतिमा पूजनको लक्ष्य या उद्देश्य के? यस बारे स्पष्टीकरण गरिएको छ—

अर्चकस्य तपोयोगादर्चनस्यातिशायनात्।
आभिरूप्याच्च बिम्बानां देवः सान्निध्यमृच्छति॥

याने अर्चक या उपासकको शुद्धता, पवित्रता, कायिक, वाचिक, मानसिक तन्मयता, पञ्चोपचार, षोडशोपचार, राजोपचार, महाराजोपचार जस्ता विधिद्वारा पूजा, प्रतिमा या मूर्तिको सरूपता, सलक्षणता निर्दुष्टता, भावनाको प्रगाढता जस्ता कुराबाट देवताको सान्निध्य प्राप्त हुन्छ। हुन त अहिले प्रचलित प्रसिद्ध धर्ममध्ये मूर्ति पूजाको मान्यता नभएका धर्म र सम्प्रदाय पनि नभएका होइनन् तर त्यहाँ पनि सालिक स्थापना गरिन्छन्, फोटो खिचिन्छन्। त्यसरी स्थापित सालिक, फोटो, चित्र आदिमा स्नेह राखिन्छ, आस्था गरिन्छ अनि प्रतिमा या मूर्ति पूजिदैन भन्नु बिडम्बना मात्र हो। मूर्ति पूजा भन्नु पनि त्यस्तै आस्था र विश्वासलाई क्रियात्मक रूपले दर्शाउने एक

विधि हो, भावात्मक रूपले सान्निध्यमा रहने प्रक्रिया हो। त्यसैले हाम्रा धार्मिक एवं ऐतिहासिक ग्रन्थमा मन्दिर निर्माण, मूर्तिस्थापन आदि बारे बडो विस्तृत रूपमा चर्चा छ। त्यो चर्चा केवल चर्चा मात्र नभै अतीतकालदेखि जनस्तरमा कसरी उत्रेको थियो भन्ने कुराको प्रमाण हिमालयको काखबाट शुरू भएर सुदूर दक्षिणको कन्याकुमारीसम्म पॅगोडा, राजस्थानी, शिखर आदि शैलीमा बनेका असंख्य मन्दिर र तिनमा स्थापित मूर्तिहरूले सिद्ध गर्छन्। मन्दिरको निर्माण र मूर्ति या प्रतिमाको मान्यता आर्यावर्तमा मात्र सीमित नभएर उत्तरको चीन, पूर्वको जापान, दक्षिण-पूर्व एसियाका बहुसंख्यक देशमा पनि यो विधि व्यापक रूपमा रहेको पाइन्छ। त्यसो भए पनि आर्यावर्तमा स्थापित मन्दिर एवं मूर्तिको प्रतिष्ठा, पूजा एवं दर्शन-स्पर्शनमा केही विधि र केही मर्यादा छन् र हुन्छन्। उक्त रूपले मन्दिरको निर्माण प्रतिष्ठा एवं पूजाको फल के हो त भन्ने बारे भगवान्ले उद्धव गीतामा भन्नुभएको छ–

प्रतिष्ठया सार्वभौमं सद्मना भुवनत्रयम्।
प्रजादिना ब्रह्मलोकं त्रिभिर्मत्साम्यतामियात्॥

अर्थात् विधिपूर्वक मूर्तिको प्राण प्रतिष्ठा गर्ने गराउने व्यक्ति सार्वभौम सम्राट्को पद प्राप्त गर्न लायक हुन्छ भने मन्दिर निर्माण गर्ने तीनै लोकको स्वामी हुन लायक, प्रतिदिन पूजा अनि पर्व-उत्सव समेत गर्ने व्यक्ति ब्रह्मलोक प्राप्त गर्न लायक हुन्छ। बताइएका यी तिनै विधि गर्ने व्यक्ति मसित समता राख्ने हुन्छ, म समानै हुन्छ। यसबाट मन्दिर निर्माण, मूर्तिको प्रतिष्ठा अनि पूजा आराधनाको लक्ष्य के रहेछ भन्ने बुझ्न सकिन्छ।

जसरी कुनै आमा आफ्नो गर्भबाट पैदा भएको शिशुलाई स्वाभाविक स्नेह राख्छिन्, यो प्राणीमात्रमा प्रचलित सादा नियम हो। तर त्यस शिशुको लालन-पालन, स्याहार-सुसार जस्ता दैनन्दिन क्रियाबाट विद्यमान स्नेहको व्यावहारिक स्वरूप दर्शिन्छ। लालनपालन अनि स्याहार-सुसारबाट बढेको बालकमा बालसुलभ लीला देखिन थालेपछि त्यो स्नेह र ममता अझै बढ्छ। पूजा आराधनाको मूल लक्ष्य पनि त्यही हो।

देवाराधनका विधि अन्तर्गत दोलारोहण, रथारोहण जस्ता कुरा पनि पर्दछन् तर यसका लागि समय भने यौटै वा एकै किसिमको नभएर अलग र फरक पर्न सक्छन्। लक्ष्मी-नारायणको दोलारोहण चैत्र शुक्ल एकादशीमा बताइएको छ भने राधा-कृष्णको दोलारोहण या झूला श्रावण मासमा बताइएको छ। यसै गरी रथारोहणका लागि पनि अलग रूपमा समय निर्धारित छ।

दोलारोहण या रथारोहण अचल मूर्तिको नभएर चल मूर्तिको हुन्छ।

अचल मूर्तिको पनि त्यो विधि गर्न चाहेमा प्रतिनिधि रूपमा चल मूर्ति तयार गर्नु आवश्यक हुन्छ । देवदेवीको प्रसिद्धि, ठाउँ, बस्ती, आर्थिक स्थिति समेतलाई दृष्टिगत गरी रथारोहण भर्ना या रथयात्राको स्वरूप पनि न्यून, मध्यम वा उत्तम रूपको हुन्छ । भारतको उडिसा राज्य अन्तर्गत पुरीमा लाग्ने जगन्नाथको रथयात्रा अपेक्षाकृत ठूलो रथयात्रा हो । यस रथयात्रावारे ब्रह्मपुराणमा बडो विस्तारपूर्वक उल्लेख भएको छ ।

नेपालका बाक्ला बस्ती एवं प्रसिद्ध नगरमा स्थापित एवं पूजित देव-देवीको खट या रथयात्रा विभिन्न वेला र तिथि मितिमा हुने गरेको कुरा प्रसिद्ध छ । त्यस्ता यात्रामध्ये काठमाडौंमा चैत्र शुक्लमा लाग्ने श्वेत मत्स्येन्द्र र भाद्रशुक्लमा लाग्ने कुमारी, भैरव, गणेशका रथयात्रा प्रसिद्ध छन् । वैशाखमा लाग्ने भक्तपुरको खटयात्रा पनि आफ्नो रूपमा विशेष स्थान राख्तछ ।

रथयात्राको क्रममा भन्दा राजधानीको तेस्रो शहर ललितपुरमा लाग्ने रक्त मत्स्येन्द्र र मीननाथको रथयात्रा बढी महत्त्वको देखिन्छ । नेपाल अधिराज्यको संगठन परिचालनमा विशेष सहयोग पुऱ्याउने योगी गोरखनाथका पनि गुरुका रूपमा मत्स्येन्द्रनाथको प्रसिद्धि छ । वृष्टिमा सहयोग पुऱ्याउने कर्कोटक आदि नौ नागलाई गुफामा थुनेर गोरखनाथ तपस्यारत भैदिएकोले यहाँ बाह्र वर्षसम्म पानी नपरी अनिकालले हाहाकार मच्चियो । अनि राजा नरेन्द्रदेव र विद्वान् वन्धुदत्तले युक्तिपूर्वक कामरूपबाट मत्स्येन्द्रनाथलाई नेपाल भित्र्याई विराजमान गराएको र त्यसै वेलादेखि रथयात्रा चलाएको भन्ने ऐतिहासिकहरूको कथन छ । अन्नोत्पादनमा सहयोग पुऱ्याउने सहकालका देवता, करुणा वरुणालय, मत्स्येन्द्रनाथको रथयात्रा वैशाखमा शुरू हुन्छ ।

कविता

शहर पसेपछि

रमेशजङ्ग सिजापति "आश्रित"

नैतिकता, स्वाभिमान र धर्मको अन्त्य हुन्छ
यस ठाउँमा सबथोक हुन्छ देखावटी
लाग्छ यहाँका मान्छे हुन् कि रोबोट हुन् मान्छे बनावटी
रति दया-माया हुँदैन हुन्छ बरू सडकलाई
हुन्न बोल्ने देवहरूलाई
शहर पसेपछि
जान्छ मन गगनचुम्बी महलमा
पुग्छन् हेर्न वरू देवता कलिका सिनेमा हलमा
शहर पसेपछि हुन्छन् मान्छेहरू गाउँले पनि
हिलो पोखरीमा डुवेर निस्केको वेरूपी स्याल जस्ता
डराउँछन् सधैं वन पाखामा घाँस पात गोठाला जाँदा
लाप्पा खेलेका जीवजन्तुसँग कतै देख्दा
शहर पसेपछि
गाउँले नै डराउनुपर्छ
शहरबाट गाउँले फर्केपछि
ती पनि मान्छे नै हुन्
मान्छेको स्वरूप लिएका ज्यूँदा ब्याक जस्ता
हुन्छन् स्वभाव डरलाग्दा
शहर पसेपछि
यहाँ हुन्छ मान्छेले मान्छेलाई हरक्षण खाने प्रयत्न
सकिदैन गाउँले र शहर वासीलाई एकसाथ समेट्न
यस्तै विघ्न हुन्छ
आजकाल

शहर पसेपछि
जन्म दिने आमा बाबु हुन्छन् असभ्य
हाँक दिन्छन् तिनै हिजोका नव शिशु भेट्दा
मान्यजनलाई भव्य
शहर पसेपछि
भन्छन् सबै शहर पस्ने गाउँलेहरू गाउँ फर्कंदा
कहिले काहीं लिएर ख्याकको स्वरूप
आफूलाई देवता सम्झी कलिको
निमुखा सोझा सामु देखाउँछन् चुरीफुरी
शहर पसेपछि
शहर पस्नु पहिले के गर्नु पर्छ भनेर नसोच्नु होला
शहर पसेपछि कि पो गर्नु पर्दैन भनेर बरू सोच्नु होला
बाँच्न, हिड्न, बोल्न शहरमा सबथोक गर्नुपर्छ
स्वरूप मान्छेको भए पनि बाध्यताले दानव बन्नुपर्छ
कहिले काही आत्मरक्षा खातिर गल्लीको भुस्याहा कुकुर झैं
घुम्दै डुल्नुपर्छ
स्वार्थ पूर्ति र बाँच्नको निम्ति
शहर पसेपछि
नपस्नु होला नजानेरैं पनि
दाजु दिदी
नैतिकता स्वाभिमान र धर्मको अन्त्य हुन्छ
यहाँ मानव दानव हुन्छ
मान्छे भई जन्मनु नै यहाँ आएपछि अभिशाप हुन्छ
शहर पसेपछि ।

× ×

विचार

मर्दैछ बेकार मेरो साहित्यकार

–हरि मञ्जुश्री

मेरो प्यारो साहित्यकार !

तिमी साहित्कार हौ, र म हुँ तिम्रो पाठक । मलाई भन– के तिमी आत्मघाती भएर पिल्सिई-पिल्सिई बाँच्नको लागि नै साहित्यकार भएका हौ ? होइनौ भने कसको करकापले तिमी साहित्यकार बनेका हौ ? के तिम्रो कुनै अस्तित्व छैन ? के तिमीभित्र कुनै व्यक्ति छैन ? अथवा म तिमीलाई अर्कै प्रकारको व्यक्ति पो सम्झौं कि ? तिमीलाई दुनियाँको ठूलो आश्चर्य यो मानौं कि ?

तिमीले त कहीं पनि र कहिल्यै पनि भाडा तिरेर डेरा लिनु पर्दैन होला, आङ ढाक्ने गरी लुगा लगाउनु पनि पर्दैन होला र मुखमा माड हाल्ने जमर्को पनि गर्नु पर्दैन होला, होइन त ? अनि के तिमीले विवाह पनि गर्नुपर्छ ? सन्तान जन्माउनुपर्छ ? के तिमीलाई यौनसन्तुष्टि पनि चाहिन्छ ? तिमीले आफ्ना घरपरिवारको हेरविचार समेत गर्नुपर्छ ? के उनीहरूलाई पनि तिमीले खाने, लाउने, बस्ने, पढ्ने, मनोरञ्जन गर्ने, सांसारिक कार्य गर्ने आदिको व्यवस्था मिलाइदिनुपर्छ ?

यसो विचार गर्दा, तिमीलाई हेर्दा लाग्छ– तिमी अवश्य देश, समाज र परिवारबाट भिन्न छौ, तिमी मान्छे नभई मान्छे जस्तै अर्कै जीवित वस्तु हौ, मान्छेमा हुनुपर्ने गुण र व्यावहारिकताभन्दा तिमी धेरै पर छौ तर शून्य र चेतनामा व्याप्त छौ कहिल दृश्य र कहिले द्रष्टा भएर ।

तिमी मान्छे होइनौ भनौं भने तिमीलाई मैले घरमा अथवा डेरामा भेटेको छु । तिम्रा स्वास्नी–छोराछोरी छन्, तिमी उनीहरूलाई माया गर्छौ र उनीहरूबाट माया लिन्छौ । तिमीलाई पनि यौनसन्तुष्टिको आवश्यकता छ, केही नभए कल्पना गरेर भए पनि तिमी आफूले सकेसम्म हेरविचार गर्छौ र

आफ्ना प्रिय सन्तानका लागि आवश्यक सम्पूर्ण व्यवस्था मिलाइदिने प्रयास पनि गर्छौं ।

तिमी मान्छे नै हौ भन्ने लागेको कारण के पनि हो भने तिमी पनि हाम्रै समाजमा छौ र हाम्रै जस्तो व्यवहार गरेर जीवनको निर्वाह गर्छौं । तर म तिमीलाई सोध्छु– मान्छे नै हौ भने तिमी साहित्यकार कसरी भयौ र साहित्यकार नै भए तिमी हामी जस्तै मान्छे कसरी भयौ ?

तिमी साहित्यसर्जक भएर साहित्यको सिर्जना गर्छौ कि अरू कुनै काम गरेर आम्दानीको व्यवस्था गर्छौ ? तिमी कथा लेख्छौ कि घर बनाउँछौ अथवा डेराभाडा तिर्छौ ? तिमी गीत लेख्छौ कि लुगा र खानाको जोरजाम गर्नपट्टि लाग्छौ ? तिमी आफ्ना स्वास्नी–छोराछोरीको हेरविचार गर्छौ कि नाटक लेख्न थाल्छौ ? तिमीहरूबाट माया लिने प्रयास गर्छौ कि कविता लेख्छौ ? तिमी मान्छे होइनौ भने तिमी किन हाम्रो समाजमा बस्छौ र हाम्रै जस्तो व्यवहार गर्न खोज्छौ ?

हरे, तिम्रो स्थिति कति दयनीय छ साहित्यकार ! समयमा डेरा-भाडा तिर्न नसक्ता घरधनी आएर तिमीलाई प्रहरीको जिम्मा लगाउने धम्की दिन्छ, तिमी कथा लेखेर विद्रोह गर्न खोज्छौ । स्वास्नी–छोराछोरीको लागि उचित प्रबन्ध गर्न नसक्ता उनीहरू तिमीसँग गुनासो पोख्छन्, तिमीलाई त्यसै बेला कविता फुर्छ, र तिमी कविता लेखेर आफ्नो लाचारी ढाकछोप गर्न खोज्छौ । बूढाबूढी भइसकेका बाबुआमाको राम्रो स्याहारसुसार गर्न नसक्ता उनीहरू वेदना निकाल्न थाल्छन्, त्यसै बेला तिमी नाटक लेखेर आफ्नो पीडा भुल्ने प्रयास गर्छौ । अब भन– तिमी व्यवहार चलाउन असक्षम छौ कि व्यवहार तिमीलाई चलाउन असक्षम छ ?

गाडीमा चढेर कतै जानु पर्दा तिमीसँग गाडीभाडा हुँदैन, र भाडा तिरिदिने खालको कोही चिनिने मान्छे पो आइपुग्छ कि भनेर तिमी पर्खन थाल्यौ । चिया पिउन मन लागेको बेला परिचित व्यक्ति भेटियो भने तिमी भनिहाल्छौ– "चिया पिउन मन लागेको थियो, तपाईंसँग पैसा होला ?" अथवा कतै हिँड्दा तिमीलाई चुरोटको तलतलले सताउँछ, र तिमी कसैसँग सोध्छौ– "तपाईंसँग एक खिल्ली चुरोट छ होला ?" हो, आफ्ना बुताले ल्याउन नसक्ने अनेकौं किसिमका व्यावहारिक समस्याको समाधान गर्न नसकेर तिमी रन्थनिन्छौ र मानसिक पीडा अलिकति घट्छ कि भनेर भट्टीमा पस्छौ । भट्टीवाल्नी उधारो दिन मान्दिन । तिम्रो पुरुषत्वलाई हाँक दिएर ऊ तिमीलाई तथानाम गाली गर्न थाल्छे । तिमी शिर झुकाएर सहन्छौ र भट्टीबाट निस्केर आफ्नो

वासस्थानतिर लाग्छौ ।

तिमी आफू कति अपमान पिएर बाँचेको छु भन्ने कुरालाई त्यति महत्त्व दिँदैनौ । आफ्नो रचनाको प्रशंसा कसैले गरिदियो भने तिमी मक्ख परेर सबै दुःख बिर्सिन्छौ । गोष्ठीमा कविता पाठ गर्दा तिम्रो कविता सुनेर स्रोताहरू पररर ताली बजाउँछन्, तिमी त्यो ताली सुनेर आफ्नो पीडा र अपमान बिर्सिन्छौ । कतैबाट पुरस्कार पायौ भने त्यसलाई ठूलो उपलब्धि मानेर साहित्य–सिर्जनामा अझ तल्लीन बन्छौ । जुनसुकै पनि सुन्दर कुरामा तिमी मोहित हुन्छौ र सांसारिक सारा व्यवहारहरू बिर्सेर तिमी सुन्दरतामा एकात्म्य हुन खोज्छौ ।

अब म तिमीलाई विद्वान् भनौं कि मूर्ख ? अथवा हृदयहीन भनौं कि भावुक ? तिमीजस्ता मूर्ख व्यक्ति यो विशाल दुनियाँमा अरू कोही भएनन् र विद्वान् पनि भएनन् । यो दुनियाँमा तिमीजस्तो हृदयहीन व्यक्ति कोही छैन र तिमीजस्तै सम्वेदनशील र भावुक पनि कोही छैन ।

वास्तवमा तिमी मान्छेलाई सभ्य र शिष्ट, समाजलाई उन्नत र जाग्रत अनि देशलाई स्वावलम्बी र विकसित बनाउँछौ, तिम्रै बुद्धिबाट देश र जनताको सञ्चालन हुन्छ । तिमीलाई चाहिं असल र योग्य कसले बनाएको छ ? कसैले छैन । तिमीलाई त मान्छेहरू पाखण्डी भन्छन्, नामर्द, असभ्य र बौलाहा ठान्छन् । जसको बुद्धिबाट माथि उठिन्छ उसैलाई घृणा गरिन्छ– यो समाजको चलन हो । समाज अथवा देश तियीलाई आवश्यक भएजति स्वतन्त्रता पनि दिन सक्दैन र तिमीलाई बाँध्न पनि सक्तैन । त्यसैले देश तिमीलाई पलायन दिन्छ ।

तिमी पतित, अपहेलित, घृणित र तिरस्कृत भएका छौ किनकि तिमी साहित्यकार हौ । तिमी बिस्तारै मर्दैछौ तर बाँच्ने रहर पनि छोडेका छैनौ । तिम्रो अवस्थालाई देखेर कसै–कसैले दयाको भाव देखाउँछन्, तिमी दयाको पात्र पनि भयौ । तिमी आफूभित्रको नैतिकता, इमान्दारी, मानवीयता र सच्चरित्रतालाई पैसा र पदमा, शक्ति र अधिकारमा बेच्न सक्तैनौ, यसैले तिमी समाज र देशबाट अलग भयौ । दुनियाँ तिम्रो लागि छ तर तिमी दुनियाँका लागि छैनौ । तिमीजस्तो लफङ्गो साहित्यकारको लागि यो दुनियाँमा एक पेट खाने, एकसरो लगाउने र राती टाउको लुकाउने ठाउँ छैन । तिमीले त सास फेर्ने अधिकार समेत यो दुनियाँसँग माग्नुपर्छ ।

साहित्यकार ! तिमी भुसको आगोमा बिस्तारै सल्किदैछौ, पिल्सिदैछौ बेकार मर्दैछौ । यसैगरी मर्ने हो भने के तिमी साँच्चैका मान्छे हौ ?

कविता

प्रक्रिया

ईश्वरबल्लभ

जानी नजानी उसले तार छोइदिएछ, झङ्कृत भयो,
मोहहरूको आकाश थियो त्यो
त्यहाँ जतिसुकै गहिराइ थियो रंगमा, उसको आभास थियो,
वर र पीपलको मुनि परेका शितल छायाहरू हुन्
उसका प्रतिविम्बहरू।
आकाशको नदीमा जो देखिएका थिए,
स्पर्शहरूबाट दूर,
कदाचित् म उसलाई संज्ञना गरुँ,
ऊ ममा व्याप्त होस् धुनहरू,
कदाचित् मेरा आँखाहरूमा आँसु आउन्
ममा आसक्त होउन् गीतहरू भन्छु ।
फेरि पनि एउटा कथाकै कुरा हो भने सुन,
म तिमीलाई उसका कुरा भन्नेछु,
ऊ हिमनदी पग्लिने गर्थ्यो, सूर्यका घामहरूसित,
ऊ खोला बग्ने गर्थ्यो, सागरसम्म पुग्थ्यो,
गहिराइहरूमा गहिराइ छुँदै, पातालका फूलहरू छुँदै,
झन्कृत हुने, आफैंले आफैंलाई थिच्ने, प्रक्रिया नै हो,
मैले र उसले जिउने जिन्दगीहरू ।

★

संस्कृति

शक्ति – सम्प्रदायमा कुमारी पूजन: ऐतिहासिक र धार्मिक विश्लेषण

रमा (पाण्डे) शर्मा पौड्याल

आध्यात्मिक दृष्टिकोणबाट अध्ययन गरे पनि अथवा वैज्ञानिक दृष्टिकोणबाट अध्ययन, मनन र चिन्तन गरे पनि शक्तिको ठूलो महत्त्व रहेको पाइन्छ। वैज्ञानिकहरू विभिन्न तत्त्वहरूबाट शक्ति प्राप्त गर्न सकिन्छ भन्ने तर्क प्रस्तुत गर्छन् । अध्यात्मवादीहरू उपासनाबाट शक्ति प्राप्त गर्ने महत्त्वाकांक्षा राख्छन् ।

नेपालमा शक्ति सम्प्रदायको प्रारम्भ धार्मिक चिन्तनबाट नै भएको पाइन्छ । यी अध्यात्मवादीहरूको चिन्तन-मननपछि एक अमूर्त शिला स्थापना गरेर शक्तिको उपासना गर्ने चलन चल्यो । कालान्तरमा यस किसिमको शक्ति पूजा धर्मावलम्बीहरूको भक्ति बढ्दै जाँदा जीवित कन्यालाई शक्तिको रूपमा पूजा आराधना गर्ने परम्पराको प्रारम्भ भयो । यस सन्दर्भमा अध्ययन गर्दा नेपाल, भारत, मध्य एशिया, यूरोपको प्राचीन इतिहासको पानामा विश्वभर नै उत्कट भावना उत्पन्न भएको पाइन्छ । एशिया लगायत यूरोपमा हजारौं वर्ष-अघिका सभ्यताहरूमा समेत स्त्रीमूर्तिहरू फेला परेका छन् । सिन्धुघाटीको सभ्यता सबैभन्दा प्राचीन सभ्यता हो । यस सभ्यताका अवशेषहरूमा मातृदेवीका माटाका मूर्तिहरू पाइएका छन् । आधुनिक इतिहासकारहरूले सिन्धुघाटीको सभ्यतालाई इ० पू० २८०० देखि इ० पू० २००० सम्म मानेका छन् । प्राचीन बेबिलोनीहरूले भूतप्रेत, पिशाच आदि भगाउनका लागि आ–आफ्नो बासस्थानको भुइँमुनि स्त्रीमूर्तिहरू गाड्ने गर्दथे । प्राचीन वैदिक सभ्यतामा आर्यहरू ज्यादै कममात्रामा शक्तिको उपासना गर्दथे तर भारतमा भने प्राचीन देवीमन्दिर र तिनका मूर्तिहरू पाइएका छैनन् । नेपालमा भने इशापूर्वका स्त्रीमूर्तिहरू प्राप्त छन् । जस्तो इशापूर्व प्रथम शताब्दीताका पाटन च्यासल हिटीको गजलक्ष्मीको मूर्ति, हांडीगाउँका श्रीलक्ष्मीका मूर्तिहरू, दोबो

शताब्दीको कोटालटोलको मातृदेवी, बल्खुकी कौमारी, वैष्णवी, वाराही, मालीगाउँकी मातृका, पाटनको बगलामुखी मन्दिरको वाराही, माहेश्वरी, जयवागीश्वरी, भगवती मन्दिरको कौमारी, माहेश्वरी । तेस्रो शताब्दीको कीर्तिपुरको गणेश मन्दिरको वैष्णवी, ब्राह्मी, कौमारी, माहेश्वरी, वाराही । इशाको दोस्रो शताब्दीको चाँगुनारायण मन्दिर नजिकैको ब्राह्मी, कौमारी, माहेश्वरी, वाराही, हांडीगाउँका मातृका मूर्तिहरू, महिषमर्दिनी देवी, विशालनगर टुंडाल देवीका मातृका मूर्ति आदि मूर्तिहरूबाट लिच्छविकालअघि नै नेपालमा शक्ति सम्प्रदायको स्थान सुरक्षित भैसकेको स्पष्ट हुन्छ । अंशुवर्माको हांडीगाउँको इ०स० ६३६ को शिलालेखमा श्रीदेवी तथा षष्ठीदेवीको नाम अङ्कित छ। मानदेवको समयको पलान्चोक भगवतीको मूर्ति, नक्साल भगवती, शोभा भगवती आदिबाट लिच्छविकालमा शक्ति सम्प्रदायलाई शासकवर्गबाट प्रोत्साहन, सुरक्षा र संरक्षण प्राप्त भएको पाइन्छ । [1]

आनन्दमल्लको शासनकालमा तिरहुतको सांस्कृतिक महत्त्व भक्तपुरमा देखापर्‍यो । मल्लराजाहरू तान्त्रिक भएकाले यन्त्ररूपी तुलजा भवानीदेवीलाई इष्टदेवीका रूपमा मान्न थालेको पाइन्छ । सिम्रौनगढका राजा हरिसिंहदेव दिल्लीका मुगलवादशाह गयासुद्दीन तुगलकको आक्रमणबाट पराजित भएपछि उनी दलबल तथा परिवारकासाथ तीन पाटनमा पुगे।यो सिन्धुली जिल्लामा कमलाको खोंजमाथि महाभारत पर्वतको शृङ्खलाभित्र पर्दछ । यहीं औलो ज्वरोको कारणबाट उनको मृत्यु भयो । उनकी रानी देवलदेवी र छोरा जगत्‌सिंह भक्तपुर दरवारमा शरण पर्न आए । त्यसबेला आनन्दमल्ल र (अरिमल्ल) रुद्रमल्लको संयुक्त शासनकाल थियो । उनीहरूले तिनीहरूलाई आफ्नो दरवारमा शरण दिए । शरण पाउने बित्तिकै देवलदेवीले आफ्नो साथमा ल्याएको तलेजुको कलश दरबारमा स्थापित गरिन् । आजसम्म पनि तलेजुलाई नेपालमा श्रद्धा गरी "डोयमाजु" भन्ने चलन छ । पहाडियाहरू तलेजु मात्र भन्ने गर्छन् । जब कि भारतको हैदरावाद र प्रतापगढमा तुलजादेवी नै भन्ने गर्छन् । हैदरावादमा तुलजापुर भन्ने शहर छ जहा तुलजादेवीको पीठ छ । त्यस्तै भारतको प्रतापगढमा सुप्रसिद्ध बादशाह शिवाजीले १६५८–५९ ईमा तुलजादेवीको निर्माण गरेको

---

१. क) मैनाली सावित्री, "लिच्छविकालीन धर्म तथा अर्थ व्यवस्थाका केही पक्षहरू," पृष्ठ १–४९

ख) दाहाल डा-पेशल, "नेपालको इतिहास" (शुरुदेखि सुगौली सन्धिसम्म) पृष्ठ ४१–४५ चौथो संस्करण, २०४८,

पाइन्छ ।[२]

तलेजुका सम्बन्धमा देवमाला वंशावलीमा यस्तो उल्लेख पाइन्छ-भक्तपुरको तुलजा भवानी सत्ययुगमा महादेवकी इष्टदेवी थिइन् । देवराज इन्द्रले तपस्या गरी यन्त्रसहित मन्त्र अमरावतीमा ल्याएका थिए । रावणपुत्र इन्द्रजीतले युद्ध गरी इन्द्रलाई पराजित गरी यन्त्र मन्त्र सहित लुटेर गगेको थियो । इन्द्रजितले लङ्कामा लगी नरबलिले पूजा गर्न थाल्यो । उक्त यन्त्र सहितको मन्त्रलाई रामचन्द्रले लङ्का विजयपछि अयोध्यामा ल्याएका थिए र आफ्नो मृत्यु हुनुअघि सरयुमा छोडेका थिए । रामचन्द्रका पाँचौं पुस्ताका नल राजाले सरयुवाट झिकी पूजा गरे । उनले प्राणत्याग गर्नुअगाडि सरयुमा नै राखे । पछि त्यसै कुलका सन्तान पुरूरवा राजाले सरयुवाट झिकी पूजा गरे । त्यसपछि अलर्क राजाले पूजा गरे । उनले पनि सरयुमा नै राखी प्राणत्याग गरे । यिनै सूर्यवंशी अलर्कका सन्तान नान्यदेवले सरयुवाट ल्याई पूजा गरे । उनले सिम्रौनगढमा नयाँ राज्य खडा गराई पूजा गरे । नान्यदेवको पाचौं पुस्तामा हरिसिंहदेवकी रानी देवलदेवीले नेपाल उपत्यकाको भक्तपुरमा तलेजुको कलश भित्र्याइन् ।[३] यस प्रकार तिरहुत (सिम्रौनगढ) को सांस्कृतिक प्रभाव भक्तपुर राज्यमा पर्न जांदा देवीप्रति अपार आस्था तथा भक्ति वृद्धि हुँदै गयो जो तल वयान गरिन्छ ।

यक्षमल्लको मृत्युपछि उनका छोरा रत्नमल्लले वि. सं. १५४१ मा कान्तिपुरका महापात्रहरूलाई दबाएर त्यहाँ आफ्नो अधिकार कायम गरे । यी राजाले आफ्नी इष्टदेवी तलेजु भवानीलाई पूजा नगरी अन्य मल्ल राजाहरू झैं दिनचर्या शुरू गर्दैन थिए । यसर्थ कान्तिपुर आएपछि भक्तपुरमा भएको मूल तलेजुको दर्शन गर्न सँधै सम्भव नहुने भएकोले कान्तिपुरमा नै सानो तलेजुको मन्दिर बनाएको बुझिन्छ । वि० सं० १६१७ तिर महेन्द्रमल्ल नेपालका राजा भए । उनले वि० सं० १६२० माघमा दरबारभित्र मूलचोकमा पहिले रत्नमल्लले बनाएको तलेजु मन्दिरलाई बढाएर भव्य मन्दिर बनाउन लगाए । तीन छाना भएको यो मन्दिर १२ तह पेटी माथि अवस्थित छ । उपत्यकामा पाइने साधारण देवलहरूभन्दा तलेजुको मन्दिर आकार-प्रकारमा निकै भव्य छ । यसर्थ

---

२. एलेन, माइकेल, 'द कल्ट अफ कुमारी भर्जिन वरसीप इन नेपाल,'' पृष्ठ ४८-४९

३. देवमाला वंशावली, ''खई १ Runno-२४४३ पृष्ठ ५७.

यो मन्दिरलाई तव देवल (ठुलो मन्दिर) भनिन्छ। सुनौलो छाना भएको यो मन्दिरको वास्तुकलाको दृष्टिकोणवाट महत्त्वपूर्ण स्थान छ । प्रताप मल्लले आफू कान्तिपुरको राजा भएपछि वि. सं १७०१ पौषमा आफ्नो सालिक तलेजु मन्दिरभित्र राख्न लगाएका थिए। भूपालेन्द्र मल्लको समयमा यिनकी रानी भुवनलक्ष्मीले वि. सं. १७५७ तिर तलेजुको मन्दिरभित्र सुनको खापा हालेकी थिइन्। कान्तिपुरका अन्तिम मल्ल राजा जयप्रकाश मल्लले वि. सं. १८१७ जेठमा लक्षाहुति यज्ञ गरी तलेजुको मन्दिरभित्र आफ्नो शालिक स्थापना गरे। यिनले जीवित कन्या (कुमारी) लाई तलेजु भवानीको अवतारको रूपमा मान्ने चलन चलाए।※ साथै तुलजा भवानी देवीको प्रतीकको रूपमा कुमारी बस्ने मन्दिर निर्माण गर्न लगाए। वर्षेनी चारपांग्रे रथमा कुमारीलाई राखेर शहरको विभिन्न भागमा घुमाउने चलन चलाए ।

ललितपुरमा पनि सिद्धिनरसिंह मल्लले तलेजुको सानो मन्दिर वनाउन लगाए। वि. सं. १७३६ मा श्रीनिवास मल्लले तलेजु मन्दिर बढाएर सुनको छाना हाली त्यसमाथि ठूलो गजूर चढाए । तलेजु मन्दिरको वरिपरि बगैंचा वनाउन लगाए। ललितपुरका अन्तिम राजा योगनरेन्द्र मल्लको पनि तलेजुप्रति श्रद्धा थियो। सोको प्रमाणको लागि उनका विभिन्न मुद्राहरूमा 'लोकनाथका' साथै 'तलेजु सहाय' शब्द अङ्कित भएवाट स्पष्ट हुन्छ।

देवमाला वंशावली अनुसार भक्तपुरका राजा जगज्योति मल्लले आफ्नो समयमा चाण्डालकी छोरी ल्याई कुमारी मानेर तुलजा भवानीको रूपमा पूजा गर्ने परम्परा चलाए ।※※ नरेश मल्लले भक्तपुरको तलेजु मन्दिरको मूल ढोकाको दुइटा सुवर्ण झ्याल वनाएको वुझिन्छ। जगत प्रकाश मल्लले वि. सं १७१८ मार्ग १८ गते इष्ट देवता तलेजु भवानीलाई एउटा मण्डप (वेदी) समर्पित गरी आफ्नो सालिक समेत राखेका थिए । भक्तपुरका राजा जितामित्र-

---

※ समनामा इष्टदेवी तुलजा भवानी रिसाउँदा जयप्रकाश मल्ल डराई क्षमार्पणको लागि छागवलि (कुमार पाठो) को पूजा गरी रथयात्रा वनाइदिन्छु भनी मनमा राखी सुते। ईश्वरीले "अब, १२ वर्ष तिम्रो राज्य रहनेछ" भन्ने सपनामा भविष्यवाणी गरिन्।

※※ वंशावली अनुसार भक्तपुरका राजा जगज्योति मल्लसंग तुलजा भवानी (स्त्री रूप धारण गरी) पासा खेल्ने गर्दथिन् तर एक पटक चियों भएको थाहा पाएर देवी लोप भइन् । सपनामा राजालाई "मेरो बदलामा शुभ मुहूर्तमा चाण्डलकी छोरीलाई आव्हान गर्नु ! म त्यसैमा लीन हुनेछु" भनेकीले राजाले यो परम्परा वसालेका थिए ।

ले तलेजुलाई सुनको जलप लाएको तोरण समेतको ढोका, पूजाका भाडा, घण्टा तथा ठूलो नगरा चढाए। भूपतीन्द्र मल्ल राजाले तलेजुलाई घण्ट चढाए । तलेजुको छानाको जीर्णोद्वार गरेर छानामा सिंह वेताल राखे । तलेजुको मन्दिरमा मूल ढोकाको दायाँतिर एउटा तामाको ढोका हाल्ने काम पनि गरे। भक्तपुरका अन्तिम मल्ल राजा रणजित मल्लले तलेजु भवानीलाई सुनको सिंहासन तथा नगरा चढाउने काम गरे ।[1]

शक्तिको उपासनामा कुमारीको पूजा:-

तुलजा भवानीको प्रतिनिधिको रूपमा जीवित कुमारीलाई उपत्यकामा पूजा अर्चना गर्ने चलन मल्लकालीन भए पनि कुमारीलाई देवी भगवतीको रूपमा पूजा गर्ने चलन प्राचीन हो। स्वस्थानीमा आर्यहरुले हरेक शुभकार्यको थालनी गर्दा कुमारी पूजाबाट गरेको पाइन्छ। उदाहरणको लागि शिव ब्रह्मणकी सुपुत्री गोमाको एकमात्र पुत्र नवराज ब्राह्मणले लावण्य देशको राज्याभिषेक लिनु पहिले नै नौ वटी कुमारीहरूको (कन्याको) पूजा गरेका थिए । वास्तवमा स्त्री जातिलाई शक्तिको रूपमा मान्यता दिलाउने शिव नै थिए । सतीदेवीको मृत्यु पछि शोकले विह्वल भई लाशलाई काँधमा राखेको राख्यैं डाँडा काँडातिर भौतारिन थाले। सती देवीको मृत शरीर कुहिएर झरिसक्ता पनि आफूबाट पृथक् गरेनन्। ती झरेका अङ्गहरूको स्थानमा विभिन्न नामका पीठहरु खडा भए। तिनै पीठहरूलाई काली, दुर्गा, महाकाली, भगवती आदिको रूपमा उपासना गर्न थालिएको हो ।[2] तिनै महादेवीको ध्यान गरी (पूजाको अवसरमा) जीवित कुमारीको राष्ट्रिय र व्यक्तिगत रूपमा पूजा गर्ने चलन कालान्तरमा चल्न थालेको हो। हिन्दूहरू तुलजा भवानीलाई महादेवीकै रूपमा विश्वास गर्छन्।

विशेष गरी नेपालमा ती देवताहरूको पूजा घटस्थापनादेखि नवमीसम्म भव्यताका साथ हुन्छ। सोही अवसरमा कुमारी पूजा गरेन भने नवदुर्गा पुजाको अङ्ग पूरा नभएको मानिन्छ। महाकाल संहितामा उल्लेख भए अनुसार कुमारी पूजाबाट देवीहरु अत्यन्तै प्रसन्न हुन्छन्। कुमारी पूजा नित्य र कामना (काम्य) अनुसार गरिन्छ। यामल ग्रन्थमा कुमारीलाई प्रकृतिको स्वरूप मानिएको छ। कुमारीको शरीरमा सँधै नै देवीहरु वास वस्छन्। कुमारी पूजाबाट सम्पूर्ण पाप नष्ट हुन्छ। सम्पूर्ण सिद्धि प्राप्त हुन्छ। पृथ्वी दान गरे सरह फल मिल्छ । यसर्थ स्नान गरेकी, रातो पहेँलो वस्त्र पहिरेकी, अन्य शृङ्गारले युक्त भएकी, १ वर्षदेखि १३ वर्षसम्मकी, सम्भव भएमा बाबु आमासम्म भएकी, उमेर बढी भइकन

---

1. दाहाल, डा. पेशल ऐजन ... ... पृष्ठ ९७–२०१
5. मैनाली सावित्री ऐजन ... ... "

पनि पुरुषमा मन नमएकी, गोरो वर्णकी कन्यालाई पूजा गर्नं उत्तम मानेको छ तर नराम्रो लक्षण भएमा वा दारा निस्केकी, अङ्गमा घटी बढी भएकी, ज्यादा लामो कपाल भएकी, ज्यादै उत्ताउली, कालो रोगन भएकी, रिसाही, कुँजी, पुड्की, कुहिरी, डेरी, रौं जता तत झप झप्ती भएकी आदि नराम्रा लक्षण भएकी कुमारी पूजा गर्न अशुभ हुन्छ । अर्थात् कुमारीमा बत्तीस लक्षण भएको हुनु पर्दछ । बत्तीस लक्षण भन्नाले स्वस्थ्य शरीर, छाला कुनै प्रकारको दाग नभएको कालो कपाल भएको, निलो कालो रङ्ग मिसिएको आंखा भएको, शरीरबाट दुर्गन्ध नआउने, रजस्वला नभएकी, दांत नझरेकी, अनारको दाना जस्तो दांत भएकी, वाघको जस्तो कम्मर भएकी, सिंहको जस्तो चौडा छाती भएकी, हांसको चाल जस्तो हिंडाइ भएकी, चराहरुको जस्तो मसिनो आवाज भएकी आदि ।

बौद्ध पुराणमा कुमारीलाई त्रिनेत्र रूपी, रक्त वर्ण, एक मुख दुई बाहु भन्ने उल्लेख गरिएको छ । उनी धर्ती र पात्रधारण गरी ललितासनमा विराजमान हुन्छिन् भनिएको छ । मेरूतन्त्र अनुसार 'ब्राह्मण, क्षेत्री, वैश्य, शूद्र चारै जातका कन्यालाई कुमारी पूजा गर्न उत्तम मानेको छ । सम्पूर्ण इष्ट सिध्दिका लागि ब्राह्मणले कन्याको पूजा गर्नु पर्छ । आफ्नो कीर्ति राख्नका लागि क्षेत्रीय कन्या पूजा गर्नुपर्दछ। पुत्र प्राप्तिका लागि शूद्रकी कन्या र कसैको हानि नोक्सानी पुऱ्याउने काममा पनि शूद्रकी कन्या पूजा गर्नु भन्ने उल्लेख गरेको छ ।

सप्तशती र अग्नि पुराणमा कुमारीलाई 'शूल र शक्तिहस्ता' भनिएको छ। मत्स्य पुराणमा रक्तवर्ण, षड्मुखा, बाह्रबाहुकी, मयूरस्या, दायाँ बाहुमा वरद शक्तिपताका, दण्ड चाप र बाण, बायाँ बायुमा चाप, घण्टा, कमल, कुक्कुट, परशु र सबैभन्दा तल्लो बाहुमा अभय मुद्रा धारण गरेकी कौमारी हेमाद्रमा भन्ने उल्लेख परेको छ । मूर्ति कलामा ,दुई बाहुवी, शक्तिहस्ता, मयूर बाहन, कौमारी भनिएको छ ।

यामल ग्रन्थ अनुसार कुमारीहरूका नाम विभिन्न छन्– जस्तै:–

वर्ष	नाम	वर्ष	नाम
१	सन्ध्या	९	बाल शङ्कर षा
२	सरस्वती	१०	अपराजिता
३	त्रिमूर्ति	११	रूद्रायणी
४	कालिका	१२	भैरवी
५	शुभगा	१३	महालक्ष्मी
६	उमा	१४	कुलनायिका
७	मालिक	१५	क्षेत्रज्ञा
८	कुब्जिक	१६	चण्डिका

उग्रचण्डी सहीत अष्टमातृकाको पूजा गर्दा नवदुर्गाको पूजा हुन जान्छ । यामल ग्रन्थमा अष्टमातृका भन्नाले महामाया, कालरात्री, सर्वमङ्गला, डमरूका राजराजेश्वरी, सम्पतप्रथा, भगवती, कुमारी भन्ने उल्लेख परेको छ ।

नेपालमा धर्मालम्वीहरूले कुमारी पूजा गर्दा वालकुमारी, पञ्चकुमारी, आठकुमारी, नौ कुमारी, अठार कुमारी र एकसय आठ कुमारीहरूको पूजा गर्ने गरेको पाइन्छ । वालकुमारी नवँ दुर्गाहरुको एक रूप मानिन्छ ।

बालकुमारी:– प्राचीन कालदेखि नेपालमा वालकुमारीको पूजा मूर्तिको रुपमा गरीन्छ । वालकुमारीको पूजा गर्दा वलि चढाउने चलन परम्परागत हो तर जीवित कुमारीको पूजा गर्दा सामुन्ने वलि चढाईदैंन । उपत्यकाको वालकुमारीको मूर्तिहरुमध्ये भक्तपुरस्थित ठिमीको वालकुमारी मूर्ति सुप्रसिद्ध छ । पाँचदेखि आठ वर्षसम्मका कन्याहरुलाई काठमाण्डौको वालकुमारीको मन्दिरमा पूजा गरिन्छ । २०४४ सालमा ४०० कुमारीहरुको त्यहाँ पूजा भएको थियो ।

पञ्चकुमारी:– शुभकार्य प्रारम्भ अघि पाँच जना कन्याद्वारा फूलको गुच्छा र माला ग्रहण गर्ने चलन नेपालको राजकीय चलन हो । अर्कोतिर पाँचजना नारी हरुको स्मरण गरेरपनि सम्पूर्ण पाप नष्ट हुन्छ भन्ने धर्मविलम्वीहरुको विश्वास छ । त्यरता व्यक्ति हरु यदा कदा पाइन्छन् । यसका लागि उनीहरू तलका स्त्रोत पाठ गर्छन् , जस्तै:– "अहिल्या, द्रौपती, तारा, कुन्ती, मन्दोदरी तथा ।

पञ्चकन्य- स्मरेन्नित्यं महापातक नाशिनी ॥

उपत्यकामा हिन्दू र वौद्ध दुवै धर्मविलम्वीहरू पाँच कन्यालाई पञ्च-वुल भन्छन् । पञ्चवुल भनेको रागवज्री, द्वेपवज्री, मोहवज्री, यिसुन वज्री हुन् । पञ्चवुललाई पाँचशक्तिको रूपमा पूजा गर्छन् । भक्तपुरका राजा त्रोलोक्य मल्लले पञ्चकुमारीलाई अष्टमातृकाको रुपमा मानेका थिए ।

आठकुमारी:– आठ कुमारी भन्नाले महामाया, कालरात्री, सर्वमङ्गला, डमरूका, राजराजेश्वरी, सम्पत प्रथा, भगवती, कुमारीलाई अष्टमातृकाको रूपमा आठ जना कन्यालाई पूजागर्ने चलन छ।

नौ कुमारी:– नेपालमा घटस्थापनाको दिनदेखि एक वर्ष उमेर भएका गरी नौ वर्ष उमेर पुगेका कन्याहरू पूजा गरी नौ दिनसम्म नवदुर्गाको रूपमा पूजा गर्ने चलन छ । महानवमीका दिन नौ जना कन्यालाई हनुमान ढोका दरवारको मूल-चोक हुँदै माथिल्लो तलामा (जहा राज यंशको दशैं कोठा हुन्छ) पूजा गर्ने चलन छ । यी नौ कन्याहरूलाई गणकुमारी भनिन्छ । ती नौ कुमारीहरूका साथ शाक्यका दुई पुत्रहरूलाई गणेश र भैरवका रूपमा पूजा गर्छन । तान्त्रिक-हरुले नौ कन्या भनेर कुशलिनी, नर्तकी, धोविनी, पोडिनी, मालिनी, गोठालनी,

शुद्रकी छोरी, ब्राह्मणकी छोरी, रण्डीलाई महारात्रीमा भैरवी सम्झी पूजा पर्छन् । यस किसिमको पूजामा कन्याहरूको योनीको मूख्य पूजा हुन्छ । नयाँ राजाले राज्यभिषेकको अवसरमा तान्त्रिकहरूले पूजा गर्ने गरेका नौ कन्याहरूबाट अभिषेक लिने चलन परम्परागत रूपमा चल्दै आएको छ । विश्लेषणात्मक अध्ययन गर्दा नेपाल उपत्यकाका तान्त्रिकहरूले नेपाली रूढीवादी समाजमा नौलो आयाम दिन खोजेको पाइन्छ । अर्को वाक्यमा विभिन्न पेशामा सम्लग्न भएका तथा विभिन्न जातका नारीहरू जसको सामाजिक प्रतिष्ठा नहुने हुनाले सामाजिक मर्यादा दिलाउन तान्त्रिकहरू तथा समाज सुधारकहरूले आफ्नो भूमिका खेलेको हुनुपर्छ । यामल ग्रन्थ अनुसार नौ कन्या भन्नाले शुध्दा, कालिका, ललिता, मालिनी, वसुन्धरा, सरस्वती, रमा, गौरी र दुर्गाहरूको नाममा नौ वटी ब्राह्मण कन्याको पूजा गर्नु उत्तम हुन्छ भन्ने उल्लेख छ । त्यस्तै गरी महाकाल सम्हितामा कार्य सिद्धिका लागि नौ युवती कुमारीहरूको पूजा गर्नु भन्ने छ । यदि युवती कुमारीहरूको पूजा गर्दा क्षोभ आएमा तिनका साथमा राती साथै रहनु तर स्पर्श नगर्नु, शुद्ध मनले कन्याहरूको सेवा गर्नु, हँसाउनु, खेलाउनु, उत्तम हुन्छ भनिएको छ । ती नौ कन्याहरूको नाम ह्रुललेखा, गमना, रक्ता, महासुक्ष्मा, करालिका इच्छा, ज्ञान, दीपा, दुर्गा भनी उल्लेख भएको छ ।

अठार कुमारी:– नेपाल उपत्यकामा केही भक्तजनहरू अठार कुमारीतरू जम्मा गरेर पूजा कार्य सम्पन्न गर्छन् । कोही एकैजना कन्यालाई अठार कन्याको स्मरण गरी पूजा गर्छ । ती अठार कुमारीहरूको नाम महाचण्डी, योगेश्वरी, सिद्धिकराली सिद्धिविकराली, महान्तामारी, भद्रकालिनी, मूण्डमालिनी, अट्टहासिनी,चण्डकपालिनी, कालचक्रेश्वरी, गृहकाली, कात्यायनी, कामक्षा, चामुण्डा सिद्धलक्ष्मी, कुब्जिका, भार्वङ्गी, चण्डेश्वरी, कौमारी, भनी उल्लेख गरिएको छ ।[1]

पचासकुमारी:– महाकाल संहितामा कुमारीका प्रत्येक अङ्गहरूमा फूल अक्षता चढाएर पचास शक्तिहरूको पूजा गर्नु भन्ने छ । ती पचास कुमारीहरूको नाम यस प्रकार छन्– जस्तै:– आध्या, जया, विजया, ऋद्धा, माया, कला, सिद्धिदा,

---

1. वृहत पुरश्चर्याणव, चतुर्थ गण्ड, पृष्ठ १५२–१५५.

(आगामी अङ्कमा कुमारी प्रतिस्थापनको विधि, भिभिन्न सम्प्रदायमा कुमारी पूजनको प्रथा, कुमारीको ऐतिहासिक, जात्रा पर्व र परम्परा तथा मल्ल र शाह राजाहरुको पालामा भएका प्रजापद्धतिमा परिवर्तन र सुधार बारे प्रामाणिक जानकारी प्रस्तुत गरिनेछ ।

संपादक

प्रभा, सुक्ष्मा, शुप्रभा, विहुता! विशुद्धि, नन्दिनी, विशुद्धियुक्ता, अपराजिता, ललिता, लक्ष्मी, गौरी, मेधा, गायत्री, सावित्री, स्वधा, इच्छा, कृपा, विद्या, प्रज्ञा, दिप्ता, चेतना, भद्रा, ज्येष्ठा, उमा, शिवा, मुदिता, क्षमा, श्रद्धा, विमला, कौमुदी, विशदा, अशोका, ज्ञानदा, बलदा, राज्यदा, मैत्री, रूद्रायणी, भवानी, मृडानी, सर्वज्ञा, चण्डिका कुमारी, सर्वेशेपणा आदि ।

एकसयआठ कुमारीः– काठमाडौं शहरको वसन्तपुर, कुमारी घरमा वर्षको एक पटक एकसय आठ भूतपूर्व कुमारीहरूको वसन्तपुर कुमारी घरमा भेला गराएर, पूजागरी भोज खुवाउने चलन छ । क्रमशः

गीत

– श्रीपुष्प ढकाल

संझु भनेर संझेको होइन
विर्सन सकिन
रोउँ भनेर रोएको होइन
आँसु नै थामिन्न
एक थोपा आंशु समुन्द्र हुन्छ
मायालु रोएको
त्यसैले प्रिये! नरोउन विन्ति
तिमीले भनेको

संझु भनेर संझेको होइन
विर्सन सकिन ··· ···

अन्त्यमा साथ बिछोडले दिन्छ
सबैले भनेको
झझल्को आउँछ म रूँदा आसु
तिमीले पुछेको

संझु भनेर संझेको होइन
विर्सन सकिन ··· ···

सानेपा, ललितपुर ।

आँधीपछिको आँधी

–राजेन्द्र चोथाले

हिजो करीब एक महीनापछि उनीसँग भेट भयो। उनी आफैं मेरो अफिसमा आएकी थिइन्। उनी आइन्; देखेर निकै खुशी लाग्यो तर मनको खुशीलाई मैले आफ्नो व्यवहारमा उतार्न सकिन। सधैं निर्धक्क आँखा जुधाएर कुरा गर्ने म चाहेर पनि हिजो उनीसँग आँखा जुधाउन सकिन। मनमा लुकेको एउटा अदृश्य अपराधबोधले मलाई उनीसँग विगतमा झैं खुल्न दिएन, तर उनी भने पहिलेको झैं सामान्य नै थिइन्। हँसाइ, बोलाइ र कुरा गराइ, कुनै कुरामा पनि मैले केही परिवर्तन पाइनँ। उनको मनःस्थिति र मसँगको भेटमा हुन सक्ने संभावित जे-जस्तो व्यवहारको मैले अनुमान लगाएको थिएँ त्यसको ठीक विपरीत मैले उनलाई पुरानै रूपमा स्नेही र आत्मीय नै पाएँ। या त उनी अन्य कुरामा झैं अभिनय कलामा पनि निपुण छिन् या उनको हृदय नै यति विशाल छ कि जतिसुकै ठूलो घातलाई पनि सहजै पचाउन सक्छ अन्यथा मसँगको त्यो भेटमा उनीमा त्यो सहजता आउनु असंभवप्रायः नै थियो।

अहिले झैं हिजो पनि उनी एउटा कथा लिएर आएकी थिइन्। कथा एउटी सङ्घर्षशील नारीको थियो। सदा झैं मैले उनको कथामा रहेका केही भाषिक त्रुटिहरूलाई सच्याइदिएँ। शुरू-शुरूमा उनका लेखाइमा त्रुटिहरू निकै नै रहन्थे तर वर्तमानमा उनको लेखाइ निकै माझिइसकेको छ र कतिपय कथाहरूमा त उनको भावना र त्यसको प्रस्तुतीकरण मेरो भन्दा पनि निकै उत्कृष्ट र मुटु छुंदो हुन्छ। वस्तुतः अब मैले उनका रचनाहरूलाई हेरिदिनुपर्ने स्थिति छैन तापनि जबसम्म म एक-दुई अक्षर काट्ने र थप्ने गर्दिनँ उनीलाई भने चित्त बुझ्दैन। हिजो पनि त्यही भयो उनको कथामा दुई-चार अक्षर काटिदिएँ र केही शब्द थपिदिएँ र उनी त्यसमै प्रसन्न भइन्। करीब दुई घण्टा हामी सँगै बस्यौं र त्यसपछि विविध विषयहरूमा पहिले हुने गरे झैं छलफल पनि भयो। उनी फेरि छिटै भेट्ने इच्छासहित फर्किन्। उनी फर्किन् तर उनको त्यो सहज व्यवहारले

मनलाई छोडरह्यो, छोड नै रह्यो ।

पारिवारिक दृष्टिकोणले हेर्ने हो भने मेरो जीवनमा अझै तिक्तता, मात्र तिक्तता सिवाय केही छैन । अझ भन्ने नै हो भने जिन्दगीको नाउँमा म केवल आँसु पिइरहेको छु । छन त बाबुआमा छन्, श्रीमती छ र एउटा सानो छोरा पनि छ तर ती सब भएरै पनि म नितान्त एक्लो छु र तिनै आफन्तहरूमै जिन्दगी खोजिरहेको छु । विवाह हुनु अगाडि म खुशी पनि थिएँ सुखी पनि थिएँ तर जब मेरो जिन्दगीमा स्वास्नीको रूपमा निताले प्रवेश गरी ती सम्पूर्ण खुशी र सुखहरू मात्र इतिहासको रूपमा रहन पुगे । परिवार खानदानी हो, बाबुको इज्जत छ र छोरी पनि पढेकी छ, सुन्दर छ भन्ने जस्ता अनेकौं मूल्याङ्कनपछि आमाबाबुले नै मेरो विवाह तय गरिदिएका थिए । तर बाह्य रूपमा मूल्याङ्कित ती योग्यताहरू केवल आडम्बर मात्र साबित भए । निता विवाह भएको वर्षदिन पनि पूरा नहुँदै मलाई परिवारबाट छुट्टिएर बस्ने कुरामा दबाब दिन थाली । बाबुआमा दुवै बूढा थिए र कमाउने भन्नुमा म एक्लो मात्र थिएँ परिवारमा । परिवार मेरै खर्चमा चलेको थियो । मेरो आम्दानी परिवारको लागि खर्च भएको ऊ एक आँखाले पनि हेर्न सक्दिन थिई भने सासु-ससुराको अदब र मेरो पाहुना, इष्टमित्रको स्वागत सत्कार गर्नु समेत उसको लागि निकै असह्य थियो । सानैदेखि सम्पन्न परिवारमा पुलपुलिएकी र स्वच्छन्दतामै बसेकी ऊ सामाजिक गार्हस्थ्य बोझलाई स्वीकार्न मञ्जुर भइन । तर आमाबाबुलाई अन्तिम अवस्थामा एक्लो छोडेर स्वास्नीको पछि लाग्नु मेरो लागि पनि सम्भव थिएन । धेरैचोटि, धेरै नै चोटि मैले उसलाई संझाउने प्रयत्न गरें तर प्रत्येकचोटि ऊ आफ्नै कुरामा अडिग रही । यही विषयले हामी दुवैबीच वैमनस्य जन्मायो र अन्ततः दुवैबीचको कटुता यसरी बढ्यो कि ऊ एकचोटि पुनः मेरो घरबाट विस्थापित भई माइतीमै बस्न पुगी । त्यहींबाट कता-कता हल्ला पनि चल्न थाल्यो कि ऊ मसँग सम्बन्ध-विच्छेद गर्ने तयारीमा छ ।

यही अवस्थामा मेरी उनीसँग भेट भएको थियो । शुरूको एक-दुई भेटमै आफूलाई, समाजलाई, परिवारलाई र दायित्वलाई हेर्ने उनको दृष्टिकोणले मलाई प्रभाव पार्दै गयो । उनको र मेरो दृष्टिकोणमा निकै हदसम्म समानता थियो । सारांशमा भन्ने हो भने हामी दुवै वसुधैव कुटुम्बकम्मा विश्वास राख्ने मानिस थियौं । दुवैको सोचाइ र दृष्टिकोणमा समता रहनुले हामी दुवै एक अर्काको नगीच हुँदै गयौं । त्यही नगीचपनमा मैले आफ्नो सम्पूर्ण जिन्दगी उनको सामु उघार्दै लगें । एउटा साथीको नाताले उनले सधैं मसँग सहानुभूति देखाइन् र सधै नितासँग संझौताका मार्गहरू खोज्न अनुरोध गरिन् । एकदिन उनकै अनुरोधमा

जब म एकचोटि पुनः समझदारीकासाथ जिन्दगी निर्वाह गर्ने मार्गको खोजीका लागि नितासँग भेट्न उसको माइतीमा गएँ पनि तर त्यहाँ मेरो निकै अपमान गरियो । निताले स्पष्ट रूपमै या त परिवारसँग छुट्टिएर बस्ने या सम्बन्ध विच्छेद गर्ने कुरामै दृढता देखाई । त्यस दिनदेखि सम्झौताका सम्पूर्ण बाटाहरू पनि बन्द भए । त्यसकै भोलिपल्ट उनी मकहाँ आएकी थिइन् । नितासँग भएका सम्पूर्ण कुराहरू सुनेपछि उनी पनि सम्बन्ध विच्छेद गर्नुमा नै मेरो हित हुने निष्कर्षमा पुगिन् । त्यस समय उनले जुन रूपमा मप्रति स्नेह तथा माया देखाइन् त्यसले मलाई निकै भावुक र आफैंसँग अनियन्त्रित बनायो र त्यही भावुकतामा अनियन्त्रित बन्दै म उनीलाई नै विवाहको प्रस्ताव राख्न पुगेको थिएँ । त्यो नितान्त अप्रत्याशित एवं उनको लागि अकाल्पनिक प्रस्ताव थियो । सुनेर केही क्षण त उनी लाजले संकुचित भइन् र पछि निकै समयपछि म सोचेर जवाफ दिन्छु भन्ने प्रतिक्रिया व्यक्त गरी छिटै कतै पुग्नु पर्ने बहाना बनाई गएकी थिइन् ।

त्यस दिनदेखि म उनको जवाफको प्रतीक्षामै आफ्ना दिनहरू बिताउन थालें । हप्ता बित्यो, दुई हप्ता पनि बित्यो तर उनी त्यसपछि मकहाँ आइनन् । म भने निकै अधैर्य थिएँ उनको जवाफको प्रतीक्षामा ।

एक दिन जब म दिनभरि थाकेर बेलुकी घर फर्किएको थिएँ नितालाई मेरो कोठामा पाएँ । उसको त्यो अप्रत्याशित आगमनमा मन कता-कता झस्कियो । घरको वातावरण मलाई ढोकाभित्र पस्नासाथै केही शून्य शून्य त लागिरहेकै थियो र निताको उपस्थितिले मलाई दृढ विश्वास नै भयो कि घरमा कुनै अप्रिय घटना अवश्यै घटेको छ । र, वास्तवमै मेरो शङ्का साँच्चो निस्कियो । दिउँसो निता र उसका बाबु आएर मेरा बुबामुमासँग निकै भनाभन गरेछन् । अत्यन्त अकाल्पनिक र तल्लोस्तरका आरोपहरू लगाएछन् । के भने के के सुनाए त्यो मलाई न त निताले नै भनी न त बुबामुमाले नै भन्नुभयो तर त्यसै दिनदेखि बुबा र मुमा भिन्दै बस्ने कुरामा अडिग हुनु भयो । निर्दोष त्यो बूढो मन नगरेका अपराधको आरोपले शायद निकै चर्किएको थियो । मेरो हजारौं बिन्ति, अनुनय -विनयले पनि कुनै काम गरेन । म नितालाई छोडिदिने कुरामा दृढ रहें तर त्यो अवस्था आएमा उहाँहरू दुवै जनाले आत्महत्या गर्ने स्पष्ट धम्की समेत दिनुभयो । म विवश भएँ । घरको दुई तलामध्ये भुइँतला मेरो लागि तोकियो र माथि तला उहाँहरूको लागि छुट्याइयो । त्यस दिनदेखि म आफ्नै आमाबाबुबाट पनि पन्छाइएँ । मन निकै ठाउँमा च्यातिंदै गयो तर सहनु मेरो बाध्यता थियो । यही बाध्यता नै हो नितासँग एउटै कोठाभित्र बसेर पनि म अपरिचित र एकाकी जीवन बिताइरहेको छु ।

उता मेरो प्रस्तावको उनीले कुनै जवाफ पनि दिइनन् । म विवाहित

मान्छे, छोरा समेत पाइसकेको मान्छे र उनीभन्दा उमेरमा पनि सात-आठ वर्ष जेठो मान्छे, उनीले मेरो प्रस्ताव स्वीकार नगर्नुमा कुनै आश्चर्य पनि थिएन । म आफैंलाई पनि पछि महसूस भएकै हो कि मैले उनको सपना देख्नु आफैंमा एउटा विडम्वना मात्र थियो र अचानक जुन रूपमा निताको प्रत्यागमनको कारण मेरो जिन्दगीले कोल्टे फेरेको थियो त्यसपछि त उनको जवाफको प्रतिक्षाको पनि कुनै अर्थ बाँकी रहेन । यसरी एउटा अर्को सपना पुनः आँखामै मर्न पुगेको थियो ।

जिन्दगीका यिनै आँधीहरू र समयले फेरेका यिनै कोल्टेहरूलाई समेटेर मैले एउटा चिट्ठी उनलाई लेखेको थिएँ तर यो पनि भाग्यको विडम्बना नै थियो कि त्यो चिट्ठी उनको जिन्दगीमा पनि आँधी बनेरै पुगेछ । जुन दिन त्यो चिट्ठी उनको हातमा पुग्यो त्यही दिन मात्र उनले आफ्ना बाबुबाट मसँग विवाह गर्ने स्वीकृति पाएकी रहिछन् र उनी त्यो खुशी बोकेर मसामु आउने तयारी गर्दागर्दै उनको हातमा मेरो चिट्ठी पुग्न गएछ । म अनुमान लगाउन सक्छु त्यस क्षणको उनको मनःस्थितिलाई । आफ्नो विवाहको कुरा आमाबाबुसँग आफैं चलाउनुपर्दा उनले भोग्नुपरेको संभावित कठिनाइ, विवाहको स्वीकृति पाएपछि मनमा उठेका खुशीहरू, आँखाले साँचेका स्वप्निल सपनाहरु र मेरो पत्र पाएपछि फेरि आमा-बाबुको सामु यथार्थता व्यक्त गर्दा भोग्नुपरेका कुण्ठाहरू, म निकै हदसम्म अनुमान लगाउन सक्छु । यी सबै स्थितिहरूको अनुभूतिले नै मभित्र उनीप्रति एउटा अपराधबोध को भावना जन्माएको छ र हिजो उनी आउँदा त्यही अपराधको भावनाले मलाई आफ्नै दृष्टिमा पनि कातर बनाइदियो र चाहेरै पनि म उनीसँग आँखा जुधाउन असमर्थ भएँ ।

हिजो उनीलाई भेटेदेखि मन निकै खल्लो भएको छ । उनी वस्तुतः मेरो जिन्दगीकै अहम् सपना थिइन् । उनीसँगै सम्वद्ध थुप्रै सपनाहरू मैले आखामा साँचेको पनि थिएँ तर शायद मेरो भाग्यलाई सुख मञ्जुर छैन वा सुखको भोग मेरो भाग्यमै लेखिएको छैन र त जब जब म सुखको नगीच पुग्छु भाग्य त्यही बेला कोल्टे फेरिदिन्छ । यता म निस्सासिएको हुन्छु आफ्नै घरभित्र पनि । स्वास्नी स्वास्नीभन्दा बढी शासक बन्न खोज्छे र म भने स्वस्तित्व भुलेर पराधीनता स्वीकार गर्न सकिरहेको छैन र उता उनी मलाई लिएर देखेका सपनाहरू आँखामै मारेर जिउन बाध्य छिन् । आफ्नै आँखामा म अपराधी ठहरिएको छु आफ्नो पनि उनको पनि । हिजो मसँग उनले पहिलेको झ, केही नभए झैं गरी व्यवहार गर्नुबाट म उनीप्रति अझै नतमस्तक भएको छु । उनको त्यही विशालताले नै मनलाई कताकता चिमोटिरहेछ । कति भाग्यमानी हुने थिएँ म निताको सट्टा मेरो जिन्दगीमा उनको आगमन भएको भए । सत्य हो, हिजो उनीलाई भेटेदेखि मलाई एकपल्ट पुनः आफ्नो भाग्यसँगै वितृष्णा उत्पन्न भएको छ ।

कविता

हताश नबन तियानमेन

– कलानिधि दाहाल

क्रूर ! निशाचर !! निस्तेज !!!
नितान्त बुख्याँचा !!!
तँलाई के थाहा ?
ताराहरू उन्मुक्त आकाशमा-
काला बादलमुनि अनगिन्ती रहेका छन्
तँलाई के थाहा ?
सूर्यतेज एक्लैले विराट् विश्व उज्ज्वल छ
र तँलाई के थाहा ?
बन्धनयुक्त पशु पनि दाम्लोहीन यात्रा उठ्न चाहन्छ
क्रूर !
निशाचर !!
निस्तेज !!!
नितान्त बुख्याँचा !!!!
तेरा विरूद्ध अब चेतना चतुर छन्
गति तीव्र तीर यात्रा उठेका छन्
खगोलमा/भूगोलमा
अस्त/उदय जे होस्
जीवनमा गति छ
गतिभिन्न चल्मलाउँदो मति छ
खबरदार ! गुफाका जेर्जेन्स्की बन्दूकहरू
खबरदार ! अदेख आँखाका निरंकुश माओमनहरू
कतै मनमन्दिरका आस्थाका देवता भत्काउने भूत नबन

त्यहाँ प्रमिथस आगो बालेर पहरा वसेको छ
कतै परिवर्तनको पेरेस्त्रोइका
र ग्लास्नोस्त बिथोल्ने काम नगर
त्यहाँ एल्त्सिन सुदूर हाँक्ने मोर्चा कसेर वसेको छ
हतारले / हताशले
हतप्रभ मनमानसले
टयाङ्कर पेलेर तेनमेनमा
यनायव उठ्ने दुस्साहस नगर
रगत छिर्केका विहानमा
रगत सिर्केका तेनमेनका चिहानमा
बर्लिन भत्कने रक्तबीज जन्मिसकेका छन्
क्रूर ! निशाचर !!
निस्तेज !!!
नितान्त बुख्याँचा !!!!
तैंले, पल-छल र बलमा
निमेशभर टिक्नु थियो : टिकिस्
निमेशभर विक्नु थियो : विकिस्
ब्वाँसाहरू / बुख्याँचाहरू
विश्वास एकपटक मात्र जित्न सक्छन्
छामिए / छोइएपछि
बुख्याँचाहरू
खोक्रा ! निस्सार !!
निरर्थक !!! नितान्त रित्ता !!!!
एकपटकको विश्वासले
ब्वाँसाहरू एक पेट अघाउँछन्
बुख्याँचाहरू एकपल भयानक उभिन्छन्
पेटपल् पशुबलका छल् हुन्
छल्भित्र नैतिक बल् विलाएर
ब्वाँसाहरू एक पेट तियानमेन अघाए
र एक पल बुखारेष्ट वँसिए त के भयो ?
सहस्र सहस्र गान्धी गीत गाएर
बुद्ध विश्वासमा क्षितिज उचाल्दै

– कतै गोर्भाचोभ चेतना उठ्दैछ
– कतै एल्टिसन एकता जुट्दैछ
– कतै अनन्त आस्था वैसदैछ
हो, यसै वेला मलाई भन्न मन लाग्छ
खै कहाँ छन् ? तेनमेनको गोलीमा रगतको होली खेल्न उत्सुक गेन्नाडीहरू
खै कहाँ छन् ?? चेतना कुँजो पारेर बुजो पर्याक्न तत्पर क्रूज्कोपहरू
खै कहाँ छन् ??? अंकुश हात हल्लाएर गुफाभित्र विलास वोल्न आतुर माओमनहरू
हतास नवन तियानमेन !
तिम्रो तिर्खा मेट्न तुम्लेटमा पानी भरेर
वलिनबाट–भुइँताराहरू उठ्दैछन्
तिम्रो चिसो आङ् ढाक्न-
मस्कोवाट सूर्यतेजहरू जुट्दैछन्
तिम्रा हात वाँध्ने नेल र बास बस्ने जेल तोडेर/फोडेर
उन्मुक्त आकाश उघार्न
तिमी भित्रैवाट भर्खर हो
क्रूर ! निशाचर !! निस्तेज नितान्त वुख्याँचा विरुद्ध
सहस्र रक्तवीजहरू जन्मिसकेका छन्/जन्मदैछन्
र फेरि पनि पनि जन्मनेछन्
हतास नवन तियानमेन !
म तिम्रै स्वागतमा गुलाव स्यूँरेर
पुत्र प्रमिथससँग सगरमाथा उक्लँदैछु
र चेतनाको विस्कुन सुकाएर तिम्रो छातीमा
तिम्रै मुक्तिको पाञ्चजन्य फुक्दैछु

– वत्तीसपुतली, रातो पुल

समालोचना

पाल्पाली कवि छविलाल नेपाल

-- शिव रेग्मी

नेपाली साहित्यका माध्यमिककालीन कवि छविलाल नेपाल (१९०५–१९७९) लाई सर्वभन्दा पहिले साहित्यमा चिह्नाउने श्रेय युवककवि मोतीराम भट्ट (१९२३–१९५३) लाई छ । उनले विक्रम सम्वत् १९४३ साल पौष शुक्ल ६ शुक्रवार लेखेको श्री कविशिरोमणि राजीवलोचन--वर्णनम् कविताको पहिलो श्लोकमा लेखेका छन् –

" भानुभक्त विहारिलाल छविलाल पतन्जली नाम् गरी ।
नेपालीहरूमा अनेक कविछन् भाषा शिलोकमा रची ।।
फेरी खूप रसीक भाइहरूमा राजीवलोचन भनी ।
प्रख्यात् छन् कवि हुन् बडा सरसका नेपाल देशका भनी "।।

यस्तै गरी कवि छविलाल नेपालले आफ्नो परिचय 'गोपी गीत' मा यसरी दिएका छन्–

"पाल्पाको पनि तानसेन शहरमा नारायणी छन् जहाँ ।
तिनको पूर्व तरफ तलाउछ नजिक हाम्रो छ धर्ता तहाँ ।।
बावाको दिननाथ नाम वुझ्नु छोरो उनैको म हूं ।
बावाको गुणशील वुद्धिहरूको मैले वयान क्या गरूँ ।। २४ ।।
मेरो हो छविलाल नाम भजिले श्रीकृष्णजीमा मती ।
लागोस् अर्थ उगाउन्याहरू सबै पाउन् कसोरी गति ।।
भन्नाले स्तुति गोपिनीहरू जउन् गर्दा भय भक्तिले ।
भाषा श्लोक वुझुन्भनी गरिदिया तस्मात् यथा शक्तिले ।। २५ ।।"

शिवराज आचार्यका अनुसार माध्यमिककालीन छविलालले आफ्नो परिचयको क्रममा–

"भाषा श्लोकमहां सिपालु अधि खुप् श्री भानुभक्तै थिया ।
सो ओस्ताज वितिगैगया अलि–अली जान्न्या छवीलाल थिया ।।
वावाको दिननाथ पण्डित छ नाम् प्रख्यात छ नेपाल थर ।
मेरोनाम् छविलाल् भनेर वुझ्नू पाल्पा सहरमा घर ।।' –

भनी उल्लेख भएको देखिन्छ ।

आदिकवि भानुभक्त आचार्यबाट शिक्षा प्राप्त गर्ने सौभाग्य पाएका एवम् युवककवि मोतीराम भट्टलाई कविता–काव्यद्वारा प्रभाव पार्न सफल यी कवि भानुभक्त आचार्य र मोतीराम भट्टका बीचमा दोसाँधका रूपमा देखिन्छन् । यसको

साथै यिनले नेपाली साहित्यको प्राथमिक काल र माध्यमिक कालको सीमालाई जोड्ने काम गरेका छन् । यसैले कवि छविलाल नेपाललाई आदिकवि भानुभक्त आचार्य र युवक कवि मोतीराम भट्टका बीच साहित्यिक पुल वनाउने कवि हुन् भन्न सकिन्छ। भानुभक्त आचार्यको परिचयको सन्दर्भमा यिनले लेखेको भनिएको निम्न श्लोक नेपाली साहित्यमा अति चर्चित छ ।

"भानुभक्त भनी प्रसिद्ध नरमा जस्को छ नाऊं पनी ।
घर तिन्को तनहूं छ वेसि चुंदि हो गाउँ छ रम्घा भनी ।।
प्रख्यात छन् सव लोकमा ति गुणि हुन् विद्वान वडा खूप थिया ।
यो प्रश्नोत्तर वुझ्नलाई सजिलो भाषा वनाई दिया ।।"

अझ हुन सक्छ, मोतीराम भट्टले आदिकवि भानुभक्त आचार्यको जीवन चरित्र लेख्दा समेत यी कविसंग सम्पर्क राखेर कतिपय कुराहरू लिए हुनन् किनभने भानुभक्तसंग यिनको प्रत्यक्ष सम्वन्ध रहेको थियो। अतः यी कविलाई आदिकवि वारे थोरथोर ज्ञान नहुने त कुरै भएन।

विद्यार्थी अवस्थामा भानुभक्त आचार्यको 'वधू शिक्षा', पढेपछि त्यसैवाट प्रभावित भएर 'पुत्र शिक्षा' लेख्ने छविलाल नेपालका केही फुटकर कविता र काव्य रचनाहरू नेपाली साहित्यमा यताउती छरिएर, अझै अप्रकाशित रूपमा रहेका छन् भने केही अर्काका नाममा प्रकाशित भएका छन् । यसै सन्दर्भमा शिवराज आचार्यको 'पाल्पाका छविलालको 'पुत्र–शिक्षा' मा उल्लेश भए अनुसार श्रीभक्त शर्माका नाममा प्रकाशित 'पुत्र–शिक्षा' अरू कसैको नभै यिनै छविलाल नेपालको हो । यसरी विभिन्न स्थानमा छरिएर रहेका उनका फुटकर कविता, काव्य र रचनाहरू एकै संगालोमा संकलन गर्न सकेमा भविष्यको लागि उनीवारे अध्ययन तथा अनुसन्धान गर्नेहरूका लागि निकै उपयोगी सिद्ध र नेपाली साहित्यको माध्यमिक काल पनि केही फराकिलो हुने थियो।

खोजीकै क्रममा मैले प्राप्त गरेको मोतीराम भट्टकालीक हस्तलिखित भाषा पद्य संग्रह (५) मा छविलाल नेपालका दुई श्लोकका अन्तरलापिका पनि फेला परेका छन् । नेपाली साहित्यको माध्यमिक कालमा अन्तरलापिका लेख्ने र छाप्ने चलन निकै चलेको वुझिन्छ । यस्ता विभिन्न अन्तरापिकाहरूको छुट्टै संग्रह वटुल्नेतिर पनि मेरो प्रयास जारी रहेको व्यहोरा यस सन्दर्भमा उल्लेख गर्दछु । अव यसै क्रममा छविलालले लेखेका एक एक श्लोकका दुई अन्तरलापिका यहाँ उल्लेख गर्नु सान्दर्भिक नै हुनेछ भन्ने ठान्दछु ।

"पैल्हे जन्म हुंदा अधिक विर थियो वालक्ख जोवन्महां ।
वृद्धकाल हुँदा भयङ्कर भयो मऱ्यो र भाग्यो तहां ।।

सूर्यका टकमा खडा पनि छ त्यो शीतल हुंदा मर्दथ्यो ।
नप्राणीजन हो नता अवर हो कसले विचार्गर्छ यो ॥"

" जन्म्यो जंगसमा वस्यो घरमहां खानू छ दूध घ्यू संधै ।
जो कैल्हैय घटवढ हुँदैन एकनास ज्यूको हुन्या जो संधै ।।
जसलाई भइंमा नराखी जनले चोरैंसरी वांध्न्या ।
ए पण्डित् जन हो विचारी मनमा के हो मलाई भन्या ॥"

विभिन्न फुटकर कविता र काव्य लेख्ने छविलाल नेपालका अरू पनि काव्य र कविताहरू यताउती छरिएर रहेका नहोलान् भन्न सकिन्न यसै प्रसङ्गमा मित्र काशीनाथ टमोटको माध्यामिक कवि 'नेपाल' द्वारा रचित एक सवाल जवाफ काव्य शीर्षक लेख रचिन्तन, साहित्यिक सङ्कलन, प्रवेशांक जुन १९८५ सिक्कीम साहित्य परिषद् पृ (६९–७२) मा उल्लेख भएका कवि पनि यिनै छविलाल हुन् भन्ने मेरो धारणा छ । विरहिणी सुन्दरीको र सखिहरूको सवाल जवाफ नामक उक्त काव्य ऋतुकाव्यको रूपमा लेखिएको भएपनि नेपाली साहित्यको माध्यामिककालको एक ठोस उपलब्धिपूर्ण कार्य थियो – त्यो । वाईस श्लोकको उक्त काव्य काशीनाथ टमोटले मोती मण्डलीद्वारा तयार पारिएको अर्को भाषा पद्य संग्रह, लेखोट कापीमा फेला पारेका हुन्, जुन पाटनका क्षेत्रवहादुर कायस्थसँग सुरक्षित रहेको छ । १९४८ साल माघ शुदि त्रयोदशी तदनुसार इस्वी सन् १८९२ फेब्रवरी १३ तारिखका दिन लेखिएको श्रृङ्गारिक काव्य छविलाल नेपालको वाहेक अरू कसैको हुन सक्दैन ।

पाल्पाली कवि छविलाल नेपालका सम्वन्धमा केही परिचय दिने क्रममा पं. नरनाथ आचार्य र शिवराज आचार्यका साथै २०१८ सालमा सर्व प्रथम प्रकाशित बुइँगल र २०२९ सालमा पाल्पावाट प्रकाशित 'श्रीनगर' पत्रिकाको ठूलो देन छ । 'श्रीनगर' दोस्रो र तेस्रो अङ्कमा कवि छविलाल नेपालका सम्वन्धमा विद्वान्द्वय कवि माधव प्रसाद देवकोटा (१९६०–२०३८) र अनुसन्धानकर्ता कमलदीक्षितद्वारा उक्त पत्रिकाले चलाएको चर्चा र तथ्यप्रति प्रतिक्रया सहित ऐतिहासिक विश्लेषण अनि उनको जीवनी र कृतित्वको वारेमा पनि केही चर्चाहरू गरिएका छन् । सोही अङ्कमा छविलाल नेपालको एउटा तस्वीर पनि छापिएको देखिन्छ ।

साठी वर्षको उमेरमा तेस्रो विवाह गरेका छविलाल नेपालको 'श्रीनगर' को अङ्क २ मा प्रकाशित कथन अनुसार ७९ वर्षको उमेरमा मृत्यु भएको कुरा मान्ने हो भने जन्म, मृत्यु १९०५–८४ हुन आउँछ । तर उनको मृत्यु ७४ वर्षको

उमेरमा भएको भन्ने निजको छोरा पद्मराजको भनाई रहेको व्यहोरा नरनाथ आचार्यले लेखेका छन् । यसरी हेर्दा उनको छोराको भनाई यहाँ समुचित मान्नु पर्दछ ।

सन्दर्भ सामग्री:-

१. प. नरदेव पाण्डेय- 'कविवर मोतीराम भट्टको सचीत्र, जोबनी १९९५ पृ. ४१
२. पं. पुण्यप्रसाद उपाध्याय, बनारस- 'भाषासप्त रत्न' सच १९५४ पृ. ४८ ।
३. शिवराज आचार्य- 'पाल्पाका छविलालको पुत्र शिक्षा, नेपाली पूर्णाङ्क ४०, २०२६ साउन-असोज पृ. ५१-६० ।
४. नरनाथ आचार्य- 'आदिकवि भानुभक्त आचार्यको सच्चा जीवन चरित्र,' २०३३, पृ. १६९-७२ ।
५. शिव रेग्मी- 'कवि मोतीराम भट्टले तयार गरेको भाषा पद्य संग्रह' 'प्रज्ञा' वर्ष १६ अङ्क ३ पूर्णाङ्क ६१, माघ चैत ०४१ पृ. २८-३२ ।
६. काशीनाथ टमोट- 'मोतीमण्डलीको भाषा संग्रह, एक परिचय, मोतीस्मृति संग्रह नेपाली शिक्षा परिषद्, १०३९ पृ. ३३-३५ ।

कविता

योद्धा आऊ एउटा युद्ध लडौं

– तीर्थराज अधिकारी

हिमालमा सूर्य जस्तै
ऊ, तिमी र म
तीं प्रतिक्षीत सिउँदोमा
सौभाग्य सिंदूर हुन बाँकी छ
बादल माटोमा वर्सिए झैं
चुम्वन अझ साटिन बाँकी छ
वर्तमान साइत
मन उज्यालोमा बालेर
उठौं आफ्नै छातीको विशालतामा
खोलौं परेला
रात नसुती जूनको नजिकै
ताराहरू चम्किरहेका छन्
तारासितै जूनकिरी बलिरहेका छन्
सूर्यको अस्तित्व रातबाटै उठेको छ
खतरा नजुधे जीवन कहाँ भेटिन्छ र ?
त्यसैले–
आऊ युद्ध लडौं
फूलबारीमा पहरा बसेर
अनास्था विरूद्ध आस्था उमारेर
परिष्कृत रगत युगको निशानी हो
हामी फूलबारीका प्रहरी
मुटुमा मालीकै माया संगालौं
हुरी र आंधी पानीका फूल हुन् फुट्छन्
कांडाका कठोर वारहरू

सृष्टि सजाउने हातवाटै टुट्छन्
दिव्य आलोक दिग् दिगन्तरवाट
दह्रो काँध ब्रह्माण्ड रच्न
आऊ रमाइलो उकाली यात्रा गरौं
कालजयी हाम्रो अगाडि
एकदिन पराजीत मृत्यु 'आतुर'
रुँदै घुँडा टेकेर यसरी वोल्ने छ
योद्धा !
शक्ति रूप तिमी सम्पूर्ण सामर्थ्य हौ
योद्धा !
विवेकवीर तिमी सृष्टिका सुन्दर रचना हो ।

कविता

"आव्हान"

- सुरेशचन्द्र राई

सूर्यको आँखा छोपेर
अँध्यारोमा मान्छे मार्न हिँडेका
घोडाचढीका वयानहरू,
उज्यालोलाई विश्वास नमान्ने र–
अँध्यारोलाई आधार मान्नेहरू
खुर्दै मृत्युका चिह्न हुन्
आउ जिम्मेदार दौंतरी हो
हातमा सूर्योदय वोकेर
अँध्यारोको शुरूआत हुनु अगावै
यिनीहरूको हातखुट्टा वाँध
यिनीहरूको अवयव कस
खै कता छन् हाम्रा शुभघडीका भालेहरू ?
सखारै तिम्रो 'डाक' ले
निद्रामुख समयको घोषणा गर
खै कताछन् हाम्रा जागरणका जूनकिरीहरू ?
चारै प्रहर तिम्रो उज्लालोले
कसैलाई ननिदाउने आव्हान गर !

पौराणिक कथा

सम्राट् रन्तिदेव

–ललितजङ्ग सिजापति

(प्राचीन पौराणिक समयका प्रेरणा पुरूषहरूको जीवनीवाट आज पनि मार्ग दर्शन हुन सक्तछ । यस सन्दर्भमा "सम्राट् रन्तिदेव" को चरित्र प्रस्तुत गरिएको छ । ६३ वर्षियसाधक ललितजङ्ग सिजापतिले तयार गर्नु भएको यस लेखका लागि साधुवाद ज्ञापन गर्दछौं ।

– सम्पादक

परापूर्वकालमा दानी र दयालुमा परमोच्च रहेका सम्राट रन्तिदेव थिए । यीनको राज्य शासनका साथै धर्मको, मर्यादाको पनि पालना गर्दथे । प्राणीमात्रलाई दयाले पूर्ण गर्ने यिनको हृदयमा धन–दौलत भनेको पदर्थ सर्व साधारण प्राणीका उपकारका निमित्त ईश्वरले सृष्टि गरेको हो । वलिष्ठहरूले धन दौलत आर्जन गरेर आफूले मात्र भोग गर्दा प्रजालाई क्लेश पर्न जानेछ । परिणाम आफू पनि सर्भ संहार हुने अवस्था आइलाग्दछ । धर्मको वाँध भत्केपछि दुनियाँका प्रतिपाल हुँदैन, प्राणी मात्रको दया गर्ने जगतपति इश्वरले अवश्य पूर्ण कल्याण गर्नेछन् । प्रजाहरू परस्पर प्राणी दयाको प्रभावले खुशी र धर्मात्मा हुनेछन् । संसारमा शान्ति हराउँछ भन्ने यिनको विचार थियो । तद्नुसार यिनी राजा रन्तिदेवले मुक्त हस्त भएर प्रजाको दरिद्रपन हटाउन लागे । यी राजाको दयालु दानीपनाले गर्दा राजकोष समाप्त भयो । हुँदा हुँदा यी राजाले परिवार सहित उपबास वस्नु पऱ्यो । यस्तो दूर्वास्थामा पनि राजा रन्तिदेवले प्रजावाट आफ्नो र आफ्ना परिवारको प्राण रक्षाको निमित्त अन्यायले अन्न आर्जन गरेनन् । भएका सारा धन प्राणीमात्रको सेवामा समाप्त भई सकेकोले महाराज रन्तिदेव सपरिवार ४८ दिनसम्म उपवास रहनु पऱ्यो । ४९ औं दिनमा अकस्मात उनको घरमा अज्ञात खीर, घ्यू, मनभोग इत्यादि खानेकुरा र पिउने पानी समेत तयार रहेको देखे । भोकले छटपटाई रहेका परिवार सहित राजा रन्तिदेव भोजन

गर्न वसेका मात्र के थिए त्यसैवेला केही ब्राह्मणहरू अतिथिका रूपमा आइपुगे राजाले अतिथि ब्राह्मणहरूलाई श्रद्धाकासाथ भोजन गराउन लागे । ती ब्राह्मण-हरूले खाएर उठ्न लागेका वेलामा भोकले आकूल व्याकूल भएको एउटा शुद्र आइपुग्यो । त्यसलाई पनि राजा रन्तिदेवले श्रद्धाकासाथ खुवाए । त्यो शुद्र खाएर तृप्त भई उठ्न लागेको मात्र के थियो त्यवैवेला एक बथान भोका कुकुर लिएर भोकले ढल्न लागेको दुब्लो चँडाल (च्यामे) आईपुग्यो । त्यस च्यामेलाई र र कुकुरलाई समेत आदरकासाथ खुवाए । खाने सामान सकियो, अलिकति पानी बाँकी रह्यो । परिवार सहित दामासाहीले बाँडेर पिउन लागेकै बेलामा बावा ! प्राण छुटने लाग्यो अलिकति पानी पिएर मृत्युको मुखबाट बचाई दिनुहोस् ! भन्दै एउटा चँडाल (पोडे) आई पुग्यो । त्यसको त्यस्तो दूर्वास्था देखे । करूणा लाग्दो आर्तनाद सुनेर राजा रन्तिदेवको हृदय अति दुःखी भयो र आफ्नो प्राण कठमा आईपुगेको वेलामा पनि उनले त्यो पानी नपिएर चँडाललाई पिउन दिए ।

राजा रन्तिदेवको प्राणी दयाको चरमसीमा पुगेकोले स्वर्गको इन्द्रासन डगमगाउन लाग्यो । देवताहरूमा खलबली मच्चियो । सबै देउताहरू दौडा दौड गरी ब्रमाहलोक, शिवलोक पुगेर राजा रन्तिदेवको प्राणी दयाको अवधि पूर्ण भएकोले स्वर्ग डगमगाउन थाल्यो । हाम्रो रक्षां हवस् भनी इन्द्रीद देवताहरूले प्रार्थना गर । ती देवताहरूलाई आश्वशन दिएर शिवजी र ब्रह्माजी वैकुण्ठमा पुगेर भगवान् विष्णुलाई लिएर राजा रन्तिदेवको सम्मुख खडा भए । यी तीनै ब्रह्म, विष्णु र शिवले भन्न लागे– हे रन्तिदेव ! तिम्रा प्राणी दयाको चरम-सीमा पुग्यो, अब तिम्रा इच्छा जे-जे छन् वर माग । राजा रन्तिदेवले ब्रह्मण्डका मालिक महान् देवताहरूाई साष्टङ्ग दण्डवत गरी हात जोडेर विन्ती गरे– भगवान ! हजुरहरूको दर्शन पाई हाले, अब यहाँदेखि वर मलाई के चाहिन्छ र । भगवान? वर वर्पने नै हो भने प्राणीका उपर दया गरेर प्राण पर्याप्त अर्पण गर्नेलाई मैले पछि हट्न नपरोस्, यति भए मलाई पुग्यो, अरू केही पनि सत्रु-लाई आवश्यक छैन । यस्तो जवाफ दिएर उनले जगत प्रधान देवताहरूलाई चकित पारे । राजा रन्तिदेवले कुनै राज्य स्वर्गमुक्ती केंही मागेनन् । जगतका मालिक विष्णु भगवानले आवश्यक वस्तु दिने एक कल्पवृक्ष राजाको बगैंचामा छोडेर चाहिने वस्तु दिने यो कल्प वृक्षको रक्षा गर भनी देवताहरू लोप भए । राजा रन्तिदेवले आफ्नै प्राणी दयाको पुरूषार्थ मुक्ति लाभ गरे ।

★

कविता

मानवको उचाई

—मोहन कोइराला

यस अर्थमा म सूर्यको माझमा उभिएको छु
ज्योतिर्मय पुण्य शरीर पार्न
हामीबाट कोटि प्रकारका प्रकाश विश्वमा छरिने गर्छन्
हाम्रो गाउँ, हाम्रो वस्ती हिमालको उच्चतामा निर्भर गर्छ

त्यसैले विश्वको प्रत्येक तापलाई
सितलतामा बदल्ने शक्तिको
क्षमता हामीमा विकसित भएको हो
एउटा अग्लो पहाड यताकतैछ, एउटा अग्लो शिखर यताकतै छ
झरना लता वृक्षले बनेको छ त्यो दृश्य
त्यै अग्लो पहाडको उचाइले
प्रत्येक वस्तुको निर्णय लिन्छौं हामी
हेर्दा आदम कद देखिएता पनि हेर्दा सरल देखिएता पनि
कसैले हामीलाई ठग्याउन खोज्दा
त्यसको शिरको टोपी भूमिमा नखसी
छाडदैन,
यसैले हाम्रो प्रभामण्डल प्रकाशमय र
उच्चाई युक्त बनेको हो
विश्वले हामीबाट प्रसस्त
उर्जाको भण्डार प्राप्त गर्न सक्छ

शिकार

-- नवीन काफ्ले

एक तन सुन्दरी चरी
अर्धनग्न आँखाभित्र चिमोटिएको
डढेको ठूटो तन भिसार्दै
'प्याराडाइज' मा बरालिएको युवकको
शोधभर्ना टालन
एउटा सुस्त गन्तव्य पैल्याइरहेको यात्री माथि
निर्घात हमला बोलिरहिछे अनुनय भाषामा
दहीको रित्तो कतारा इङ्गित गरिरहिछे;
सुन्दरी नानीको माग छ
कताराभरी दही जम्न पाउँनु पर्छ
बगैंचाले पानी नुहाउनुपर्छ, पराग होइन
यात्री तालगोपाल नभएको सत्यता उदाउनै लाग्दा
हठात् क्षतिपूर्ति दाह्रा किटेर
यौवनाश्रापित विचारी चरी
सल्बलाएको पेट स्वीकारोक्ति दिलाउंछे;
सुन्दरीपनमा, मर्दाना पुरेक्का सदावहार छ
झुण्डमा यात्री नपुंसक भएको पोल खुल्दा
आकाशकी परी छानाबाट खसेको छ
पेट पिताको खोजीमा सारा सडक चाहारीसकेकी छ
नव यौवनाको धड्कन छामिसकेकी छ, धानीसकेकी छ
अतितमा आफैंजस्तो न्यायो 'पर्स' आँखा गाड्छे
बचेखुचेका सपनाहरू थुक घुटुक्क निल्छे
मरुभूमिको अन्तिम भोक अघाउँछे;
वेहोशमा युवकहरूलाई तर्साउन थाल्छे
होशमा व्यथा हँसाउन सक्छे
आँसुको सागर तटमा पतझड रूख नुहेकी
पातहरू समेटेर हाँगा उन्छे
धरातलमा अनौठो जीवन पचाउन सक्छे
गलेको तन धिकार्दै वेवारिसे वालक पिट्छे
फगत नियतिमा वालक भकुर्छ ।

विजय हुनेछ

–चयराज रेग्मी

धरती र आकाश भिन्न भए पनि
तिम्रो र मेरो मिलन अवश्य हुन्छ;
सन्ध्या र प्रभात अलिक पर भएपनि
हामी झन्–झन् वर–वर हुँदै जानेछौं
अहिले तिमी र म निकै टाढा भए पनि
भोलि हामा अङ्कमाल गरेर एउटै मुस्कानमा
रमाउनेछौं ।

आज पात झरेर नाङ्गै भएका रूखहरू
भोलि वसन्तको पालुवा चढेर हराभरा हुनेछन्,
आज यो मन त्यसै–त्यसै उदास देखिए पनि
भोलिको मनको फूलबारीमा गुलाबको फूल
फक्रिने छ,
त्यस्तै आजसम्म तिमी र ममा अनास्थाको
बादल मडारिए पनि
भोलि हिमगङ्गा झैं मायाको छाल मडारिने छ ।

आजसम्न हर क्षण निराशाको तुवाँलो फैलिए पनि
भोलि आशाको उज्यालो फैलिने छ,
आज तिमी र ममा निमकाठको पोथ्रो झाङ्गिए पनि
भोलि उषाको किरण सँगै पारिजातको वृक्ष झाङ्गिनेछ,
आज तिम्रो र मेरो हार भएपनि
भोलि हाम्रो तेन्जिङ्गकै जस्तो विजय हुनेछ ।
त्यसैले प्रिया! तिमी धैर्य लिएर बस,
किनभने, धैर्यले हामीमा विश्वासको किरण
अवश्य फैलिनेछ ।

डोटी राज्यको दरबार दिपायल भैरवकोट: एक संक्षिप्त चिनारी

– प्रकाश दर्नाल

दिपायलस्थित सेती नदीको उत्तरमा भैरवकोट पर्दछ। यो कोटलाई गनैगौंडाकोट पनि भन्दछन् । यो कोट दिपायल सिलगढी नगरपालिका वडा नं.१० मा पर्दछ । यसको पूर्वमा डोटी द्वारिका खोला(छारी गाड), दक्षिणमा सेती नदी, पश्चिममा दिपायल एअरपोर्ट र उत्तरमा डाँडा (गौरा सेलाउने) पर्दछ।

भैरवकोट झट्ट हेर्दा अजमेरकोट जस्तै देखिन्छ, तापनि अजमेरकोट जस्तो दुर्गम र चट्टानयुक्त छैन। भनिन्छ यो दरबारमा बाह्र खण्ड थियो। तर हाल दक्षिणमा एउटा पर्खाल बचेको छ। त्यसको उत्तरमा तीन खण्ड भएको भग्नावशेष देखिन्छ। त्यसैको पृष्ठमा एक खण्ड भएको अग्लो पर्खाल छ। त्यसको उत्तरमा फेरि २ खण्डको पर्खाल छ भने त्यहाँबाट उता फेरि २ खण्ड भेटिन्छ। त्यहाँपछिको सबै पर्खाल भत्किसकेको अवस्थामा छ। सबै खण्डहरूमा असुरो र झाडीहरू उम्रि-एका छन्। भग्नावशेषका ढुङ्गाहरू जताततै छरिएर धुलो हुँदै गएको देखिन्छ। यो दरबारको अध्ययन गर्दा चारैतिर अग्लो पर्खालले घेरी कोठाहरू निर्माण गरेको बुझिन्छ। अजमेरकोट भन्दा सयौं वर्षपछि दिपायल दरबारको निर्माण गरिएको हुँदा यसको भग्नावशेष स्वरूप अग्ला अग्ला पर्खालहरू आजसम्म पनि धेरै मात्रामा बचेको पाइन्छ।

दिपायलकोट प्रवेश गर्नासाथ वटुक भैरव मन्दिर भेटिन्छ। यही भैरवको मन्दिरले गर्दा दिपायल दरबारलाई भैरवकोट भनिएको हो। मन्दिर र कोटको पर्खालबीचको केही भाग खाली चउर पर्दछ। वटुक भैरवको मन्दिर ढुङ्गा, माटो र काठले बनेको एक तले छ। पश्चिम फर्केको यो मन्दिरको मुख्य छाना रकमको अभावले छाउन नपाइएको थाहा भयो। तर प्रदक्षिणा मार्गमा भने ढुङ्गाको छाना राखिएको छ। मन्दिरभित्र बेलको रूखमा ३' ६" अग्लो डरलाग्दो वटुक भैरवको मूर्ति छ। भैरवको वाहनको रूपमा कुकुर पनि छ। अर्को मूर्ति करीब २' अग्लो

भगवतीको छ । यस बाहेक यहाँ २०४५ सालमा अच्यूतकृष्ण खरेलले राखेको काल भैरवको मूर्तिको साथै स-साना त्रिशूलहरू र नेपालको झण्डा आकारको ध्वजाहरू चढाइएको पाइयो । यो मन्दिरमा हाल नित्य पूजा नगरिने भए तापनि नवरात्री र दुवै दशैंमा ठूलो पूजाआजा हुने गर्दछ । भाकल गर्नेहरूको ताँती पनि सधैंजस्तो लाग्ने गरेको देखिन्छ । यहाँका पूजारीहरु महादेवनाथ, जगन्नाथ र विरूवानाथ रहेछन् । पाठ गर्ने चाहीं नन्दलाल पाठक भएको वताए ।

दिपायल दरवारलाई डोटेली राजाहरूले शीतकालीन दरवारको रूपमा प्रयोग गर्थे भनिन्छ । यो दरवार कसले, कहिले बनायो ? भन्ने बारेमा निक्योल भइसकेको छैन । विश्वनाथ भट्टराईले राजा विष्णु शाहीले बनाएको भनेर लेखेका छन् ।[1] पूर्णप्रकाश नेपाल 'यात्री'ले चाहीं, "राजा नागमल्लको शेषपछि उनका छोरा राजा रिपुमल्लको पालामा डोटीको राजधानी अजयमेरूबाट दिपायल सारियो" भनेका छन् ।[2] तर सूर्यमणि अधिकारीले भने दीप साहीको पालामा डोटीको राजधानी दिपायल थियो भनी उल्लेख गरेका छन्।[3] दीप साहीको पालामा वि. सं. १८४७ मा डोटी नेपालभित्र गाभिएको थियो । त्यसपछिका डोटीका राजाहरू रजौटाका रूपमा मात्र थिए । तर २०१८ सालमा राज्य रजौटा उन्मूलन ऐन जारी भएपछि रजौटा प्रथा पनि समाप्त भयो ।

दिपायलबाट देखिने यो भैरवकोटले जोसुकैको मन पनि आकर्षित गर्ने हुँदा यो भग्नावशेषको संरक्षण हुनु पर्ने देखिन्छ । हाल ढुङ्गाहरू यस्तरी छरिएर रहेका छन् कि स्ट्रक्चर नै छुट्ट्याउन गाह्रो भइ नाप नक्सा बनाउनै नसकिने अवस्थामा छ । यहाँको ढुङ्गाबाट भैरव मन्दिर बनाइएको थाहा भयो । त्यसैले दरवारको संरक्षण गर्न सबभन्दा पहिले साइट सफा गरेर स्ट्रक्चरहरू छुट्ट्याई पर्खालहरू लगाउनु आवश्यक छ साथै भैरव मन्दिरको छाना छाउन पनि जरूरी देखिन्छ । यसो गर्न सकेको खण्डमा ऐतिहासिक, साँस्कृतिक तथा पुरातात्त्विक महत्त्वको दरवारको संरक्षण हुन गइ पर्यटन क्षेत्रमा समेत टेवा पुग्न जान्थ्यो ।

---

1. सम्पा. रमेशजङ्ग थापा– प्राचीन नेपाल ३०–३९ शिक्षा मन्त्रालय पुरातत्त्व विभाग– २०३१–२०३४ पृ. ७० ।
2. पूर्णप्रकाश नेपाल 'यात्री'– महाकाली अञ्चल दिग्दर्शन– हिमाली सौगात प्रकाशन, विराटनगर २०३३– पृ. ७० ।
3. सूर्यमणि अधिकारी– पश्चिम नेपालको ऐतिहासिक अन्वेषण– नेपाल र एसियाली अनुसन्धान केन्द्र, त्रि. वि.-२०४३– पृ. ६१ ।

वीर सेनानीको स्मृतिमा

माधव प्रसाद अधिकारी

शहीद भएको वर्षमा नै हो
देश पसेको थियो, ओढ्ने पर्याकिएको रोगी झैं
निर्के अधि पूर्वतिर लागेको गोलीले
अनि सडकमा मानिसको विस्फोट भयो
ती भोका थिए अरू के के ... ...
यी शहीदका नाराहरू फहराए ।

शहीद भएको वर्ष मा नै हो
प्रजातन्त्रको निमित्त तानाशाहीसँग संघर्ष
हामी प्रजातन्त्रलाई प्रेम गरी संगर्ष गर्दथ्यौं
एक तानाशाही नाश नाश भन्दै
अनि उच्च कदममा हामी वस्यौं
मटेङ्ग्रा झैं उडेको एउटा गोली
शहीदको शिरवाट उम्क्यो !!

शहीद भएको वर्षमा नै हो
तानाशाही कुहियो जाँड झैं
शहीदले सधैं झैं आफ्नो ध्यान
जनता र आफैमा बाँडे
आँसुका धारा झैं मानिस सडकमा बगे

सहीद भएको वर्षमा नै हो
न्यायप्रेमी जनता सडकमा आए
काखमा शिशु च्यापेका आमाले
हातमा हतियार उठाए
ताता गोली छोडिए, अन्ततः
तानाशाही धर्मरायो
प्रजातन्त्रको उदय भयो !

स्वस्थ्य जीवनको प्रमुख स्रोत–
उचित आहार

– डा. काशीराज शर्मा सुवेदी

हाम्रो जीवन ईश्वरको अमूल्य र विचित्र उपहार हो । यसको संरक्षण र संवर्द्धन गर्ने मुख्य साधन तीन वटा हुन्छन्– आहार, निन्द्रा र ब्रह्मचर्य । यी तीन साधनहरूलाई आयुर्वेदमा तीन उपस्तम्भको रूपमा वर्णन गरिएको छ ।

शरीरको निर्माणको काममा आहारको स्थान सर्वोपरि हुन्छ, संरक्षण र संवर्द्धनमा निद्रा र ब्रह्मचर्यको महत्त्व हुन्छ ।

आहार भन्नाले हामीहरूले भोक लागेका अवस्थामा खाइने पदार्थ अन्न, फल, दूध, दही, साग आदि बुझिन्छ । त्यो आहार उचित ढङ्गले सेवन गर्दा शरीरलाई हित गर्ने हुन्छ । जथाभावी खाएमा त्यसले हानि गर्दछ ।

उचित आहारले शरीरको पोषण र क्षति भएका अंशलाई पुनः पूरा गर्ने काम गर्छ, आयुको रक्षा गर्छ, शरीरमा बल बढाउँछ, अनुहार उज्यालो पार्छ, तेज बढाउँछ ।[२] यसका साथै मानसिक क्षमताको विकास पनि आहार-द्वारा नै हुन्छ ।

आयुर्वेदमा उचित आहारको निर्णयका लागि आठ मुख्य तत्वहरूको वर्णन आहारविधि विशेषायतनको रूपमा गरिएको छ । ती निम्नलिखित हुन्छन्–

१. प्रकृति
२. करण
३. संयोग
४. राशि
५. देश
६. काल
७. उपयोग संस्था
८. उपयोक्ता ।

१. प्रकृति–

प्रकृतिको अर्थ स्वभाव हो । प्रकृति शब्दले हामीले खाइने गरेको

वस्तुको भौतिक अथवा रासायनिक विशेषतालाई सङ्केत गरेको हुन्छ । प्राचीन दर्शन र आयुर्वेदका ग्रन्थहरूमा कुनै पनि पदार्थमा विद्यमान विशेषतालाई गुणको रूपमा वर्णन गरिन्थ्यो । ती गुणहरूको संख्या यायुर्वेदमा ४१ सम्म पुन्याइएको छ । तिनीहरूमा मुख्य २० गुण मानिन्छन् । कुनै पनि खाइने पदार्थ अथवा औषधीको शरीरमा हुने असर यी गुणहरूको आधारमा हुन्छ । यी गुणहरूको नाम यस प्रकार छ–

१–२ गुरू–लघु,	११–१२ सान्द्र–द्रव
३–४ मन्द–तीक्ष्ण,	१३–१४ मृदु–कठिन
५–६ हिम–उष्ण	१५–१६ स्थिर–सर
६–८ स्निग्ध–रूक्ष,	१७–१८ सूक्ष्म–स्थूल
९–१० श्लक्षण–रवर	१९–२० विशद र पिच्छिल ।

पदार्थहरुमा विद्यमान यी गुणहरूको आनुपातिक रुपमा बढी अस्तित्वको आधारमा कुनै वस्तु गुरु (ढिलो गरी पच्ने), कुनै वस्तु (छिटो पच्ने) मानिन्थ्यो । त्यस्तै कुनै वस्तु स्निग्ध र कुनै रूक्ष मानिन्थ्यो । यसरी कुनै पनि खाद्य पदार्थलाई त्यसमा उत्पन्न भएदेखि नै विद्यमान गुणको आधारमा यो गुरू, यो लघु, यो वायू बढाउने, यो गरम गर्ने. यो चिसो आदि छुट्याउने तत्त्व स्वभाव अथवा प्रकृति हुन्छ । आयुर्वेदमा यस आधारमा केही खाद्य पदार्थ हित केही खाद्य पदार्थ सधैं प्रयोग गर्न योग्य हुन्छन्– शालिधानको चामल, मूँगको दाल, सींधे नून, अमला, जौ, दूध, घ्यू, मह र स्वच्छ पानी । केही खाद्य पदार्थ कहिले काहीं खान मात्र उपयोगी हुन्छन्– सुकाएको मासु, सुकेको साग, दूध फटाएर बनाएको छेनाको परिकार, वगुर रांगाको मासु, माछा, दही, माषको दाल, आदि । दूधले रूप राम्रो पार्छ, मासुले वल दिन्छ , अदुवा खाई सभामा ईत्यादि लोक आख्यानले पनि खाद्य पदार्थको स्वभावलाई स्पष्ट पार्छ ।

आधुनिक वैजानिकहरुले खाद्य पदार्थहरूलाई तिनको रासायनिक सङ्गठनको आधारमा कार्वोहाइड्रेड, प्रोटीन, र स्नेह प्रधान द्रव्यको रूपमा वर्गीकरण गरेकाछन् । यो पनि खाद्य पदार्थको स्वभाव अन्तर्गत नै पर्छ ।

२. करण–

हामी प्रायः कुनै पनि खाद्य पदार्थ जस्तो उत्पन्न भएको छ, त्यही रूपमा खादैनौ । केही खाने कुरालाई पानीले पखालेर खान्छौं. कुनैलाई छोडाएर बिऊ मात्र प्रयोग गर्छौं, कुनैलाई पकाएर खान्छौं । यस किसिमले खाद्य पदार्थलाई विभिन्न प्रकृयाद्वारा रूपान्तरिक गर्छौं अनि मात्र प्रयोग गर्छौं । यसो गर्दा तिनीहरुमा रहेका दोषहरू (खराब–नराम्रो असर गर्ने कुराहरू) हराएर

जान्छन्, साथै तिनीहरूमा पहिलेको अपेक्षा हेर्दा राम्रो देखिने, खाँदा मिठो लाग्ने, सजिलै पच्ने, शरीरलाई बढी हित गर्ने आदि गुणहरू बढ्छन् । यसरी खाद्य पदार्थहरूमा विद्यमान नराम्रो असर हटाई तिनीहरूको गुण र उपयोगिता वढाउने प्रकृयालाइ करण अथवा सस्कार भनिन्छ । खाद्य पदार्थको संस्कार दिभिन्न किसिमले गरिन्छ– पानीमा f जाएर, आगोको सम्पर्कद्वारा पकाएर, घाममा सुकाएर, पखाल्ने–निफन्ने गरेर, मथेर, विशेष ठाउँमा निश्चित समय-सम्म राखेर, सुगन्धित बनाएर, विशेष किसिमको भाँडामा राखेर आदि । फलहरु पानीले पखालेर, त्यसै खाइन्छन्, चामल, दाल पकाएर खाइन्छ, दही मथेर, मोही वनाइन्छ। चना मूँग आदिलाई पानीमा भिजाइ उमारेर खाँदा बढी हित गर्ने हुन्छन् । सुकाएर राखिएका फलहरू (नरिवल, ओखर आदि), पकाएर राखिएका,फलका रसहरु (अमिलो, जाम आदि,) धेरै समयसम्म प्रयोग गर्न सकिन्छ, तिनीहरूको स्वाद र गुण पहिले जस्तै रहन्छ । यो संस्कारको प्रक्रिया उचित किसिमले गरिएको खण्डमा खाद्य पदार्थले हित गर्छ, नत्र अहित अथवा हानि गर्छ । पकाउने कुरा निश्चित अवधि र ताप दिएर पकाएको राम्रो हुन्छ, धेरैबेर पकाएको अथवा डढेको खण्डमा हानिकारक पनि हुन जान्छ । पित्तलको भाँडामा राखेको अमिलोले बान्ता गराउँछ ।

३. संयोग:–

दुई अथवा त्यसभन्दा वढी खाद्य पदार्थहरु एकैमा मिसाउनु संयोग भनिन्छ । यसरी अनेक खाद्य पदार्थहरू मिसाउँदा कुनै संयोग हित गर्ने हुन्छ. कुनै अहित गर्ने पनि हुन्छ । प्राय: समान जाति र गुण भएका वस्तुहरूको मेलले हित गर्छ । दूध र घ्यू, दूध+घ्यू+मह, दूध+सख्खर यी सबै मधुर पदार्थ-हरूको संयोगले हित गर्छ । गुलियो र अमिलो, बासी र ताजा, तातो र चिसो यस्तो मेलले प्राय: हानि गर्ने हुन्छ । आयुर्वेदमा हित गर्ने संयोगहरूमा त्रिमधुर, त्रिकटु (सुठो, मरिच, पिप्ला), पञ्चामृत, मधुपर्क, दूध+घ्यू आदिलाई मानि-एको छ । खाद्य पदार्थहरूको हानिकारक संयोगलाई विरूद्ध आहार भनिन्छ । यस अन्तर्गत दूधसँग माछाको, मूलाको प्रयोग, समान मात्रमा घ्यू र महको प्रयोग कांसको भाँडामा धेरै दिन राखेको घ्यूको प्रयोग आदि पर्छन् । विरूद्ध आहार कुष्ठ, विसर्प, जलोदर आदि रोगको कारण हुन्छ ।

४. राशि (प्रयोगको मात्र)–

खाद्य पदार्थद्वारा हुने राम्रो अथवा नराम्रो असरमा त्यसको मात्राको पनि महत्त्व हुन्छ । खानु पर्ने कुरा निकै कम मात्रमा खाएमा त्यसले शरीरलाई पूरा पोषण दिन सक्दैन । बढी मात्रामा खादा शरीरमा राम्रो पाचन हुँदैन,

नपचेको अन्न शरीरमा सञ्चित भएमा आमविष बन्छ र त्यसले भयङ्कर रोगहरू गराउँछ ।

खाने कुराको उचित मात्राको निर्धारण तीन किसिमले गरिन्छ–

(१) खाद्य पदार्थले ओगट्ने ठाउँका हिसाबले ।

(२) खानेकुराको प्रत्येक भागको अनुपातको आधारमा ।

(३) खाएपछि शरीरमा देखिने असरको आधारमा ।

पेटको ठाउँको हिसाबले गाद्य पदार्थको मात्राको निधो गर्दा एक भाग ठोस पदार्थ (भात, रोटी तर्कारी) एक भाग तरल पदार्थ (दालको झोल, तर्कारिको रस, दूध आदि) र एक भाग खालि ठाउँ राख्नु पर्दछ। आयुर्वेदद्वारा निर्दिष्ट यही मात्राको वर्णनलाई अरू ठाउँमा मिताहार, स्वास्थ्यकर भनी वर्णन गरिएको छ ।

खानेकुराहरूको अनुपातको आधारमा मात्राको निर्णय गर्दा दुई कुराको ध्यान राख्नु पर्ने हुन्छ-- (१) खाएको कुरा शरीरमा भएको क्षतिलाई पूरा गर्न पुग्ने हुनु पर्छ र (२) खाने कुराले शरीरलाई चाहिने सबै किसिमको आवश्यक कुरा पुऱ्याउने हुनुपर्छ ।

कुनै एउटा दुईटा खाने कुरा दाल-भात, रोटी-तर्कारी आदि पेट भरिने गरि खाँदा शरीरको सामान्य आवश्यकता पूरा हुन्छ । भोक लागेको भए खाए-पछि सन्तोष हुन्छ र फुर्ति आउँछ तर त्यतिले मात्र शरीरको सबै आवश्यकता पूरा हुन सक्दैन । शरीरलाई चाहिने सबै कुराहरू पुऱ्याउन खाने कुरामा सबै किसिमको स्वाद भएको (षड्रस): हुनु पर्छ ।

आधुनिक खाद्य विज्ञानले यही कुरा अर्को किसिमले प्रतिपादन गरेको पाइन्छ । हाम्रो शरीरलाई आवश्यक उर्जाको (कैलोरी) लगभग आधा भाग कार्बोज वर्गवाट (गहूँ, चामल आदि), चौथाई भाग प्रोभूजिन (दाल, गेडा-गुडी आदि), वर्गवाट र चौथाई भाग चिल्लो पदार्थवाट (घ्यू,तेल, पाइनुपर्छ ।

खाएपछि शरीरमा देखिने असरको आधारमा मात्राको निर्णय यसरी गरिन्छ । ठीक मात्रामा खाना खाँदा पेट तन्किदैन, केही समयमा नै हिंडडुल, हाँस्ने, वोल्ने गर्न सकिन्छ, खाएको कुरा समयमा पच्छ, ठीक समयमा भोक लाग्छ ।

५. देश–

खाद्य पदार्थको राम्रो अथवा नराम्रो असर हुने कुरामा त्यो पदार्थ उब्जेको ठाउँ र खाने मानिस वसेको ठाउँको पनि केही प्रभाव परेको हुन्छ । खाद्य हरूको स्वाद र अरू गुणहरू सबै ठाउँमा एकनासका हुँदैनन् । भारतमा स्याऊ

काश्मीरको, सुन्तला नागपुरको, आँप बनारसको बढी स्वादिलो मानिन्छ। नेपालमा पनि फर्पिङ्गको सुन्तलाले बढी नाम कमाएकोछ। उक्त ठाउँहरूमा माटो, पानी, हावाको राम्रो मेल भएको हुँदा ती फलफूलहरू बढी स्वादिला र फाइदा गर्ने पनि हुन्छन्।

मानिस बसेको ठाउँ चिसो भएमा त्यहाँ माछा मासु आदि बढी प्रयोग गरिन्छ। गरम ठाउँमा फलहरूको रस, सर्वत आदिको बढी चाहना हुन्छ।

६, काल:–

खाद्य पदार्थको प्रयोग गर्दा विचार गर्नुपर्ने अर्को कुरा समय अर्थात् मौसम हो। खाने कुरा मौसम अनुसारको सुहाउँदो भएमा त्यसले शरीरलाई हित गर्छ। त्यसो नभएमा राम्रो कुरा पनि हानि गर्ने हुन्छ। गर्मीको मौसममा फलहरूको रस, सर्वतहरू- शीतल पेयहरूको, हल्का खाद्यान्नहरूको प्रयोग गर्दा राम्रो हुन्छ। हिउँदमा तातो, चिल्लो पोपिलो कुरा बढी मात्रामा खानु उचित हुन्छ।

७. उपयोग संस्था (प्रयोग गर्ने तरीका):–

खाने कुराको प्रयोग उचित ढङ्गले गर्नु पनि उतिकै आवश्यक छ। त्यसका लागि भोजन तातो, स्वादिलो उचित मात्रा मिलाई खानुपर्छ। पहिले खाएको कुरा नपची अर्को पटक केही खान हुँदैन। खानेबेलामा खाने कुराको स्वाद लिंदै राम्रोसँग चबाउँदै खाने गर्नु पर्छ। त्यस बेलामा अरूतिर मन डुलाउने, नचाहिंदो कुरा बोल्ने, हाँस्ने गर्नु हुँदैन। धेरै हडबड गर्ने अथवा ढिलो लगाउने पनि गर्नु हुँदैन। खानेकुरा राम्रोसित तयार गरेको, सफा ठाउँमा राखेको हुनु पर्छ

८. उपयोक्ता –

खाद्य पदार्थको स्वभाव, मात्रा, प्रयोगको किसिम यी सबै कुराहरूको लाभ प्रयोग गर्ने मानिसलाई हुन्छ। यी सबै कुराहरूको सही परिणाम अथवा राम्रो असर उपयोग गर्ने मानिसको स्वभावमा र त्यसको शारीरिक तथा मानसिक अवस्थामा भरपर्छ। प्रत्येक मानिसको जन्मदेखिको वातावरण र रूचि फरक किसिमको हुन्छ। कुनैलाई केही कुराले हित गर्छ, कुनैलाई त्यसले हानि गर्छ। यस कारण खाद्य पदार्थको प्रयोग गर्दा प्रयोग गर्ने मानिसले आफैं यी कुराको विचार गर्नुपर्छ। कुन खानेकुरा सधैं खाइने गरिएकोछ, कुन--कुन खाँदा आफूलाई राम्रो गर्छ, कुन कुराले नोक्सान गर्दैन यो विचार गरेर सधैं आफूलाई हित गर्ने कुरा खाने गर्नुपर्छ। आफूलाई नोक्सान गर्ने कुरा कसैको करले अथवा लोभ गरेर खानु हुँदैन।

यस संसारमा भएका सबै किसिमका खाने कुराहरूमा धेरै जसो

स्वभावैले हित गर्नेछन् । जस्तै अन्न, फल, फूल, दूध-घ्यू, साग, पानी आदि । केही कुराहरू विशेष विसिमले प्रयोग गरे मात्र हित गर्ने हुन्छ । जस्तै-- ओल, च्याउ आदि । जो खाने कुराहरु धेरै जसो मानिसहरूलाई मन पर्ने र हित गर्ने खालका छन् । तिनीहरू पनि कहीलेकाहीं कुनै मानिसलाई नराम्रो असर पुऱ्याउन जान्छन् । त्यस्ता मानिसहरूले आफ्नो हित हुने कुरालाई छुट्याउन सकुन् भन्ने उद्देश्यले यहाँ उपयोक्तालाई छुट्टै महत्व दिइएको छ ।

– डा. काशीराज सुबेदी

सन्दर्भ विवरण:–

१. "त्रय उपस्तम्भा इत्याहार: स्वप्नो ब्रह्मचर्यमिति, एभिस्त्रिभिर्युक्तियुक्तै रूपस्तब्ध मुपस्तम्भै; शरीरं भलवर्णोपचयोचितमनुवर्तते यावदायु संस्कारात् ।"

चरक संहिता, सूत्रास्थान अ० ११।३५

२. "प्राणिना पुनर्मूलमाहारो बलवर्णोजसां च ।"

सुश्रुत संहिता, सुत्रस्थान अ० १।२२

३. प्राणा: प्राणभृतामन्नं अन्नं लोकोऽभिधावति ।
वर्णप्रसाद: सौस्वर्य जीवितं प्रतिभा सुखम् ।
तुष्टि: पुष्टिर्बलं मेधा सर्वमन्ने प्रतिष्ठितम् ।

चरक संहिता, सूत्रस्थान अ० २७।३४८ ४९

४. "तत्र खल्विमानि अष्टावाहारविधि विशेषायतनानि भवान्ते,तद्यथा-प्रकृति-करण संयोग-राशि-देशकालो -पयोगसंस्थो-पयोक्त्रष्टमानि भवन्ति ।"

चरक संहिता विमानस्थान अ० १।१८

★

ई, इनी, इनले, इनको

– मुकुन्दशरण उपाध्याय

प्रचलित नेपाली व्याकरणहरूले यो सर्वनामका रूपहरूमा यी, यिनी, यिनले आदि लेख्न पर्ने निर्देशन दिएकाले नेपाली लेखनमा नीकै ठूलो अप्ठचारो सिर्जिएको छ। 'य्' ध्वनि लेख्नै पर्छ भन्नेहरूको तर्क के छ भने 'मूल यो' शब्द भएकाले तेसका रूपहरूमा 'य' कायम राख्नै पर्छ नत्र अशुद्ध हुन्छ।'' एही तर्क उनीहरू तेसो, तेता, तेसरी हुनपर्ने शब्दहरूलाई त्यसो, त्यता आदि लेखाउँदा पनि दिने गर्छन् तर एस्तो अवैज्ञानिक तर्क दिँदा वहाँ वहाँ चिप्लिन्छ भन्ने कुरा भसक्कै बिर्सिदिन्छन् किनभने यो र त्यो शब्दबाट बन्ने रूपहरूमा य् ध्वनि कायम राख्नै पर्ने भए यो+ब=अब, त्यो+ब=तब, यो+हिले=अहिले र त्यो+हिले=तहिले आदिमा क्रमशः किन, यब, त्यब, यहिले र त्यहिले भन्न नसकेको? भन्दा पनि बोल्ने ठाउँ छैन र त्यो+ई=ती, त्यो+इनी=तिनी आदिमा किन त्यी, त्यिनी आदि नगरेको? भन्दा पनि बोल्ने ठाउँ छैन; बृहत् शब्दकोशमा एउटा शब्द छ 'इत्तुको'। यो इत्तुको शब्दमा रहेको 'इ' लाई किन यित्तुको छाप्न नसकेको? के यो शब्द 'यो' सर्वनामकै ब्युत्पन्न रूप होइन? एति मात्र हो र? जतातत्तै, जहाँतहीं, जसतस, जिनतिन आदिमा के गर्ने? कि जतात्यत्तै, जहाँत्यहीं र जसत्यस भनेर लेख्न थाल्ने? के एसो गर्न सम्भव होला?

वास्तविकता के हो भने सार्वनामिक शब्द रूपपरिवर्ती हुने गर्छन्। जस्तै हिन्दीले 'यह' बाट 'यिसका' नबनाएर 'इसका' बनाउँछ र अंग्रेजीले 'शी' (She) बाट 'शर्' नबनाएर 'हर्' बनाउँछ। तेसैगरी नेपालीले पनि 'यो' बाट 'यिनले' नबनाएर 'इनले' बनाउँछ। यो नियम गुजराती, मराठी र भोजपुरी आदि भाषामा पनि लागू हुन्छ र ई सबै भाषाको माउ भाषा संस्कृतमा पनि लागू हुन्छ। संस्कृतमा तत् शब्दबाट 'त.' नबनेर 'स:' बन्दछ, तत्बाट 'त.' नै बन्नुपर्छ भन्नू संस्कृतमा जसरी हास्यास्पद हुन्छ तेसैगरी नेपालीमा 'यो' शब्दबाट यिनी वा

यिनकोमा 'य' राख्नैपर्छ भन्ने कुरो पनि हास्यास्पद हुन जान्छ।

एसर्थ यो शब्दका रूपावलीमा हामीले इनले, इनको, इनी, ई, इनलाई, इनीबाट वा इनमा आदि गर्‍यौं भने सरल पनि हुन्छ, शुद्ध पनि हुन्छ। सरल कसरी ? भनेर शंका गर्न पर्ने ठाउँ नै छैन किनभने 'य' लेखीकन इकारको मात्रा थप्ने कामभन्दा सोझै 'इ' अक्षर मात्र लेख्नू सजिलो काम हो भन्ने जसले पनि बुझ्न सक्छ। अब आउँछ शुद्धको कुरो। शुद्ध रूप निर्धारण गर्नलाई निरुक्ति खोज्न पर्ने हुँदा तेति सरल हुँदैन भए पनि एस प्रसंगमा त्यो पनि धेरै घुमाउरो छैन। किनभने ई, इनी, इनले, इनको आदि रूप संस्कृत 'इदम्' शब्दबाट बनेका हुन्। 'यिदम्' शब्दबाट होइन किनभने संस्कृतमा 'यिदम्' शब्द छैन। स्वयं 'यो' शब्द नै पनि 'इदम्' शब्दकै तद्भव हो। कसरी भने संस्कृत इदम्बाट प्राकृतमा 'इअं' र अपभ्रंशमा 'इओ' तयार भएपछि क्षिप्रउच्चारणमा 'इओ'लाई 'यो' भनिएको कुरो प्रसिद्ध छ। एस्तो उदाहरण कहिलेकहीं क्षिप्रतामा 'एही' वा 'तेहीं' लाई यै र त्यै गर्दा पनि पाइने गर्छ। अतः ई, इनी, इनले, इनको आदि रूप नै नेपाली भाषाका शुद्ध र व्यावहारिक रूप हुन्, यी, यिनी आदि होइनन् भन्ने सिद्ध हुन्छ।

आस्थाहरू छन् मनमा पवित्र

– डा. भूपहरि पौडेल

विश्वासको स्वर्णिम सृष्टिमाथि
वसन्तको मञ्जुल रागमाथि
खुलीरहेको नव जिन्दगानी
जतातते गौरव मात्र बाँकी

पैलो प्रभाको नवगीत गाई
सौन्दर्यले गद्‌गद् भै रमाई
र फूल भै फुल्न सकौं धरामा
माटो सिंगारीकन यै थलामा

आराधना गर्दछु सिर्जनाको
ढुङ्गा र माटो अनि हिम्चुलीको
डाँफे भई चुम्नु छ लेख लेख
अनन्त सौन्दर्य धपक्क बल्छ

हिमाल हो गौरवको प्रतीक
पैलो उषाले धरती प्रदीप्त
रथी तिमी हौ म त सारथी हुँ
डुल्दैछु नेपाल म दृष्टि पाऊँ

मलाई खोज्दै अव छट्ट आऊ
र व्यापकै व्यापक भै रमाऊ
पहाडको सुन्दर गीत गाई
उठाउँदै छू म त देशलाई

चट्टान फोरीकन पाउ धुन्छु
र मृत्तिकामा नवगीत रच्छु
ढुङ्गो पनी वन्दछ शालग्राम
ब्रह्माण्ड हो यै अनमोल धाम

माटो सधैं चिन्मय बन्न देऊ
आफ्नै कलामा धरती उठाऊ
चुहाउ आफ्नै नव सीप तप्प
बल्नेछ आफैं धरती धपक्क

म हिम्चुलीमा जब पाउ टेक्छु
सौन्दर्य जम्मै म टपक्क टिप्छु
थलैथलामा नवराग ल्याई
वाणी खुलाई अनि मुस्कुराई

मलाई आफ्नै उपहार देऊ
आँखाहरूमा नव फाँट देऊ
म स्रोत हूँ जीवनको अनन्त
आस्थाहरू छन् मनमा पवित्र

धूमपान: तथ्यांक र गतिविधि

(१) अष्ट्रेलियाका एक वस चालकलाई धूमपान नगरे पनि आफू काम गर्ने ठाउँमा गरिएको धूमपानको असरले फोक्सोको क्यान्सर भएको दावी गरेपछि ६५,००० अष्ट्रेलियन डलर (झण्डै बाउन्न हजार अमेरिकी डलर) हर्जाना दिइएको छ। अष्ट्रेलियाले सन् १९८९ सम्ममा सबै कार्यालयमा धुमपान निषेध गर्ने निधो गरेको छ। यस कार्यमा यो घटना प्रेरकको रूपमा रहने विश्वास गरिएको छ। अष्ट्रेलियामा नगर वसमा, अन्तर्राष्ट्रिय हवाई उडानमा र सरकारी कार्यालयमा धूमपान निषेध कानून लागू गरिसकिएको छ।

(२) अरू मानिसले पिएको चुरोटको धुवाँले न पिउने मानिसको स्वास्थ्यमा रोग उत्पन्न हुन्छ। १८ औं धूम्रपानको प्रतिवेदन (२०४३, पुस ६) मा उल्लेख गरिए अनुसार अमेरिकामा प्रत्येक वर्ष तीन लाख मानिसहरू धूम्रपान-बाट मर्ने गरेका छन्। संयुक्त राज्यमा रहेको वार्षिक मृत्युदरमा १५ प्रतिशत सूर्तिको उपयोगबाट हुने गर्दछ। यो वर्ष फोक्सोका क्यान्सरबाट मर्ने अनुमान गरिएका १ लाख ३५ हजार रोगीहरूमध्ये ८५ प्रतिशत धूम्रपानबाट पीडित पर्दछन्। इच्छा नभइकन चुरोट, पाइप्स, सिगार आदिको धुवाँको स्वास लिंदा लिनेपछि शरीरलाई हुने खतराको तथ्याङ्क भने प्रतिवेदनमा संकलन हुन सकेन।

(३) धूम्रपान सम्बन्धी रोगले अष्ट्रेलियामा प्रत्येक वर्ष २३,००० व्यक्तिले ज्यान गुमाउने गरेको कुरा जन स्वास्थ्य अनुसन्धानकर्ताहरूले बताएका छन्। धूमपान सम्बन्धी रोगको कारण मर्नेहरू मध्येमा ९,००० हृदयको रक्त धमनी फुटेर मर्छन् भने ६,००० व्यक्ति हरेक वर्ष क्यान्सरको शिकार हुने गरेका छन्। त्यस्तै अन्य धेरैलाई मुख, फोक्सो घाँटी, मिर्गौला, पित्तथैली तथा पाक-स्थली, आदिको रोगले मृत्युको मुखतिर धकेल्ने गरेको पाइएको छ।

(४) विकसित राष्ट्रहरूमा अचेल एउटा नयाँ प्रवृत्ति विकास भएको छ। त्यो हो धूम्रपान गर्नेहरूको संख्या पुरुष वर्गमा घट्दै जानु तथा ३० वर्ष-सम्मका महिला वर्गमा धुम्रपान गर्नेहरूको संख्या तीव्र रूपले बढ्दै जानु हो। वेल्जियम, डेनमार्क, फ्रान्स, इटाली, आयरलैण्ड, नेदरल्याड तथा नर्वे लगायतका केही राष्ट्रहरूमा धुम्रपान गर्ने किशोरहरूको संख्याभन्दा किसोरीहरूको संख्या बढिरहेको छ।

(५) जापानको टोकियो भूमिगत मार्गमा पनि आगलागीको डरबाट मुक्त हुन धूमपान गर्न नपाइने नियम बनाएको छ भने वार्षिक १७,००,००० (सत्र लाख चुरोटका खिल्लीहरू बिक्री हुने अर्जेन्टिनामा धूमपान विरोधी एकता दिवस स्थापना गरिएको छ। (२०४४)

(६) संसारको सबैभन्दा ठूलो सुर्ति उत्पादक राष्ट्र भारतमा धूम्रपानको कारणले प्रति वर्ष १०,००,००० (दश लाख) भारतीयतरूको मृत्यु हुने गरेता पनि त्यहाँ धूम्रपानको विरोधमा त्यति बढी कडा नियम लागू गरिएको देखिंदैन।

(७) इटालीको सरकारले धूम्रपान विरोधी कार्यक्रमलाई भन्दा एड्स रोग नियन्त्रमा बढी प्राथमिकता दिने कुरा थाहा भएको छ। १,५०,००,००० (एक करोड पचास लाख) धूम्रपान गर्नेहरू रहेको फ्रान्समा चुरोट खाने वा नखाने भन्ने विषय नै विवादपूर्ण बनेको छ। नर्वेको सरकारले धूम्रपानबारे सार्वजनिक सूचनाको निम्ति राष्ट्रिय अभियान हो सञ्चालन गरेको छ भने वातावरणप्रति सजग राष्ट्र डेनमार्कको विधायिकाले सरकारी कार्यालयहरूमा धूम्रपान बन्द गर्ने प्रस्तावलाई अस्वीकार गरेको पाइन्छ। (२०४४)

(८) विश्व स्वास्थ्य सम्बन्धी विश्व सम्मेलनमा उल्लेख भए अनुसार धूम्रपान गर्नेहरूको संख्या विकासशील देशहरूमा अत्यधिक रहेको छ। कूल आवादीको ५० करोड भन्दा बढी मानिस धूम्रपानको लतमा लागेका छन्। धूम्रपानका सम्बन्धमा गरिने व्यावसायिक विज्ञापनहरूमा पनि सबैभन्दा बढी खर्च गर्ने मुलुकहरू विकासशील नै छन् र धूम्रपानको कारणबाट नाना किसिमका व्याधिहरूबाट ग्रसित भई बालक बलित हुने मानिसहरूको संख्या पनि विकाससील देशहरूमा नै बढी पाइन्छ।

(९) विकसित राष्ट्रमा कम बजनको बच्चा जन्मनुको मुख्य कारण धूम्रपान पनि पर्दछ। कम बजनका बच्चाहरू जन्मेको ९० वटा घटनाको अध्ययन गर्दा चाल पाइएका ४३ कारणहरूमा धूम्रपान सबैभन्दा माथि आउँछ। कुपोषणबाट ग्रस्त आमाले गर्दा बच्चाको वृद्धिमा रोकावट उत्पन्न हुन्छ तर धूम्रपान कुपोषण भन्दा पनि बढी संकटकारी भएको विश्व स्वास्थ्य संगठनले बताएको छ।

(१०) तेस्रो विश्वका महिलामा बढ्दो धूम्रपान सम्बन्धी कुलतको कारणले नवजात शिशुको कम तौलको समस्याले निकै भयङ्कर रूप लिन सक्ने अनुसन्धानकर्ताहरू बताउँछन्। गर्भिणी अवस्थामा चुरोट पिउने महिलाहरूका शिशुको तौलमा २०० देखि ३०० ग्राम (७ देखि १०० औंस) कम हुन्छ।

(११) केही वर्ष अगाडि नेपालमा मृगेन्द्र चिकित्सा गुठीद्वारा नेपालको शहरी, पहाडी, तराई तथा उच्च पहाडी भेगमा गरिएको सर्वेक्षण अनुसार ६८.४ प्रतिशत धूम्रपान गर्ने फेला परेका थिए। जसमध्ये पुरुष ७८.३ र महिला ५९.६

प्रतिशत थिए । यो प्रतिशत धूम्रपान गर्नेको विश्वमै सबैभन्दा बढी प्रतिशत हो । सोही सर्वेक्षण अनुसार खाद्यान्न लगायत अन्य अत्यावश्यक वस्तु समेत समयमा आपूर्ति हुन नसक्ने जुम्ला जिल्लाको चन्दननाथमा पुरुष ८४.७ र महिला ७१.७ प्रतिशत गरी ७७.७ प्रतिशत व्यक्ति धुम्रपान गर्ने फेला परेका थिए । धूम्रपान गर्नेकै अनुपातमा जीर्ण दम खोकीका रोगीहरू फेला पर्ने कुरा पनि उक्त सर्वेक्षण-बाट पत्ता लागेको छ ।

(१२) विश्व स्वास्थ्य संगठनकै एक तथ्याङ्क अनुसार संसारमा सबै-भन्दा बढी हाम्रो देशमा नाबालक र महिलाहरूले चुरोट खाने गर्छन् र त्यसमा पनि फिल्टर नभएको तल्लो दर्जाको चुरोट (बिडी पर्दछ । स्वस्थ बच्चा जन्माउने जिम्मा बोकेका महिलाहरूले धूम्रपानको दुर्व्यसन छोड्नु अनिवार्य छ। झन् गर्भिणी महिलाहरूले धुम्रपान गर्दा त तिनीहरूको सन्तानको जीवन नै खतरामा पुग्ने सम्भावना हुँदा तिनीहरूलाई यस प्रवृत्तिबाट छुटाउन ठोस व्यवस्था हुनु आवश्यक देखिन्छ ।

(१३) नेपालमा धूम्रपान गर्ने महिलाहरूको संख्या पनि कम छैन । धूम्रपानजन्य दुष्परिणामहरूप्रति अनभिज्ञ महिलाहरू आफ्नो स्वास्थ्यको हालत त बिगार्छन् नै अज्ञानतया आफ्ना कलिला बालबालिकाहरूको स्वास्थ्यप्रति पनि हेलचक्र्याइँ गर्न पुग्दछन् । धूम्रपान गर्ने महिलाहरूको आमाशय विकृत हुने डर रहन्छ । धूम्रपान गर्ने आमाहरूबाट बालबालिकाहरू जन्मेपछि र जन्मनुभन्दा अगावै गर्भमा हुँदादेखि नै धूम्रपानको शिकार भएका हुन्छन् र गर्भिणी अवस्थामा धूम्रपान गर्ने महिलाहरूको शिशुको तौल कम हुने र समय अगावै शिशुको जन्म हुन सक्छ ।

(१४) न्यूजिलैण्डमा अखबार, म्यागाजिन र फिलम जस्ता संचारका माध्यममा धूम्रपानको विज्ञापन गर्न नपाइने भएको छ । यो नियमलाई अटेर गर्नेलाई छ हजार अमेरिकी डलर (एक लाख असी हजार) सम्म जरिवाना गर्न सकिने छ । (२०४७, पुस।

(१५) विश्वका राष्ट्रहरूमा वर्षेनी करीब १० लाख व्यक्ति धूम्रपान-बाट उत्पन्न हुने रोगबाट मर्दछन् । यो कुरा नाइजेरियाका स्वास्थ्य तथा मानव सेवा मन्त्रीले बताएका हुन् ।

(१६) धूम्रपानको कारण निकोटिन, टार र कार्बोनाक्साइड जस्ता कयौं हानिकारक पदार्थले हाम्रो शरीरभित्र प्रवेश पाउँछ र यसैकारण फोक्सोको क्यान्सर, ब्रङ्काइटिस तथा मुटुको रोगबाट मर्नेहरूमा क्रमशः ९०,% ७५% र पर्दछन् /

– प्रस्तुति : गम्भीरबहादुर हाडा

कविता

प्रजातन्त्र र युवा

– दिनेश सिजापति

प्रजातन्त्र आएका दिनतिर
शहीद हुन नसकेको चिन्ता परिरह्यो यो मनभरि
साना अबोध बालक र वृद्धहरू मिलेर
चितामा जलिरहेका थिए
मन कुँडिएर आयो
अब त्यो निमेष फर्कदैन
म शहीद हुन सक्तिन
दिन बित्दै गयो, प्रजातन्त्र फुल्नेछ
मजस्ता धेरै आनन्दी र सुखी हुनेछन् भन्ठानें
दिन एकपछि अर्को हुँदै बित्दै गयो
कसैले हारे, कसैले जिते
जितसँगै हामीले जित्यौं
हारसँगै हामीले हाऱ्यौं
जित्दा आँखाभरि आँसुका साथै
दिल धेरै चौडा भयो
हार्दा यी सबै जित नभइदिएको भए हुन्थ्यो भन्ठानें
तर पनि जित र हार भइ नै हाल्यो
यो जित र हार प्रजातन्त्रको पहिलो खुड्किलो
मन बाँधेर बसें
तर पनि दिन बित्दै गयो
साउनमा धेरै रूखका टोड्कामा ऐंजेरू फले झैं
जित र हार, गाली र बेइज्जतीका

नेताहरूका कानमा पनि ऐंजेरू फल्न थाले
यहाँ हिजोमात्र प्रजातन्त्र आएको
ऐंजेरू आएको रूख त बिग्रेको भन्छन्
यो प्रक्रिया देख्दा त वृक्षहरूको
भरोसा पनि कति गरूँ
प्रजातन्त्रका अमर सेनानीको
पुण्य स्मृतिमा विकासको युद्ध
आरम्भ गर्नेपर्छ
प्रजातन्त्रमा लागेको ऐंजेरू
देशका कर्णधारहरूले
उखेल्नै पर्छ ।

"मसँग मसी छैन भने रगतले कविता लेख्छु"

--वाशु शशी

(आजभन्दा करीव ५० वर्ष अगाडि काठमाण्डौको देवपत्तनमा भूमिमानन्द वैद्य र हितकुमारीको कोखबाट एउटा बच्चाको जन्म हुन्छ। जीवन बाँच्ने क्रममा बच्चाले आफूलाई र आफ्नो परिवेशलाई सामान्य दृष्टिकोणभन्दा अलि माथिबाट, अलि भित्रबाट र अलि नजिकबाट हेर्ने जमर्को गर्न थालेको हुन्छ। अन्ततः त्यसै क्रममा आफूलाई साहित्यिक अग्निकुण्डबीच पाउँछ उसले। मानौं आफू जलिरहेको छ र त्यो जलनमा पनि एउटा अलौकिक आनन्द, एउटा आत्मिक सन्तुष्टि र एउटा अवर्णनीय प्राप्तिको सुखद अनुभूति वटुलिरहेको हुन्छ र त्यही आगोको ज्वाला उसको जीवनको प्रदिप्त रोशनी वनिरहेको हुन्छ। उहाँ हुनुहुन्छ–कवितालाई जीवनकै हाराहारीमा माया गर्ने आजका सक्रय र सशक्त कवि वाशु शशी। जीवनसँग कविता र रगतसँग मसीलाई विकल्पमा देख्ने शशीका कविताहरू पढ्दा लाग्छ हामीले आफ्नो जीवनलाई पनि 'कवितामा लेखिदिनोस्' भनेर कुनै दिन उहाँको अगाडि तेर्स्याइदिएका थियौं। यद्यपि अझसम्म जीवनको गुढ रहस्य वुझ्न वाँकी नै ठान्ने वाशु शशीका कविता संग्रह, अनुवाद तथा नेवारी, नेपाली नाटकहरू गरी एक दर्जनभन्दा वढी पुस्तकहरू प्रकाशित भैसकेका छन्। डा. कुमारवहादुर जोशीका अनुसार तत्कालीन दरवार इण्टरमिडियट कलेजवाट कलेजवाट निस्केको विद्यार्थी भन्ने पत्रिकामा 'विद्यार्थी' नामकै कविता उहाँको पहिलो प्रकाशित रचना थियो। उहाँको निजी र यथार्थ जीवनलाई हेर्ने हो भने कविता लेखन, नाटक लेखन र विदेशी कृतिको अनुवाद गर्नमा अति व्यस्त देखिनुहुन्छ। त्यही व्यस्ततावीच पनि केही क्षण समय निकालेर स्तम्भकार विष्णु 'आभूषण' र नगेन्द्रराज रेग्मीसँग उहाँकै निवासस्थानमा गरेको भलाकुसारीको सारसंक्षेप प्रस्तुत छ। –सम्पादक)

प्रश्नः– साहित्यप्रति शुरुमा कसरी लगाव भयो तपाईलाई। कसैवाट प्रेरणा पाउनु भयो कि ?

उत्तरः– यो प्रश्न सोध्नु नै गलत हो, गलत प्रश्नको सही जवाफ आउँदैन।

श्रृजनशील व्यक्तिमा लगाव भन्ने कुरै हुँदैन । यदि नदीको स्रोत छ भने त पानी आउँछ तर स्रोत छैन भने जति पानी खन्याए पनि केहीबेरमै सुक्छ ।

प्रश्नः– यसको मतलब प्रेरणा नै मिलेन भन्न खोज्नु भएको त होइन ?

उत्तरः– त्यो त होइन, मेरो माइलो दाजु गोविन्द वियोगी सामान्य लेख्नु हुन्थ्यो उहाँबाट केही प्रेरणा पाएँ । मेरो आमा जो सङ्गीतप्रिय हुनुहुन्थ्यो उहाँबाट पनि यस्तै प्रेरणा पाएँ ।

प्रश्नः– साहित्यमा चलेका वाद-आन्दोलनलाई कसरी हेर्नुहुन्छ ?

उत्तरः– यसमा पनि तपाईहरू नयाँ दृष्टिकोणले सोच्नुहोस् । वादले हामीलाई विभाजित गराउँछ, विभाजनको अर्थ हो- द्वन्द्व, र द्वन्द्वले संघर्ष निम्त्याउँछ । जव वादै छैन भने शत्रुता पनि हुँदैन । भन्नुहोस् त रूस र अमेरिकावीच आ-आफू सम्पन्न भएर पनि आ-आफ्ना वादले गर्दा टक्राई रहेछन् । तसर्थ कुनै विचार वा वादले साहित्य सृजना गर्न लागियो भने त्यसले त्यो वादको प्रतिपादन वा प्रचार मात्र गर्छ भन्ने मेरो धारणा छ । तपाईहरू जस्तो जूठो खान, मागेर लाउन, अर्काकी स्वास्नी ल्याउन रूचाउनु हुन्न भने अर्काको विचार किन लिन चाहनु हुन्छ ? तपाई आफ्नै विचार बाँच्नुहोस्, जीवन पनि आफ्नै बाँच्नुहोस् जब तपाई मृत्यु आफ्नै मर्नुहुन्छ भने । तपाईका वावुले तपाईलाई यो व्यक्तित्व दिएका होइनन्, स्वयं आफैले जन्माउनु भएको हो ।. मूलतः व्यक्तिलाई व्यक्तित्वको जन्म जन्म दिने स्वयं आफू नै हो ।

प्रश्नः– तपाई स्वयंलाई वढी महत्त्व दिनु हुन्छ कि क्या हो ?

उत्तरः– आफूमाथि चढेर हेर्न निकै गाह्रो छ जव आफूमाथि चढिन्छ, तव मात्र सव कुरा देखिन्छ ।

प्रश्नः– तपाईको विचारमा एउटा सामान्य मान्छे र एउटा सृजनशील लेखकमा के अन्तर छ ? जव कि उनीहरू समान जीवन भोगिरहेका छन् ?

उत्तरः– हेर्नुहोस्, मेरो विचारमा लेखक कवि सात जुनीमा गरेको पापको अपराधले मात्र वन्दछ । सामान्य मान्छेको पीडा, यातना, कष्टहरू त सान्त्वनावाट वा औषधिवाट पनि निदान गर्न सकिन्छ तर साहित्यकारलाई केही औषधि हुन्न । वरू उल्टै समष्टिको दुःख र कष्टलाई सहेर, आत्मसात्‌बाट ग्रहण गरेर मात्र पनि पुग्दैन, अभिव्यक्त पनि गर्नु पर्छ र सो अभिव्यक्ति व्यक्त गर्दा समाजवाट लात र अपजस पाइन्छ । कुनै व्यक्तिगत जीवनमा जागीरदार वा व्यापारी, रिटायर वा काम छोडेर

बस्न थालेका छोराहरू, डाक्टर, इन्जिनियर वा विलाशी जीवन व्यतित गर्न थाल्छन् तर लेखक-कवि रिटायर हुँदा बढेकी छोरी रण्डी हुन्छे, छोरो कि त चोर कि त स्म्याक्स् तान्न थाल्छ, स्वास्नी ओषधिको अभावमा मर्छे, आफू साहित्यकार भात खान नपाई मर्छ र अन्त्यमा उसले कात्रो पनि पाउँदैन । खास गरी हाम्रो नेपालमा । म विदेश जाँदा एक ठाउँमा लेखिएको थियो "यो इलाकामा ठूलो लेखक (फलानो) बसेको छ कृपया हल्ला नगरिदिनुहोला" यस्तो स्वय जनताले लेखिदिएको छ । यहाँ हाम्रोमा चाहीं लेखक-कवि हुनु अपराधीलाई थुन्ने ठूलो जेल जस्तो भएको छ ।

प्रश्नः– र पनि किन तपाईहरू यसैमा लागिरहनु भएको छ त ?

उत्तरः– सम्पूर्ण यातना, दुःख, कष्टभित्र पनि रचनाको जुन आत्मिक आनन्द छ त्यो संसारको सबै सुखभन्दा पनि बढी हुन्छ र नै लेखक, कविहरू लागिरहेका छन् त्यही सुख प्राप्त गर्न । त्यही सुख हो सृजनशीलता ।

प्रश्नः– तपाई मुख्यतया कुन विधामा कलम चलाउनु हुन्छ ?

उत्तरः– मूलतः कविता लेख्छु, आजकाल नाटक लेख्दैछु । विधागत नसोची तत्त्वगत हिसाबले सोच्दा काव्यगत नै लेख्छु, अर्थात् नाटकमा पनि कविता नै लेखिरहेको हुन्छु ।

प्रश्नः– समालोचना.. समालोचना.. मलाई मन पर्दैन, समालोचकले लेखकलाई परिष्कृत तुल्याउँछन् भन्ने केवल बौद्धिक भ्रम मात्र हो भनी तपाईले एक पत्रिकामार्फत भन्नुभएको थियो । के साहित्यमा समालोचनाको दरकार नपर्ने ठान्नुहुन्छ ?

उत्तरः– मैले फ्यूज गएको चिम नबाल्नुहोस् मात्र भनेको हुँ तर बत्ती नै नबाल्नुहोस् भनेको होइन । यहाँका समालोचकले विवरण दिने मात्र काम गरेका छन् तर उसको काम त्यतिमात्र होइन । त्यो महत्त्वपूर्ण, सृजनात्मक र ठूलो काम हो तर यहाँ त्यसो भएको छैन ।

प्रश्नः– लेखन, अध्ययन, घुमफिरले पनि धेरै कुरा जानिसक्नु भएको । जीवनलाई कस्तो पाउनु भयो ?

उत्तरः– मैले जीवनलाई बुझेको भए चुप्प बस्थें । जीवन बुझ्नकै लागि लेखिरहेको छु ।

प्रश्नः– कुनै कारणवश् लेखन-प्रक्रया बन्द त हुँदैन ?

उत्तरः– बिलकुल हुँदैन, मसँग मसी छैन भने रगतले कविता लेख्छु ।

प्रश्नः– तपाईको लेखनको मुख्य विषयवस्तु के हुन्छ ?

उत्तरः- मान्छे अथवा मानवीय कारणलाई नै म आफ्नो विषयवस्तु बनाउँछु। 'नेपाल सुन्दर पहाडहरूले भरिएको' भनेर अरुहरूले धेरै लेखे (यसबारे विदेशीहरूले पनि मसँग अन्तर्वार्तामा सोधेका थिए) तर त्यसलाई म राम्रो भन्दिन। त्यो विकट छ, उपयोगी छैन। जुन कुरामा मानवीय उपयोग हुन्न त्यसलाई म सुन्दर भन्दिन।

प्रश्नः- त्यसो भए मान्छेको जीवन र कवितालाई समानान्तर रूपबाट हेर्नु भएको छ कि ?

उत्तरः- मोती भेट्नु छ भने सागरभित्र डुबुल्की लगाउनै पर्छ। किनारामा बसेर मोति उपलब्धिको आशा गर्न सकिँदैन र कविता पनि जीवनरूपी सागर-भित्र डुबुल्की लगाएर प्राप्त गर्न सकिने मोति बराबरको अनमोल उपलब्धी हो। कहिलेकाहीं त लाग्छ समग्र जीवन नै एउटा कविताको ठेली हो। आफ्नो क्षमताअनुसार सबैले जीवनलाई बुझ्ने चेष्टा गरेका हुन्छन्। तर मलाई लाग्छ- जीवनलाई बुझ्ने सुन्दरतम साधन कविता नै हो।

प्रश्नः- अन्तमा, नयाँ पिंढीलाई केही सुझाव थियो कि ?

उत्तरः- मलाई यही प्रश्न बीबीसीले पनि सोधेको थियो। अग्निकुण्डमा तपाईहरू पस्नु भएको छ त्यहाँ नजल्नुहोस्। शिक्षाको विष खुवाएर हामी उनीहरू-लाई मारिरहेछौं। भगवान्ले दिएको शक्ति नष्ट पारिरहेछौं तर त्यसलाई उकास्ने पद्धति हामीकहाँ छैन। डाक्टर, इन्जिनियर बनाए पनि तपाई-लाई तपाई बनाइँदैन। अर्थात् त्यो शैक्षिक वातावरण हामीकहाँ छैन नभएको ठान्नुहोस्। भन्नु यत्ति छ कि आफूलाई उकास्नपट्टि लाग्नुस्।

('साहित्यिक - आइतवार' २०४४ साल फाल्गुण २४ गते प्रकाशित यो अन्तर्वार्ता उहाँको निधन पश्चात् पनि उत्तिकै समयसापेक्ष देखिएकोले सामग्री उपलब्ध गराइदिने नगेन्द्रराज रेग्मीलाई साधुवाद दिंदै साभार प्रकाशित गरेका छौं –सम्पादक)।

मृत्यु - गन्ध

-- विष्णु 'आभूषण'

कहिलेकाहीं लाग्छ- यो मनको विरोध बोलुँ । किन घरिघरि आफैंलाई विझाउने गरी यो मन दुख्छ ? जीवनमा एउटा नमिठो पीडाको लहर छाडेर भूमिगत भइसकेको अतीतलाई किन यो मन कुनै एकान्त पाउनासाथ खोतल्न थाल्छ, मलाई आफ्नै मनको विरुद्धमा उभिन जङ् चल्छ । आज पनि सदाझैं एक्लै छु कोठामा । नितान्त एक्लै । वहिनी स्कूल गइसकेकी छे साथीहरूसँग यहाँवाट आधा घण्टाको उकाली-ओराली छिचोल्नुपर्छ- स्कूल पुग्न । मैले त त्यत्रो परिश्रम गरेको फल यी यसरी एक्लै कोठामा वसेर आफ्नै मृत्युसँग पौंठेजोरी खेल्दै विताउनु परिरहेछ । सवै जना आ-आफ्नै काममा जान्छन् । धेरै दिन भैसक्यो- मैले यसरी यो साँघुरो कोठामा एक्लै विताउन थालेको । एक्लै यसरी कोठामा बस्नु मेरो लागि निकै ठूलो यातनाभन्दा कम छैन । तर घरका सवैजना आराम गराउने सल्लाहमा दिनदिनै मलाई सुरक्षामुखी यातनाको पञ्जामा छाडिदिनै उद्यत छाडिदिने गर्छन् । म कसरी अर्थ्याउँ- एकान्त नै मेरो लागि अर्को ठूलो रोग हो । मलाई रोगदेखि छुटाउने मन छ भने यसरी एक्लै कोठामा नराखिदेओ ।

तर अहँ ! कसैले मेरो मनको गहिराइसम्म पुग्ने चाहनै देखाउँदैनन् । त्यस्तै हुन्छ रे एकान्तमा । तर तेरो लागि सवैले घरको काम वन्द गर्नु पनि त भएन नि ! -आमा पनि यसो भन्नुहुन्छ । धामी झाँक्री दिनदिनै वोलाइन्छ- ग्रहको नराम्रो खेल रे । शनि सङ्कटाको दशा लागेको छ रे मलाई । त्यतिवेला वरू एउटा हास्य कहानी सुन्दा हुने मीठो अनुभूति हुने गर्छ । मेरो मानसिकताको किनारा एकातिर, धामी-झाँक्रीको अनुमानको किनारा अर्कोतिर- उनीहरू जवर्जस्ती ती विपरीत किनाराहरूलाई जोड्ने प्रयत्न गर्दछन्, जुन मेरो लागि एउटा हास्य चुट्किलाभन्दा कम रसिक लाग्दैन । कुन्नि किन हिजोआज यस्तै

विसङ्गति र वितृष्णामा नै मनले शान्ति पाउने गरेको छ। त्यसैले धामी, झाँक्री वोलाउने अन्धविश्वासी कामप्रति पनि म विरोध जनाउने पक्षमा छुइन।

आज विहान त्यस्तै भयो। पल्लो गाउँवाट एउटा वैदाङ्गी वूढोलाई दाइले लिएर आउनु भयो। उसले आफ्नो वैदाङ्ग मन्त्र फोएर त्यसको शक्तिले मेरो रोग गहिल्याउने प्रयत्न गऱ्यो। मिनेटभरि आँखा चिम्लिसकेपछि उसले स्वाभाविक हुँदै भनेको थियो– मेरो मनमा वोक्सीको कब्जा छ रे। भूत उठाएर लगाइदिएको छ रे वोक्सीले। आमा डरले कालोनिलो हुनुभयो। वावा वोक्सी-प्रतिको आक्रोसले थरथर काँप्नुभयो। दाजु पनि वावा जस्तै वोक्सीको विरोधमा चिच्याउनुभयो। मलाई एउटा नाटक हेरिरहँदाको रमाइलो अनुभव भयो त्यो क्षण। त्यसपछि हाम्रै घरमा खाना खाएर कुनै दिन झारफुकको लागि आउने आश्वासन दिँदै त्यो वैदाङ्गी आफ्नो घरतिर लाग्यो। वर्तै ननिस्कनु भन्ने सल्लाह दिएर वावु-आमा, दाजु-भाउजु खेतवारी लाग्नुभयो- मलाई फेरि एक्लै कोठामा छाडेर, मृत्युको झनै नगिच धकेलेर।

यतिखेर मेरो नाकमा फेरि त्यही परिचित गन्ध ठोक्किन आइपुगेको छ, मृत्यु-गन्ध ! म निसास्सिदै छु। दुर्भाग्य- मेरो मनले कहिल्यै यस्तो वेलामा ढाडस दिँदैन। विस्तारै मनको एउटा कुनावाट मेरो अतीतको भग्नावशेष खोतलिँदै म देख्न थाल्छु– कति धेरै सपनाहरू किचिमिचि भएर पुरिएका छन् त्यहाँभित्र, चाहनाको एउटा सुन्दर फूल-कोपिला फक्रिन नपाउँदै फतक्कै कुहिएर भूमिसात् भएको छ त्यहाँभित्र। मलाई विपनैमा ऐंठन होला झैं लाग्छ। कति पटक यस्तो वेलामा म चिच्याइसकेकी छु। पसिना-पसिनाले निथ्रुक्क भिजेर अरू काम गर्दै गरेको ठाउँमा पुगेकी छु। त्यसवेला मलाई रोगले बढी च्यापेछ भन्दै सवैजना अत्यधिक चिन्तित हुने गर्छन्। आफ्नो काम त्यो दिनको लागि अधुरै छोडेर कोही धामी झाँक्री वोलाउन दौडिन्छन्, कोही मलाई ढाडस दिँदै पङ्खा हम्किन थाल्छन्।

मलाई डर लाग्दछ- कतै आज पनि त्यस्तो घटना नघटिदियोस्। आफ्नै मनलाई पुकार्दैछु म। मन कुनै नियन्त्रणहीन रेलगाडी झैं एकतमास मेरै इच्छा विरूद्धमा झक्झकाइरहेछ। कुनै लिकको शुरूवात् भेट्नासाथ त्यहींवाट अतीतको शृङ्खला छिचोल्दै मनको रेलगाडी अनवरत अगाडि वढ्न वेर लाउने छैन र त्यसैमुनि किचिँदै-थिचिँदै, रेलिँदै-पेलिँदै म ढुकढुकी हुँदाहुँदै मृतप्रायः हुनेछु- कति भयानक हुनेछ त्यो स्थिति !

मनलाई नियन्त्रणमा ल्याउन एउटा किताव झिक्छु– दराजवाट। अहो! कति ठूलो दुर्घटना- मलाई रिंगटा लागेर आउँछ। त्यही उपन्यास, जुन आजसम्म

मैले पढ्ने दुस्साहस गर्न सकिनँ- अहिले मेरो हातमा छ ।

एउटा क्रान्तिकारी योद्धाको कथामा आधारित उपन्यास हो यो– विक्रमले मलाई पढ्नको लागि दिँदै भनेको थियो । विक्रम जस्तै युवकको कथा होला यहाँ साहसी, करूण, दयालु, सुन्दर युवकको कथा- मलाई त्यसवेला अकारण यस्तो लागेको थियो । पढ्न मन हुँदाहुँदै मैले पढ्न सकिनँ । सम्भवः मलाई यस्तै लाग्यो- त्यो उपन्यास पढेर त्यसभित्रको नायकबाट प्रभावित नहोइजाउँ, अनि विक्रम नै मेरो लागि सबैभन्दा जीवन्त नायक बनिरहोस् । यस्तै यस्तै कारणहरू थिए, प्रारम्भमा त्यो उपन्यास नपढ्नुको पछाडि ।

पढ्न शुरू गऱ्यौ ? .. पढिसक्यौ ? ... भनेर वारम्वार विक्रमले सोध्दा म जहिले पनि मध्यान्तरमा पुग्यो भनेर ढाँटिरहन्थें । धेरै कुराहरु विक्रमलाई कहिल्यै ढाँटिरहन सकिनँ, तर त्यहाँ एउटा वाक्य भने मैले ढाँटिरहेँ, परन्तु ढाँट्नुको धृष्टतावाट कहिल्यै आफू पीडित भएको महसूस गरिनँ । एकदम सत्य कुरो भनिरहेछु जस्तो गर्व हुन्थ्यो मनमा ।

अलि पछि मलाई लाग्यो- त्यो उपन्यासमा मेरो पनि अधिकार भइरहोस् । विक्रमको उपन्यासमा मेरो पनि अधिकार भइरहनु कम आनन्दको कुरो थिएन । (मैले सोचिहालें) प्रष्ट थियो– उपन्यास पढिसिध्याउनुको मतलब त्यसमा भएको आपनो अधिकार निखार्नु हो । विक्रमले त्यो उपन्यास मलाई पढनको लागि दिएको हो । उपन्यास पढिसकेपछि पनि राखिरहनको लागि होइन । तर पढ्दै नपढी फिर्ता गर्नु पनि उसले भनेको थिएन । यसकारण मैले त्यो उपन्यास कहिल्यै पढिहालन चाहिनँ - इच्छा हुँदाहुँदै पनि । त्यो उपन्यास पढिसकेपछि पनि त्यहाँ भएको मेरो अधिकारमा कुनै परिवर्तन नहुने अवस्था आएपछि म त्यसलाई ढुक्क भएर पढ्न चाहन्थें । यसरी मनभित्र एउटा मृगतृष्णा पालेर त्यो उपन्यासलाई पढ्नवाट जोगाउँदै त्यसमाथिको कोरा अधिकारलाई सुरक्षित बनाइरहें आफ्नो दृष्टिकोणमा ।

वेला बेलामा विक्रम आपनो क्रान्तिकारी कथा-कविताहरू सयौं विद्यार्थीहरूको माझमा जोसिलो पाराले सुनाउने गर्थ्यो । मलाई पनि एकान्तमा त्यस्ता कविताहरूको अर्थ खुलाउँदैं सुनाउँथ्यो । त्यसबेला मैले उसको कुरामा के कति गहिरिएर सोचें- भन्न सक्निनँ । तर मेरो मानसको बगैंचामा भने एकछत्त फूलथुँगा फक्रिने तानसुरमा थिए । आँखाभित्र नयाँ-नयाँ सपनाहरू बटुलिदैं थिए । स्पष्टमा प्रतिदिन भावी दुर्घटनाको बीँउहरू छर्दै थिएँ म । कति रात विक्रमले दिएको त्यही उपन्यास छातीमा राखेर निदाएँ -गनी साध्य छैन । विक्रमको लागि भनेर कस्ता कस्ता चिठीहरु लेखें र आफैंले च्यातें । त्यस्तो कामलाई कुन्नि किन अझ

पनि बेवकुफी काम भनेर बिर्सिदिन सक्दिनँ। यही कमजोरीको कारणले म दुर्घटनाग्रस्त मानसिकता भोगेर यो साँघुरो कोठाभित्र कति पटक मर्दै बाँचिरहेको छु आजसम्म।

विक्रमले बिहे गर्‍यो –यही वास्तविकता मेरो स्वप्निल जीवनको प्रथम पटाक्षेप थियो! अप्रत्याशित दुर्घटनाको क्षण!! मैले त्यसवेला आफूलाई नियन्त्रणमा ल्याउन सक्नुपर्थ्यो। मनलाई सम्झाउन सक्नुपर्थ्यो। विक्रम मेरो को हो र -यस्तो सोचेर चित्त बुझाउन सक्नु पर्थ्यो। तर त्यसो भैदिएन। लगातार कति दिनसम्म आँसुले सिरानी भिजाएर भोक र निद्राको अभावमा आफूलाई सजाय दिइरहेँ –आफ्नै कमजोर मानसिकताको वदलामा। त्यही दिनदेखि मनको नियन्त्रणहीन दुर्घटनाको शिकार हुँदै विक्षिप्त वनेर आजसम्म यो साँघुरो कोठामा मृत्युसँग लुकामारी खेल्दै आइरहेकी छु।

पछि अर्को धक्का लाग्यो– कति पटक स्कूल फी तिर्न नसकेर पढाइ छाड्नु परेकी टुहुरी केटीसँग विक्रमले मन्दिरमा गएर विहे गरेछ। मलाई त्यो केटीको नाम पनि थाहा छैन। कसरी थाहा होस्- उसको नाम सोध्ने आवश्यकता-भन्दा पर हामी सबै केटीहरू उसको नगिच हुनु पनि आफूलाई अपमानित सम्झन्थ्यौं।

र, अब त्यो उपन्यास नपढ्दा नपढ्दै पनि त्यसमाथिको मेरो अधिकार निष्क्रिय भैसकेको छ। उपन्यास पढ्नु र नपढ्नुमा अब कुनै अन्तर रहेन। तर पहिले नै धेरै पटक उपन्यासको नायक र विक्रमलाई समानान्तर रेखाहरूमा उभ्याएर हेर्न खोजेकी थिएँ। मैले उपन्यास नपढिकनै उपन्यासभित्रको नायकलाई नजानिदो किसिमले विक्रमसँग दाँजेकी थिएँ। अब त्यो उपन्यास पढ्नुको मतलव दुर्घटनाग्रस्त मनलाई अझ थिलथिलो बनाउनुभन्दा अरू केही हुने छैन। यसकारण त्यो उपन्यासका पृष्ठहरू मेरो लागि कहिल्यै उघारिएनन्। मैले दराजभित्र अरू कितावहरूको माझ हत्तपत्त भेट्न नसकिने गरी मिसाइदिएकी थिएँ –त्यसलाई।

तर आज त्यही दुर्घटना घटिदियो– कमभन्दा कम त्यसवाट त मैले आफूलाई आजसम्म वचाउँदै आएकी थिएँ। विक्रमले दिएको उपन्यासलाई बिर्सिदिनु पनि मेरो मनलाई नियन्त्रणहीन हुनवाट जोगाउने एउटा वलियो आधार थियो। यतिखेर त्यो आधारलाई पनि भत्काइदिई सकें– अप्रत्याशित नै। लाग्दैछ, कोठाभरी उकुसमुकुस गन्ध फैलिरहेछ मृत्युको। अनायास मेरा औंलाहरू त्यही उपन्यासका पानाहरू उधिन्न थाल्छन्– एवटा सन्त्रस्त मनस्थिति व्यहोरेर, आफ्नै चिहान खोतलिरहेझैं। पानाहरू क्रमशः पल्टिदै छन्। त्यही क्षण म झस्कन्छु– हठात् एउटा कागजको सानो टुक्रा भुईमा खस्छ। हत्तपत्त टिपेर

त्यहाँ लेखिएको अक्षरहरू पढ्न थाल्छु–

"कल्पना ! तिमी जस्तै दृढ जीवन-साथीको सपना देख्दैछु म । हरेक घडी साथ दिने । धेरै पल्ट तिमीलाई अप्रत्यक्ष रूपमा आफ्नो भावना पोखिसकेको छु । अब त्यसको जवाफमा चाँडोभन्दा चाँडो तिम्रो औंलाको अक्षरहरू नै बोलुन् । –विक्रम ।"

यति पढ्नासाथ मलाई लाग्यो– उपन्यास पढ्दैछु भनेर विक्रमलाई ढाँट्दाढाँट्दै मैले आफ्नै छातीमा छुरी घोच्दै आएको रहिछु । जीवन बाँचिरहेको भ्रममा यो त आफैं चिहान खनाई पो रहेछ । र, अब त कोठाका चारै भित्ताहरू गर्ल्यामगुर्ल्युम ढलेर त्यही चिहान पनि नदेखिने गरी पुरिइसकेको छ । हो, होइन झैं मभित्र फेरि कता कता छट्पटी बढ्न थाल्यो ।

'बसाइँ'का मोटे कार्की र रिकुटे: एक संक्षिप्त तुलना

–ध्रुव भट्टराई

उपन्यासकार लीलबहादुर छेत्रीको 'बसाइँ' पूर्वी नेपालको पहाडी भाग र त्यसमा पनि खास गरी ग्रामीण क्षेत्रका निर्धन, निमुखा र अशिक्षित नेपाली-हरूको यथार्थ झलक हो। यो उपन्यास धन कमाउने र सुख पाउने आशामा प्रतिवर्ष भारततर्फ बसाइँ सरेका असंख्य नेपालीहरूको करूण कथा पनि हो। यसरी बसाइँ सर्ने नेपालीहरूमध्ये अल्पसंख्यक बाध्यताले भारत पसेका छन् भन्ने उपन्यासकारको दृष्टिकोण देखिन्छ। यस्तो बाध्यताको सिर्जना हुनुमा मूलतः आर्थिक र अंशतः सामाजिक - व्यक्तिगत परिस्थिति पनि कारण बनेका हुन्छन्। आफ्नै गरिबीको मार र गाउँले शोषक-सामन्तीको शोषण, अन्याय र अत्याचार सहन नसकी परदेश लाग्ने नेपालीहरूको प्रतिनिधित्व प्रस्तुत उपन्यासमा धने वस्नेतले गरेको छ। उपन्यासको आरम्भ र अन्त्य उसकै जीवनवृत्तबाट सञ्चालित छ र ऊ नै यस उपन्यासको प्रमुख चरित्र पनि हो। वैदार बूढा र नन्दे ढकाल जस्ता समाजका कीटाणुहरू पनि यस उपन्यासमा सशक्त छन् र धनेलाई बसाइँ सार्नमा उनीहरूले प्रमुख भूमिका निभाएका छन्। उता रिकुटे पनि धनेलाई बसाइँ सर्न बाध्य गराउने अर्को चरित्र उपस्थित छ। नन्देको छोरो र उसको हली साने पनि धनेलाई बसाइँ सर्न मद्दत गर्ने सहायक कारण बनेका छन्। रिकुटेको विपरीत चरित्रको रूपमा यहाँ मोटे कार्की देखिएको छ। यद्यपि यी दुवैको सामाजिक, परिवेश तथा आर्थिक र बौद्धिकस्तर उस्तै-उस्तै छ। दुवै जना गाउँमा जन्मेका छन्, हुर्केका छन् र गाउँले संस्कृतिमा भिजेका पनि छन्। दुवैले औपचारिक शिक्षा पाएका छैनन् र दुवै जना निरक्षर पनि छैनन्। दुवै जना प्रेमी चरित्रका छन् र दुवैले धनेकी बहिनी झुमालाई प्रेम गरेका छन्। तर यस्ता केही समानताहरू हुँदाहुँदै पनि यी दुईको भिन्न-भिन्न चरित्रको उद्घाटन उपन्यासकार छेत्रीले गरेका छन्।

मोटे कार्की आफ्नै देशको माटोमा गाउँले सुख-दुःखमा रूखासुखा खाएर बस्न मन पराउँछ। उसलाई कृत्रिम आधुनिकताको रोगले छोएको छैन। तर

रिकुटे धन कमाउने उद्देश्यले विदेश पसेको छ। पराईको देशमा पराईको भलाइका लागि काम गर्न उसको रूचि छ। उसलाई आफ्नो गाउँघरको मायाले भन्दा अरूको धनले वढी आकर्षित पारेको छ। मोटे कार्की आफ्नो गाउँघर र छरछिमेकमा सहयोगी र परोपकारी वनेको छ। त्यसैले सम्मानित र सवैको प्रिय पनि वनेको छ। तर रिकुटे आफ्नो गाउँठाउँलाई त्यति वास्ता गर्दैन, ऊ त्यति सम्मानित र प्रतिष्ठित पनि हुन सकेको छैन। मोटे कार्की धनेका लागि मित्र वनेको छ भने रिकुटे शत्रु वनेर आएको छ। प्रेमप्रसङ्गमा दुवै भिन्नभिन्न चरित्रका देखिन्छन्। रिकुटे झुमाको जीवनमा विष वनेर आउँछ भने मोटे कार्की उसको जीवनमा सञ्जीवनी वनेर उदाएको छ। रिकुटे झुमाको जीवन समाप्त गर्छ भने मोटे कार्की उसको जीवनको सुरूआत गर्छ। मोटे कार्की झुमालाई वास्तवमा हार्दिक प्रेम गर्छ तर नैतिक-सामाजिक मर्यादालाई उल्लङ्घन गरेर वोलीवाट प्रेमको आडम्वर देखाउँदैन। तर रिकुटे झुमाप्रति वास्तवमा सच्चा प्रेम गर्दैन, तर प्रेमको अभिनय गर्छ। मोटे कार्कीको झुमाप्रतिको प्रेम आदर्श र चिरस्थायी छ, तर रिकुटेको प्रेम स्वार्थी र क्षणिक मात्र छ। झुमाको आपत्तिमा मोटे कार्की उसलाई साथ दिन्छ, तर रिकुटे आपत्ति थपेर धोका दिन्छ। यस प्रसङ्गमा मोटे कार्की धीर र गम्भीर वनेको छ भने रिकुटे चञ्चल र कामुक वनेको छ। रिकुटेलाई वासनाले दौडाएको छ भने मोटे कार्कीलाई कर्तव्यले डोऱ्याएको छ। मोटे कार्की दोजिया झुमालाई मात्र स्वीकार गर्दैन, सामाजिक चुनौतीलाई पनि सामना गर्न सक्ने स्थितिमा पुग्छ। तर रिकुटे दुवैवाट पलायनवादी भई एक प्रकारले भागेको छ। उपन्यासकारका शव्दमा मोटे कार्की स्वर्गलोकको जून वनेको छ; जसले जगत्लाई शीतलता दिएको छ र अन्धकारमा वाटो देखाएको छ। तर रिकुटे चैतको हुहुरे वतासमा वल्दो आगोको मुस्लो वनेको छ, जसले सारा कोमल वनलाई डढाएको छ र आफू पनि खरानीको थुप्रो वनेको छ। झुमालाई स्वीकार गरेको मोटे कार्की र उसलाई अस्वीकार गरेको रिकुटे दुवै अज्ञात दिशातर्फ लागेका छन् तापनि मोटे कार्कीले पाठकवाट प्रशस्त सहानुभूति पाएको छ भने रिकुटेले निकै तिरस्कार वटुलेको छ। रिकुटेमा आधुनिकताको रौनक आएको छ भने मोटे कार्कीमा परम्पराको प्रभाव हराएको छैन। रिकुटे भारतमा वसेर होला, हिन्दी भाषावाट निकै प्रभावित छ भने मोटे कार्की स्वाभाविक गाउँले वोलीवाट रत्तीभर चुकेको छैन। मोटे कार्कीले उपन्यासकारको पनि समर्थन पाएको छ भने रिकुटेले यो स्वभावतः गुमाएको छ। यसरी उपन्यासकार छेत्रीले प्रस्तुत उपन्यासमा मोटे कार्की र रिकुटेलाई उस्तै उस्तै समाज, संस्कृति, सभ्यता र बौद्धिक धरातलमा उभ्याएर पनि दुवैको चरित्रमा आकाश-पातालको अन्तर देखाएका छन्।

कवि धरणीधर कोइराला पुरस्कार

– रमेशजङ्ग सिजापति "आश्रित"

१. परिचय– नेपाली भाषा, साहित्य, कला, संस्कृतिको संरक्षण संवर्द्धन र राष्ट्रिय प्रतिभाहरूको कदर र सम्मान गर्ने उद्देश्यले कवि धरणीधर कोइरालाको ९६ औं जन्म जयन्तीको अवसरमा वि. सं. २०४५ साल माघ २४ गते कवि धरणीधर कोइराला पुरस्कार प्रतिष्ठानको स्थापना भएको हो ।

यो प्रतिष्ठान मोरङ्ग जिल्ला कार्यालयमा विधिवत दर्ता भएको (दर्ता नं. ११३) छ । भू. पू. प्रधानमन्त्री तथा साहित्यकार श्री मातृकाप्रसाद कोइरालाबाट विधिवत उद्घाटन गरिएको थियो । यस प्रतिष्ठानका संस्थापक श्री कृष्णराज कोइराला हुनु हुन्छ ।

प्रत्येक वर्ष पुरस्कारको लागि कवि तथा साहित्यकारहरूलाई पुरस्कार छनौटका लागि आफ्नो कृतिहरू पठाउन आव्हान गरी प्राप्त भएका कृतिहरू पुरस्कार निर्णायक मण्डलमा पठाई निर्णायक मण्डलबाट उत्कृष्ठ ठहराई सिफारिश गरेको कृति वा लेखकलाई प्रत्येक वर्ष माघ २४ गते अर्थात् कवि धरणीधर कोइरालाको जन्म जयन्तीको दिन औपचारिक रूपमा पुरस्कार प्रदान गरिन्छ ।

प्रतिष्ठानको हालको सम्पत्ति (०–१–१० जग्गा) र रू. १ लाख ४ हजार अक्षयकोष रहेको छ । अक्षयकोषको वार्षिक व्याजबाट प्रतिष्ठानको कार्य सञ्चालन र पुरस्कार दिइन्छ ।

कवि धरणीधर कोइराला पुरस्कार प्रत्येक वर्ष एक पटक वि. सं. २०४६ साल देखि दिन थालेको हो । पुरस्कारको राशि २०४६ सालमा रू. ५,०००।– (पांच हजार) २०४७ सालमा रू. ७,०००।– (सात हजार) २०४८ सालमा पुरस्कार प्रदान गरिएन २०४९ सालमा रू. १०,०००।– (दश हजार) र प्रमाण-पत्र प्रदान गरिएको थियो ।

यस पुरस्कारबाट श्री अच्चुतरमण अधिकारी, श्री कृष्णचन्द्र सिंह प्रधान र श्रीमती गीता केशरी सम्मानित भई सकेका छन् ।

२. **उद्देश्य:**— नेपाली भाषा साहित्य, कला, संस्कृतको संरक्षण र सम्वर्द्धनका लागि उत्कृष्ठ रचनाहरूलाई पुरस्कृत एवं प्रकाशित गर्ने । राष्ट्रिय प्रतिभाहरूको सम्मानका लागि आवश्यक कार्यक्रमहरू सञ्चालन गर्ने राष्ट्रिय विभूतिहरूको सम्मानमा पुस्तकालय, वाचनालय, पार्क, प्रतिमा इत्यादि स्थापना गर्ने उद्देश्य रहेको छ ।

३. **संस्था र व्यक्ति:**— नेपाली जातिका चेतना, नेपाली जनतालाई स्वतन्त्रताका पखेटा फर्फराउने प्रेरणा दिने कवि धरणीधर कोइरालाको सम्मानमा (स्मृतिमा) उनको ९६ औं जन्म जयन्तीको अवसरमा कवि धरणीधर कोइराला पुरस्कार प्रतिष्ठान वि. सं. २०४६ साल माघ २४ गते स्थापना भएको हो ।

कवि धरणीधर कोइरालाको संक्षिप्त जीवनी— पूर्व २ नं. रामेछाप दुम्जामा १९४९ सालमा माघ २४ गते मङ्गलवार जन्म । वनारस, कलकत्ता, र ढाका समेत तीन ठाउँमा अध्ययन गरी वी. ए, वी. टी. पास । दार्जिलिङ्गमा मास्टर, हेडमास्टर, शिक्षा अफिसर आदि । नेपाल आगमन पछि फर्पिङ्गको त्रिभुवन आदर्श विद्यालयको प्रिन्सिपल । पछि स्वतन्त्र जीवन, कहिले दार्जिलिङ्ग कहिले काठमाडौं । सन् १९२४ मा दार्जिलिङ्गमा नेपाली साहित्य सम्मेलनका एक संस्थापक । २०२२ सालमा शाही नेपाल एकेडेमीको 'त्रिभुवन पुरस्कार'' का चौथा विजेता । दुई विवाह, एकको मृत्यु । एक छोरा र एक छोरी ।

दार्जिलिङ्गमा 'सूधपा' (सूर्यविक्रम ज्ञवाली, धरणीधर कोइराला र पारसमणि प्रधान) को त्रिमूर्ति— एक शक्तिको माध्यमद्वारा नेपाली साहित्य र संस्कृतिलाई सुदृढ पार्नमा जागरण गायन र कविताद्वारा नव क्रान्ति शुरू गराउनमा एक प्रमुख हात रहेका धरणीधर कोइरालाको मुहार झण्डै अन्तिम समयसम्म त्यत्तिकै उज्यालो— कान्तिमय देखिन्थ्यो । उहाँमा झल्कने जोश र उमङ्ग अव कुनै नयाँ कार्यको लागि प्रयोग हुन थालेको छ कि भन्ने भान सदा भइरहन्थ्यो । उहाँसँग भेटेर आउने व्यक्तिमा पनि कोइरालाको स्फूर्ति सञ्चार हुन्थ्यो ।

आफ्नो जीवनकालको अन्तिम केही वर्ष छोरी–ज्वाईसँग (डिल्लीबजार) बिताउनु भए तापनि त्रिभुवन आदर्श विद्यालयबाट अवकाश ग्रहण गर्नु भएपछि घर समेत वेची फर्पिङ्गबाट पूरा विदा लिएर त्यसपछिका धेरै वर्ष उहाँले श्री दीर्घराज कोइरालाको चाबहिल महांकाल स्थिति निवासास्थनमा बिताउनु भएको थियो । पछि उहाँ सनातन धर्म सेवा समितिका संस्थापक केही वर्ष अध्यक्ष पनि हुनु भएको थियो ।) र अन्य साहित्यिक तथा सामाजिक

गतिविधिमा सक्रिय भएर ती अवधि व्यतित गर्नु भएको थियो । लेखन-पठन वाट एक किसिमले विदा लिई सक्नु भएकोले उहाँ धेरै जसो प्रवचन र श्रवण-वाट नै आपनो काम चलाउनु हुन्थ्यो ।

अवकास अवधि ताका उहाँले एक सानो पुस्तिका 'धरणीधर' तयार पार्नु भएको थियो जुन उहाँको संक्षिप्त सारयुक्त आत्मकथा जस्तै छ । केही क्यासेट्स टेपमा वासुदेव लुइँटेलले धरणीधर कोइरालाकै स्वरमा उहाँको आत्मकथा भर्न लगाएर आफूसँग सुरक्षित राख्नु भएको छ ।

वि. सं. २०२९ साल माघमा धरणीधर असी वर्ष पुगेर एकासी वर्ष लाग्नु भएको उपलक्ष्यमा साहित्यिक पत्रकार सङ्घको आयोजनामा काठाडौंमा उहाँको रथ यात्रा र सार्वजनिक अभिनन्दन गरियो । यसलाई उहाँको लामो तपस्याप्रति नेपाली समाजको गहिरो कृतज्ञताको अभिव्यक्ति ठान्नु उपर्युक्त हुन्छ । उहाँ वि॰ सं. २०३१ सालदेखि नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानका मानार्थ आजीवन सदस्य हुनु हुन्थ्यो ।

त्रिभुवन विश्वविद्यालयले वि. सं. २०३४ सालमा आजीवन नेपाली समाजको जागृतिको व्रत अङ्गीकार गर्ने अगुवा कवि र नेपाली भाषा र साहित्यका विख्यात वयोबृद्ध योद्धा श्री धरणीधर कोइरालाको विशिष्ट साधना र अनुष्ठानका सम्मानमा सम्मानार्थ महाविधावारिधी उपाधि प्रदान गरेको थियो ।

वि. सं. २०३६ माघ २६ गते विहान आर्यघाटमा ८७ वर्षको उमेरमा एक युग ढाकेका व्यक्तित्वको अन्त्य भयो ।

उहाँका प्रकाशित कृतिहरु:—

१. नैवेध
२ श्रीमद्भगदगीता
३. स्पन्दन
४, नेपाल मञ्जरी
५. पञ्चामृत
६. लोकको राज
७. हाम्रो काम
८. मनुष्यजीवनको महत्त्व
९. मेरो वक्तव्य
१०. धरणीधर कोइराला (आत्मकथा)
१२. सर राल्फ लिली टर्नरको तुलनात्मक व्युत्पत्तिमूलक नेपाली शब्दकोषको सम्पादनमा सहयोग गरेको । वि. सं १९७२ तिर वनारसबाट प्रकाशित

गोर्खाली (साप्ताहिक) पत्रिकाबाट आफ्नो अभियान शुरू गर्नु भएको देखिन्छ ।

४. **मूलधन र पुरस्कारको राशि–** कवि धरणीधर कोइराला पुरस्कार प्रतिष्ठानको आर्थिक स्रोत– सदस्य शुल्कबाट प्राप्त रकम, विभिन्न व्यक्ति वा सङ्घ संस्थाबाट प्राप्त चन्दा, दान, दातव्य, उपहार, अनुदानबाट प्राप्त रकम वा जिन्सी नै प्रतिष्ठानको चल–अचल सम्पत्ति हुनेछ । हाल प्रतिष्ठानको चल–अचल सम्पत्ति (०–१–१० जग्गा) र रू. १ लाख ४ हजार नगद मूलधन बैङ्कमा राखिएको छ सो मूलधनबाट वार्षिक प्राप्त हुने व्याजबाट प्रतिष्ठानको कार्य सञ्चालन गरिन्छ ।

कवि धरणीधर कोइराला पुरस्कारको राशि वि. सं. २०४६ सालमा रू ५०००।, २०४७ सालमा रू. ७०००।–, २०४९ सालमा रू. १०,०००।– नगद पुरस्कार प्रदान गरियो ।

५. **पुरस्कृत प्रतिभाको मूल्याङ्कनको आधार–** नेपाल अधिराज्यबाट नेपाली भाषामा लेखिएको साहित्यको कुनै पनि विधाका प्रकाशित कृति हुनु पर्ने, प्रत्येक वर्ष पुरस्कारको लागि लेखकहरूलाई आफ्ना प्रकाशित कृतिहरू पठाउन आव्हान गरिन्छ । प्रतिष्ठानमा प्राप्त कृतिहरू पुरस्कार निर्णायक मण्डलले मूल्याङ्कन गर्दछ । निर्णायक मण्डलले उत्कृष्ट ठहराएको कृतिलाई लेखकलाई त्यो वर्षको कवि धरणीधर कोइराला पुरस्कार समर्पण गरिन्छ ।

६. **पुरस्कृत प्रतिभाको छनौट पुरस्कृत विधा पुरस्कार वितरण वर्ष–**

साल	विधा	पुस्तकको नाउँ	लेखक
२०४६	समालोचना	विवेचनै विवेचना	श्री अच्चुतरमण अधिकारी
२०४७	निबन्ध--	पाइला आगातमा टेकेर--	श्री कृष्णचन्द्र सिंह प्रधान
२०४८	– – –	यस वर्ष कसैलाई दिइएन ।	
२०४९	उपन्यास–	मुक्ती	श्रीमती गीता केशरी

सन्दर्भ सहायक

१. कवि धरणीधर कोइराला पुरस्कार प्रतिष्ठानबाट प्राप्त कागजात

२. स्रष्टा र साहित्य

३. अमर प्राज्ञ

(भाषा, साहित्य र संस्कृतिको क्षेत्रमा नेपालमा स्थापित पुरस्कार सम्बन्धी परिचय दिने क्रममा यो पहिलो रचना हो - संस्पादक)

कलाकार तीर्थ शेरचनसंगको कुराकानी

(करीब ५० वर्ष अघि गण्डकी अञ्चलको कास्की जिल्ला रानी पौवा बजारमा जन्मी बाल्यकालदेखि नै गीत, संगीत नृत्य, अभिनयमा साधनारत तीर्थ शेरचनले नाट्य कलामा भारतबाट एम. ए. पास गर्नु भएको छ। उहाँ सरल र शिष्ट स्वभावको कलाकार हुनुहुन्छ। उहाँले थुप्रै नाटक, चलचित्रहरूमा कला निर्देशन गर्नु भएको छ भने गीत गाउने, गीत रचना गर्ने, संगीत गर्ने तथा अभिनय पनि गर्दै आउनु भएको छ। नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानमा भेषभूषा प्रबन्धक पदमा कार्यरत श्री शेरचनसंग हाम्रा प्रतिनिधि रमेश जङ्ग सिजापति "आश्रितले गर्नु भएको कुराकानीको सार-संक्षेप।") —सम्पादक)

प्रश्न— तपाईलाई कला क्षेत्रमा लाग्न कसले प्रेरणा दिनुभयो ?

उत्तर— हाम्रो घर–परिवारमा मेरो दाज्यू नरबहादुर शेरचन गीत गाउने गर्नु हुन्थ्यो र हाम्रो घर अगाडी एउटा शोभा भगवतीको मन्दिर छ, त्यहाँ टोलका गुठियार दाजुभाइहरूबाट नित्य भजन हुने गर्दथ्यो अनि म पनि जाने गर्दथें। सानै उमेरदेखि नै म मा गीत संगीत प्रति अभिरुचि बढेर आयो। आमाले मेरो रुचि देखेर हार्मोनियम किनिदिनुभयो। पछि विभिन्न गुरूज्यूहरूबाट सिकें अनि संगीत र नाट्य कलामा नै साधनारत रहेको हुँ।

प्रश्न— कला क्षेत्रमा लागेपछि जीवनमा के उपलब्धि वा हानि भयो ?

उत्तर— कला क्षेत्रमा लागेपछि जीवनमा उपलब्धि बाहिरबाट लोकप्रियता आर्जन गरियो भने हानि, घर परिवारबाट तिरष्कृत भएको महसूस भयो।

प्रश्न– तपाई गीत, संगीत, नाटचकला विययमा निपुण हुनुहुन्छ तर किन उत्साही भने देखिनुहुन्न खास कारण केहोला ?

उत्तर– मलाई यी विषयमा निपुण भन्नुभयो निपुण छु, जुन विषयमा त्यस अनुसार कार्यक्षेत्रमा व्यस्त चाहिं छैन तापनि म आफूलाई हमेशा उत्साहित नै राख्ने प्रयास गर्दछु ।

प्रश्न– तपाई त संगीतकार, निर्देशक, रङ्गकर्मी, यी विधा मध्ये विशेष कुन विधालाई रूचाउनुहुन्छ ?

उत्तर– मलाई संगीत र नाटच विधा मनपर्छ ।

प्रश्न– अब त नेपालमा पनि कला संगीत क्षेत्रमा प्रतिस्पर्धा आइसक्यो तर तपाई आपनो प्रतिभालाई लुकाई राख्नु हुन्छ यसरी वस्दा आपना समकालीनको तुलनामा खिन्नता वोध हुन्न ?

उत्तर– हो नेपालमा कला संगीतको क्षेत्रमा केही हुन लागेको छ तर जसरी हुनु पर्दछ त्यो हुनलाई अझ एक दुई दशक जति लाग्नेछ । मेरो प्रतिभाको सन्दर्भमा उपयुक्त समय र स्थानमा नै प्रदर्शन गर्न उपयुक्त होला जस्तो लाग्दछ ।

प्रश्न– एउटा कलाकारको हैसियतले वर्तमान कलाको हिडाइलाई कसरी मूल्याङ्कन गर्नुहुन्छ ?

उत्तर– वर्तमान कला जसो तसो पाइला सार्ने प्रयासमा रहेको छ । जे होस् नहुने मामा भन्दा कानो मामा निको भनेझैं केही हुने लक्षण देखिएको छ ।

प्रश्न– पूर्वीय र पाचात्य रङ्गमञ्च माझमा नेपाली रङ्गमञ्चको कस्तो पन वा भेद पाइन्छ ?

उत्तर– पूर्वीय र पाचात्य रङ्गमञ्च वारे–पूर्वीय रङ्गमञ्च आज सम्म पनि त्यस्तै अवस्थामा छ जुन पहिले थियो । पाचात्य रङ्गमञ्चको धेरै विकास भईसकेको छ जस्तो कि बटन दबाइ दियो भने टर्मेन्टर पर्दा र स्टेज सम्म पनि स्वचालित जस्तै क्षणमा आफसे आफ चलेर परिवर्तन हुन्छ । पूर्वीय रङ्गमञ्चको लागि अझ पनि वुझ्ने दर्शकहरूको कमी नै छ । पश्चिमीमा चलचित्र भन्दा रङ्गमञ्च वुझ्ने दर्शकहरू वढी छन् । पूर्वीय र पाचात्य रङ्गमञ्चमा आकाश पातल फरक छ । नेपालमा त रङ्गमञ्च वुझ्ने त परै जाओस हात समाएर लग्दा पनि हेर्न नवसनेहरूको संख्या बढी छ अनि पाचात्यको त यहाँ कुरै नगरे पनि हुन्छ ।

प्रश्न– तपाई त लोक गायक पनि हुनुहुन्छ आजकाल रेकर्ड भई बज्न थालेका सबै लोक गीत मौलिक हुन्? होइनन् भने कस्तो हुनु पर्छ ? यसको लागि सम्वन्धित निकायले कस्तो कदम चाल्नुपर्ला ?

उत्तर– लोक गीत समाजका विभिन्न चाडपर्व, रीतिरिवाज बाट प्रभावित समाजका जनजातिको विचार लोक लयमा व्यक्त गर्ने सुन्दर अभिव्यक्ति हुन्छ जो प्राचीन समयदेखि चलि आएको हुन्छ र यसको भिन्नै मौलिकता हुन्छ र यसमा समानता, स्थायित्व र रञ्जकता हुन्छ। लोकगीत बनाएर बनाइँदैन त्यो आफैं बन्दछ। आजकाल कोठे गीतहरूलाई लोक शैलीमा ढालेर गाएको पाइन्छ ती सबैलाई लोक गीत भन्न मिल्दैन। सम्बन्धित निकायले लोक गीत र लोक नृत्य खोज गर्न नितान्त जरूरी छ। यसको मौलिक रूप पत्ता लगाई संरक्षण र सम्वर्द्धन गर्नु आवश्यक छ।

प्रश्न– नेपालमा कला–संगीतको छुट्टै एकेडेमीको आवश्यकता देख्नुहुन्छ ?

उत्तर– कलाका प्रतिभाहरू यसमा सम्पूर्ण समेटिन नसक्ने भएमा अर्को छुट्टै बन्न आवश्यक पर्ला हैन भने अर्को बन्ने बजेटले यसैको सुधार गरेर सुधारिएको एकेडेमी यसै लाई नै गराए के होला ? आखिर कला, संगीतको विकास गर्नु न हो ?

प्रश्न– के नेपाली कलाकारहरूको सम्मान नेपालमा भएको ठान्नुहुन्छ ?

उत्तर– यो मेरो व्यक्तिगत धारणा हो कसैको बेग्लै हुन सक्छ। नेपालमा कलाकारहरूको इज्जत र सम्मान भएको जस्तो लाग्दैन। नेपाली कलाकारको इज्जत नेपालीले नै सर्वप्रथम राख्न सके अन्य मुलुकले पनि राख्नेछन्। कला र कलाकारहरूले सम्मान नपाए पनि आफ्नो साधनामा समर्पित रहेमा समयले अवश्य सम्मानित गर्नेछ, सन्देह छैन।

प्रश्न– कला क्षेत्रमा लाग्न खोज्ने नयाँ प्रतिभाहरूलाई केही भन्नुहुन्छ कि ?

उत्तर– कला क्षेत्रमा लाग्न चाहनु हुने नयाँ प्रतिभा प्रति मेरो के भन्नु छ भने कला विषयमा पनि सैद्धान्तिक र व्यावहारिक ज्ञान हासिल गर्नु आवश्यक छ। जसो तसो काम चलाउ ज्ञान हासिल गरी यस क्षेत्रमा लाग्दा भविष्यमा प्रगतिको लागि बाधा पुग्न सक्छ र पछि पछुताउ हुन्छ।

गीताञ्जलि छापखाना, ज्ञानेश्वर, ढुङ्गेधारा